# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **डि.बी. इलामेको 'मुलुकभित्र' उपन्यासमा पात्र विधान** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम नेपाली विभागको स्नातकोत्तर तहको दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ विषय परिचय

वि. सं २००९साल भाद्र शुक्ल नवमीका दिन नेपालको पूर्वी पहाडकोसुन्दर नगरी इलामको गोलाखर्क भन्ने जन्मिएका डि.बी. इलामे (डिकबहादुर वस्नेत) लाई साहित्यको क्षेत्रमा बहुमुखी प्रतिभाका धनी व्यक्तिका रूपमा चिन्न सकिन्छ । समाजमा घटेका यथार्थ घटना, मानिसको यथार्थ जीवन भोगाइ तथा समसामयिक विषयवस्तुलाई आफ्ना रचनाहरूमा समावेश गर्ने इलामेका 'नदीका दुई किनार' (कविता : २०५२), 'बैँशको फूल' (खण्डकाव्य : २०५४), 'विलाप लहरी' (खण्डकाव्य : २०५५) चार्म आफ व्युटी (अङ्ग्रेजी कविता : २०६१), 'आखिरी जिन्दगी' (उपन्यास : २०६६), 'मुलुकभित्र' (उपन्यास : २०७२) जस्ता कृतिहरू प्रकाशित छन् । विभिन्न मानसम्मानहरूबाट सम्मानित इलामे विभिन्न सामाजिक संघसंस्थाहरूमा पनिसंलग्न छन् । यिनै इलामेद्वारा लिखित 'मुलुकभित्र' उपन्यासमा प्रयुक्त पात्रहरूको चरित्रचित्रण तथा विशेषतालाई यस अध्ययनमा प्रष्ट पारिएको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यमा आख्यानकार तथा कवि व्यक्तित्वका रूपमा स्थापित भएका डि.बी. इलामेले नेपाली साहित्यको गुणात्मक भण्डारणमा उल्लेखनीय योगदान दिइरहेका छन् । नेपाली उपन्यास तथा काव्यलाई मानव जीवनको यथार्थ ऐनाका रूपमा प्रस्तुत गर्ने इलामे नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनी व्यक्तिका रूपमा चिनिन सक्छन् । तिनै साहित्यकार इलामेको उपन्यास 'मुलुकभित्र' को कृतिपरक अध्ययन भइसके तापनि पात्रविधानका बारेमा कुनै अनुसन्धान भएको छैन । त्यसैले उनको उपन्यासका पात्रहरूमा केन्द्रित रहेर तिनीहरूको चरित्रचित्रणका साथै पात्रहरूको उपस्थितिको अवस्थाको बारेमा अध्ययन तथा विश्लेषण गर्नु यस शोधको प्रमुख समस्या हो । प्रस्तुत शोधकार्यका समस्याहरूलाई यसरी प्रस्तुत गरिएको छ ।

क) डि.बी. इलामेको साहित्यिक व्यक्तित्व के कस्तो रहेको छ ?

ख) 'मुलुकभित्र' उपन्यासका पात्रहरू कस्ता प्रवृत्तिका छन् ?

ग) 'मुलुकभित्र' उपन्यासका पात्रहरूको कसरी चरित्र चित्रण गर्न सकिन्छ ?

यिनै समस्याहरूमा केन्द्रीत रही स्पष्ट, व्यवस्थित तथा वैज्ञानिक व्याख्या विश्लेषणका लागि यो शोधकार्य गरिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

यस शोधपत्रमा उल्लिखित समस्याहरूमा आधारित प्रश्नहरूको निरुपण गरिएको छ । साथै निम्न उद्देश्यमा आधारित रहेर शोधकार्य सम्पन्न गरिएको छ ।

क) डि.बी. इलामेको साहित्यिक व्यक्तित्वको व्याख्या गर्नु

ख) 'मुलुकभित्र' उपन्यासका पात्रहरूको प्रवृत्तिको व्याख्या गर्नु

ग) 'मुलुकभित्र' उपन्यासका पात्रहरूको भूमिकाको व्याख्या गर्नु तथा चरित्र चित्रण गर्नु

## १.६ पूर्वकार्यको समीक्षा

इलाम जिल्लामा जन्मिएर सोही ठाउँमा आफ्नो साहित्य यात्रा अगाडि बढाइरहेका उपन्यासकार डि.बी. इलामेको ‘मुलुकभित्र’ उपन्यास (२०७२) सालमा प्रकाशित भएको हो । बहुआयामिक व्यक्तित्वका धनी स्रष्टा इलामे धेरै वर्षदेखि साहित्यिक संघ संस्थामा आबद्ध भई लेखनमा व्यस्त छन् । वर्तमान समाजबाट विषयवस्तु ग्रहण गरी मानवीय अस्तित्व बचाउने मानवतावादी कृतिहरूको रचना गर्दै अगाडि बढिरहेका स्थापित साहित्यकार इलामे उपन्यासमार्फत युगीन जीवन भोगाइ र परिस्थितिको उद्घाटनमा व्यस्त छन् । उनको ‘मुलुकभित्र’ उपन्यासका बारेमा भएका पूर्वकार्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

केशबहादुर राईले ‘मुलुकभित्र’ उपन्यासको भूमिका ‘मुलुकभित्र उपन्यासको सेरोफेरो हेर्दा’ शीर्षकमा यस उपन्यासका मुख्य पक्षको विश्लेषण प्रस्तुत गरेका छन् । जनमत सङ्ग्रह, २०४५ सालको विनाशकारी भूकम्प, १२ निर्दोष नेपाली मारिएको इराक घटना, संविधान सभाको निर्माणसम्मका घटनाहरू यसमा समेटिएका छन् भन्ने कुरा राईले उल्लेख गरेका छन् । निरन्तर सामाजिक परिवर्तनको मध्यबिन्दुमा उभिएर खस्रो मसिनोको निर्णयलाई आख्यानात्मक रूप दिन लेखक सफल बनेको चर्चा यसको भूमिकामा उल्लेख छ ।

श्रीमती नीरमाया वस्नेत जो यस उपन्यासकी प्रकाशिका हुन् उनको भनाइ अनुसार मुलुकका पछिल्ला कालखण्डका सङ्गति र विसङ्गति आदिका समसामयिक विषयवस्तुलाई उपन्यासकारले समेट्न सकेको पाइन्छ । यसमा कथावस्तु र शीर्षक बीचको सार्थक सन्तुलन रहेको प्रकाशिकाको ठहर छ ।

समालोचक तथा प्राध्यापक डा. राजेन्द्र सुवेदीले उनको आखिर जिन्दगी उपन्यासमा सम्मति शीर्षकको लेख प्रकाशन गरेका छन् । जसमा “देशको कुनै एक सहरभन्दा निकै टाढा बसेर जीवननिर्वाह गरिरहेका उपन्यासकार इलामे पात्रको निकटतामा पुग्न सफल बनेका छन्” भनेर इलामेको यथार्थ पात्रका माध्यमबाट उपन्यासको कथावस्तु सम्पूर्णतामा पुगेको समीक्षा प्रस्तुत गरेका छन् ।

बुद्धिप्रसाद घिमिरेले इलामेको आखिर जिन्दगी उपन्यासको शुभकामना लेखमा "असल कवि, असल आख्यानकार पनि हुन सक्छ भन्ने भनाइलाई सार्थकता र सफलता दिएको कुरा सर्जक इलामेको यथार्थवादी लघु उपन्यास आखिर जिन्दगीले साँच्चै चरितार्थ गरेको छ " भन्ने कुराको उल्लेख गरी साही लघु उपन्यासले असल आख्यानकारका रूपमा स्थापित गरिसकेको कुरा चर्चा गरेका छन् ।

प्रेमकुमारी अधिकारीको अप्रकाशित शोधपत्र साहित्यकार डि.बी. इलामेको 'मुलुकभित्र' उपन्यासको कृतिपरक अध्ययन २०७३ मा 'मुलुकभित्र' उपन्यासको तत्वका आधारमा कृतिपरक अध्ययन गरिएको छ । "पुरानो पुस्ताका भूगोलदेव र नयाँ पुस्ताका पर्वतमान पहाडी मैदानसिं हिमाली जस्ता पात्रका बीचमा द्वन्द्व सिर्जना गरेर पुरानो पुस्ताका नैतिक तथा अअदर्श विचारबाट नयाँ पुस्ता प्रभावित बन्न सक्नुपर्ने आग्रह उपन्यासमा व्यक्त गरेका छन्" भन्ने विचार यस अप्रकाशित शोधपत्रमा गरिएको छ ।

यस उपन्यासको पात्र विधानका दृष्टिले भने अध्ययन नभएकाले यो शोधकार्य गरिएको हो ।

## १.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

'मुलुकभित्र' उपन्यास समसामयिक उपन्यास हो । यसभन्दा अगाडि यो उपन्यासका चरित्रको भूमिका वा कार्यका आधारमा अध्ययन तथा विश्लेषण नगरिएको हुँदा यसविषयमा अध्ययन तथा विश्लेषण गर्नु उचित रहेको छ ।

यस उपन्यासको कृतिपरक अध्ययन गरिएको भए तापनि पात्रविधानका आधारमा उपन्यासमा रहेका पात्रहरूको अध्ययन विश्लेषण भएको छैन । त्यसकारण इलामेको 'मुलुकभित्र' उपन्यासका पात्रहरूका बारेमा जान्न चाहने जो कोही पाठक तथा समालोचकहरूका लागि यो अध्ययन औचित्यपूर्ण तथा महत्त्वपूर्ण रहेको छ ।

## १.८ शोधको सीमा

यो अध्ययन कार्य डि.बी. इलामेको उपन्यास 'मुलुकभित्र' (२०७२) को पात्रविधानमा सीमित रहेको छ । विभिन्न दृष्टिकोणले पात्रहरूको भूमिका, स्थान, पात्रहरूको प्रतिनिधित्व, जीवन चेतना जस्ता पक्षबाट पात्रहरूको अध्ययन गरिएको छ । यस उपन्यासमा भएका पात्रहरूमध्ये प्रमुख पात्रहरू भूगोलदेव, जननी, पर्वतमान, मैदानसिं र हिमालीको बारेमा मात्र यस शोधकार्यमा अध्ययन गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्नका लागि निम्नलिखित विधिको प्रयोग गरिएको छ ।

क) ऐतिहासिक विधि

ख) वर्णनात्मक विधि

ग) तुलनात्मक विधि

## १.१० सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि प्रथमिक र द्वितीयक दुबै स्रोत उपयोग गरिएको छ ।

क) प्राथमिक स्रोत : लेखकको रचना, विभिन्न तथ्य, तथ्याङ्क, व्यक्तिगत अन्तर्वार्ताबाट सङ्कलित

ख) द्वितीयक स्रोत : पुस्तकालयीय विधि, लेख रचनाहरू, सन्दर्भ पुस्तक आदि

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न अनुसारको रूपरेखामा प्रस्तुत गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : उपन्यासकार डि.बी. इलामेको वैयक्तिक जीवन र साहित्य यात्रा

तेस्रो परिच्छेद : उपन्यासको सैद्धान्तिक मान्यता र परम्परा

चौथो परिच्छेद : 'मुलुकभित्र' उपन्यासमा पात्रविधान

पाचौँ परिच्छेद : उपसंहार तथा निष्कर्ष

सन्दर्भसूची

# दोस्रो परिच्छेद

# उपन्यासकार डि.बी. इलामेको वैयक्तिक जीवन र साहित्यिक व्यक्तित्वको चिनारी

## २.१ व्यक्तिगत जीवन

### २.१.१ जन्म, जन्मस्थान र बाल्यकाल

नेपाल राज्यका सात प्रदेश ७७ जिल्लामध्ये प्रदेश १ अन्तर्गत पर्ने इलाम जिल्ला एक पहाडी जिलला हो । यस जिल्लाको सदरमुकाम इलाम नरगरपालिकाको गोलाखर्क भन्ने ठाउामा वि.सं. २००९ साल भाद्र १४ गतेका दिन डिकबहादुर वस्नेतको जन्म भएको हो । उनका पिताको नाम खड्गबहादुर र माताको नाम महेश्वरी वस्नेत हो । खड्गबहादुर वस्नेतका तीन छोराहरू तुलविक्रम, डिकबहादुर र दिलबहादुर र दुई छोरीहरू खिनेश्वरी र कृष्णकुमारी गरी जममा पाँच सन्तान थिए । त्यसमा माइला छोरा डिकबहादुर वस्नेत हुन् । यिनको बाल्यकाल आफ्नो घरायसी अवस्था अनुसार मातापिताको पालनपोषणमा नै बितेको थियो । (वस्नेतसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी)

आफ्ना मातापिताकै काखमा बाल्यकाल व्यतित गरेका वस्नेत केटाकेटी अवस्थादेखि नै तीक्ष्ण स्वभावका थिए । यिनी केही कुराबाट तुरुन्त प्रभाव ग्रहण गर्नसजग र चिन्तनशील थिए । घरमा बिहान बेलुका एवम् आराम गरेको समयमा पिताले वाचन गरेका महाभारत तथा भानुभक्तीय रामायणका श्लेकहरू ध्यानदिएर सुन्ने अनि जानीजानी आफू पनि अरूलाई सुनाउने गर्दथे । शारीरिक अवस्था स्वस्थ र फूर्तिलो भएकाले उनको बाल्यकाल तथा किशोरावस्था आरोग्यपूर्ण बितेको थियो । पछिल्ला दिनहरूमा सामान्य ग्यास्टिकका कारण केही सिकुटे ररोगी जस्ता देखिए तापनि आज ६६ वर्षको उमेरसम्म आउँदा यिनमा खासै दीर्घ रोग

केही नभएको कुरा डिकबहादुर बस्नेत बताउँछन् । (वस्नेतसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी)

उनको बाल्यकालको शैक्षिक वातावरण सुव्यवस्थित रूपमा बितेको पाइँदैन । त्यसबेला (२०२१) कोसमयमा गाउँ घरको रहनसहन र वातावरण आजको भन्दा बिल्कुलै फरक थियो र बाटो, बिजुली, पाठशाला, सञ्चारका विविध माध्यम अत्यन्तै कम थिए र पढनु र पढाउनु पर्छ भन्ने मानसिकताको त्यति विकास भएको थिएन । एकाध मानिसमा मात्र त्यस्तो मानसिकता घुसेको थियो । यसै परिप्रेक्ष्यमा बालक वस्नेतको परिवारमा उनका दाजुदिदीहरू पनि पाठशाला जाँदैनथे । उनीहरूको दैनिक काम गाई गोरु चराउने तथा बुबाआमालाई मेला पातमा सहयोग गर्नु नै थियो । डिकबहादुर वस्नेत पनि दस वर्षको उमेरसम्म त्यस्तै कामधन्दा गर्दथे । उनी साथीभाइसँग मिलेर खेल्न एवम् घुम्न जाने तथा गाईगोठाला जाने गर्दथे । साथीभाइसँग घुम्नु र आनन्द लिनु नै उनको बाल्यकालको दिनचर्या बनेको थियो । कहिले आफ्ना दाजुसँग मिलेर खोलातिर माछा मार्ने, दाउरा घाँस बटुल्ने तथा कहिले खोलाबाट रित्तै घर फर्कने गरी बुबाआमालाई आफूले सास्ती खुवाएको सम्झन्छन् । त्यस्तै कहिलेकाहीँ रिसले भोकै सुत्ने गरेकामा आमाले राती उठेर आमाले खुवाउनुभएका घटना पनि स्मरण गर्छन् । यस्ता घटना उनका बाल्यकालमा प्रशस्तै घटेका थिए । खोलामा माछा मार्न जाने क्रममा एक दिन उनी खोलामा डुबेको र टाउकोमा निकै ठूलो चोट लागेको, दोस्रो पटक पनि पौडिन नजानेर अन्दाजी दस-पन्ध्र मिनेट जति पानीमा डुब्दै निस्कँदै गरेका घटना उनको संस्मरणमा ताजै छ । यसैगरी उनकोएकदिन बाँसको घाँस काट्दा आफू चढेको बाँस पड्किएर पहरामा गएर ान्हरामा अल्झिएको घटना पनि उत्तिकै सम्झनामा आइरहेको बस्नेत बताउँछन् । (वस्नेतसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी)

यसरी बस्नेतको परिवारमा शैक्षिक वातावरण त्यति राम्रो थिएन । उनको पाठशाला प्रवेश गर्न अगाडिका बाल्यकाल घाँस, दाउरा बटुल्ने, साथीभाइसँग मिलेर खोलामा माछा मार्ने, कुद्ने सबैसँग मिलेर रमाइलो गर्दै सरल ढङ्गले बितेको पाइन्छ ।

### २.१.२ शिक्षादीक्षा

वस्नेतले औपचारिक शिक्षा सुरु गर्नु अघि प्रारम्भिक शिक्षा घरैमा प्राप्त गरेका थिए । उनको अक्षराम्भ नौ वर्षको उमेरमा भएको थियो । उनलाई स्थानीय तारा चौहानले अक्षराम्भ गरएका थिए । उनको अध्ययनको निरन्तरता भने एघार वर्षको उमेर भएपछि मात्र भएको पाइन्छ । स्थानीय एक व्यक्तिको थोत्रो घरमा क, ख पढ्न सुरु गरी सावाँ अक्षर चिन्ने र लेख्ने काम त्यही धुलौटे नाममात्रको पाठशालाबाट उनले सिकेका थिए । सामान्य पढ्न र लेख्न जान्ने भएपछि वस्नेत इलाम नगरपालिका वडा नं. ४ गोलाखर्ककै भगवती प्रा.वि.मा कक्षा एकमा वि.सं. २०२२ सालमा भर्ना भएका थिए । यहीँबाट उनको औपचारिक शिक्षा प्रारम्भ भएको थियो । उनले भगवती प्रा.वि.बाट पाँच कक्षासम्मको अध्ययन पूरा गरेका थिए । त्यहाँ पढ्दा वस्नेत प्रत्येक कक्षामा प्रथम स्थानमा उत्तीर्ण हुने गर्दथे । त्यसपछि कक्षा दससम्म श्री आदर्श मा.वि. इलाममा अध्ययन गरेका थिए । नौ कक्षासम्म उनी प्रथम स्थानमा उत्तीर्ण हुने गर्दथे भने प्रवेशिका परीक्षा वि.सं. २०३२ मा एक्जाम्टेड समूहबाट द्वितीय श्रेणीबाट उत्तीर्ण गरे । घरको कमजोर आर्थिक अवस्थाले गर्दा वस्नेत प्रवेशिका परीक्षा उत्तीर्ण गर्नु अघि नै नोकरीमा प्रवेश गर्न बाध्य भएका थिए । सर्वप्रथम वि.सं. २०३० साल माघ २४ गते मुखिया पदमा नियुक्त भई जिल्ला शिक्षा कार्यालय भद्रपुर झापामा काम गर्न थाले । उनी आफ्नो जागिरमा लागे पनि वस्नेतले अध्ययनलाई त्यसै छोडेनन् । वि.सं. २०४० सालमा प्रविणता प्रमाणपत्र तहमा भर्ना भई वि.सं. २०४२ सालमा पूरा गरे । त्यसपछि जागिरका विविध क्रम तथा व्यक्तिगत व्यस्तताका कारण अध्ययनलाई निरन्तरता दिन सकेनन् । पछि वि.सं. २०४५ सालमा स्नातक तह प्राइभेट विद्यार्थीका रूपमा प्रवेश गरी वि.सं.२०४९ सालमा स्नातक तहको परीक्षा उत्तीर्ण गरे । आफूमा रुचि र क्षमता भइकन पनिविविध कारणले गर्दा उनले त्यसपछिको अध्ययनलाई अगाडि बढाउन सकेनन् । आफूभित्रको शिक्षा आर्जनको अभिरुचि वस्नेतले विविध विषयमा स्वअध्ययन गरी पूरा गरेका छन् । उनमा नेपाली भाषाका अतिरिक्त अङ्ग्रेजी र हिन्दी भाषाको पनि राम्रो ज्ञान छ । (वस्नेतसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी)

### २.१.३ कार्यक्षेत्रमा प्रवेश र जागिरका विविध क्रम

वस्नेतको परिवारको आर्थिक अवस्थालाई हेर्दा निम्नमध्यम वर्गीय परिवारको जस्तो देखिन्छ । किनकि जीविकोपार्जनको स्रोत खेतीपातीमा आश्रित रहनुपरेकाले प्रवेशिका परीक्षा उत्तीर्ण नगरीकन नै उनले घरपरिवार धानन‌का लागि सानोतिनो नोकरी सुरु गर्नुपरेको थियो । उनले वि.सं. २०३० साल माघ २४ गते जि.शि.का.भद्रपुर झापामा मुखिया पदमा नियुक्ति लिई जागिर सुरु गरेका थिए । झापामा एक वर्ष बसेपछि उनको जि.शि.का. इलाममा खरिदार पदमा बढुवा भई सरुवा भयो । यहाँ उनले वि.सं. २०३४ साल फाल्गुणसम्म पदीय दायित्व बहन गर्दैल कार्यरत रहे । त्यसपछि फेरि का.मु ना.सु भएर जि.शि.का. भद्रपुर झापामा वि.सं. २०३४ फाल्गुण २५ गते काज सरुवा भएर आएका थिए । सो कार्यालयमा उनले २०३५ सालसम्म काम गरे । त्यसपछि वस्नेत आफ्नो दरबन्दी रहेको कार्यालय इलाममा सोही पदमा वि.सं. २०३५ साल जेष्ठसम्म कार्यरत रहे । त्यसपछि उनको सरुवा जि.शि.का. ताप्लेजुङमा भयो । त्यहाँ उनी तीन महिना जति बसे । तीन महिना पछि पुनः सरुवा मिलाएर जि.शि.का. इलाममा सोही पदमा आए । वि.सं. २०४९ साल माघमा उनको रा.प. अनंकित प्रथम श्रेणी ना सुमा बढुवा भयो । बढुवा पश्चात उनको सरुवा जि.शि.का. पाँचथरमा भयो । त्यहाँ केही समय काम गरेपछि मन्त्रालय परिवर्तन गरी वि.सं. २०४९ साल चेत्र २२ गते गृह मन्त्रालय अन्तर्गत जि.पं.का. महोत्तरीमा सोही पदमा सरुवा भएर गए । जि.प्र.का महोत्तरीमा उनले वि.स. २०५० साल माघ ३० गतेसम्म सेवा गरे । वि.सं. २०५० साल फाल्गुण १ गतेदेखि फेरि सरुवा भएर उनी जि. प्र. का. इलाममा नै फर्किए । यस कार्यालयमा सोही पदमा एक वर्ष सेवाकाल बिताएपछि फेरि उनको काज सरुवा कारागार शाखा इलाममा भयो । उक्त कार्यालयमा हाकिम पदमा वि.सं. २०५४ श्रावण १२ गते सरुवा भई गएका वस्नेतले केही वर्ष सेवा गरेपछि वि.सं. २०५७ साल फाल्गुण १८ गते स्वेच्छिक राजिनामा दिए । (वस्नेतसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी)

यसरी २०३० सालमा मुखिया पदबाट कार्य क्षेत्रमा प्रवेश गरी वस्नेतले लगभग तीन दशकको अवधि सरकारी नोकरीमा बिताएको देखिन्छ । अहिलेको प्रदेश १ का विभिनन जिल्ला नै वस्नेतको नोकरी क्षेत्र देखा पर्दछ । शिक्षा र गृह मन्त्रालयका जिल्लास्थित शाखा

कार्यालयहरूमा सामान्य र कार्यालय प्रमुखको पदीय जिममेवारी यिनले पूरा गरेको देखिन्छ । मुखिया पदबाट जागिर सुरु गरेका वस्नेतले खरिदार हुँदै ना.सु पदबाट स्वैच्छिक अवकाश लिएका छन् । अहिले नोकरी जीवनबाट अवकाश लिई इलाम फूलगाछीस्थित निजी घरमा सामान्य घरायसी काम रसाहित्य सिर्जना गर्दै दैनिक जीवनचर्या बिताउँदै आएका छन् ।

### २.१.४ दाम्पत्य जीवन र पारिवारिक स्थिति

डि.बी इलामेको परिवारमा जेठा दाजुको विवाह गरी आफूलेपाउने पैतृक सम्पत्ति स्वरूप अंश लिएर छुट्टै बस्न थालेको, दिदीहरूको पनि सामाजिक परम्परा अनुसार विवाह भइसकेको हुँदा घरायसी कामधन्दा भ्याउन र व्यवहार थाम्न उनले विवाह गर्नुपर्ने परिवेशको सिर्जना भयो । त्यसैले वस्नेतको पच्चीस वर्षको उमेरमा वि.सं. २०३४ साल वैशाख २६ गते यलामकै इभाङ निवासी नरबहादुरथापाकी माइली छोरी नीरमायाका साथ वैदिक विधिविधान अनुरूप भएको थियो ।

वि.सं. २०३४ सालमा वस्नेतको विधिवत विवाह भएपछि उनको व्यवहारिक जीवन सुरु भएको हो । जीवनका सुखदुःखका दुई पाङ्ग्रा चल्दै जाँदा डिकबहादुर र नीरमायाका एक छोरी कमला वस्नेत र दुई दुई छोराहरू गोविन्द वस्नेत र सुवास वस्नेत गरी तीन सन्तानको जन्म भएको छ । उनको पहिलो सन्तानका रूपमा छोरी कमलाको जन्म वि.सं २०३५ साल माघ २५ गते भएको थियो । दोस्रो सन्तान गोविन्दको वि.सं. २०३७ साल असोजमा र कान्छो छोरा सुवासको वि.सं. २०४१ साल फाल्गुणमा भएको थियो । उनकी जेठी छोरी कमलाले महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामबाट प्रविणता प्रमाणपत्र तहको अध्ययन सुरु गरेकी थिइन् । पढ्दा पढ्दै उनको वि.सं. २०५५ सालमा झापा चन्द्रगढी निवासी चन्द्र राहुतका साथ विवाह भयो । कमलाले आफ्नै घर चन्द्रगढीबाट स्नातक तहसम्मको अध्ययन पूरा गरिन् र उनका एक छोरा, एक छोरी गरी दुई सन्तान छन् । उनका श्रीमान् चन्द्र राहुतको पढाइका निम्ति अमेरिका जाँदा सपरिवार गएकाले अहिले उनीहरू अमेरिकाको क्यालिफोर्निया भन्ने स्थानमा बसोबास गर्दछन् । इलामेका जेठा छोरा गोविन्द वस्नेतले स्नातक तहसम्मको अध्ययन म.र.ब. क्याम्पस इलाममा र स्नातकोत्तर तहको अध्ययन त्रिभुवन विश्वविद्यालयबाट पूरा गरी हाल झापा जिल्लाको सुरुङ्गा स्थित कन्काई क्याम्पसमा अङ्ग्रेजी विषयको अध्यापन गरिरहेका छन् । कान्छा छोरा सुवास

वस्नेतले प्रविणता प्रमाणपत्र तहसम्म मात्र अध्ययन गरी कम्प्युटर सम्बन्धी ज्ञान हासिल गरे र अहिले झापा जिल्लाको विर्तामोडमा कम्प्युटर, ल्यापटप मोबाइल आदि विद्युतीय सामग्रीको मर्मत तथा बिक्री गर्ने कार्य गरिरहेका छन् ।

डि.बी इलामेका छोराछोरीहरूले विवाह गरिसकेर आआफ्नो पेसा व्यवसाय अँगाल्ने क्रममा विभिन्न ठाउँहरूमा छरिएर रहेकाले घरमा इलामे र उनकी श्रीमती मात्र बस्ने गरेका छन् । समाजसेवी र साहित्यकार इलामेले आफ्नै पौरख र सम्पत्तिले आफ्ना सबै छोराछोरीहरूको कर्म धुमधामका साथ गर्न पाएकोमा उनी आफ्ना सन्तानहरूप्रति सन्तुष्ट रहेको कुरा बताउँछन् । (वस्नेतसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी)

## २.२ **साहित्यिक मान्यता र जीवनदृष्टि**

वस्नेतले साहित्यलाई लहडवाजी ठानेका छैनन् । साहित्य सिर्जनाका लागि साधना र तपस्या अपेक्षित मान्दछन् । उनी साहित्यलाई भावना र कल्पनाको दुनियाँबाट टाढा राख्दछन् । यिनको सिर्जना काल्पनिक र अलौकिक संसारमाभन्दा वास्तविकतामा अडिएको छ । (पन्थी : २०५२ : ४)

साहित्य सम्बन्धी वस्नेतको आफ्नै कथन यस्तो छ, "साहित्यलाई समाजको दर्पण मान्दै भावनात्मक र कलात्मक शैलीमा जीवन जगत्का यथार्थतालाई सुन्दर शब्दमा लिपिबद्ध गर्नु नै साहित्यको मूल मर्म हो ।"

वस्नेत राजनीति र साहित्यलाई एउटै परिवारका दुई सदस्य ठान्दछन् । संघीय समाजवादी फोरम पार्टीमा आबद्ध रहेका वस्नेत खुलेर राजनीति नगरे तापनि आफ्ना पार्टीका कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी हुन्छन् । पार्टीभित्र कसैले गल्ती गरेमा कसैको मुख नताकी निसङ्कोच रूपमा गाली गर्छन् । गल्तीलाई गल्ती भनेर ओकल्न र सहीलाई सही भनेर अघि बढ्ने वस्नेत राजनीति र साहित्यलाई एक अर्काका अन्योन्याश्रित ठान्दछन् तापनि राजनीति आँधी हो भने साहित्य फूलबारी हो भन्दछन् । स्वच्छन्दतावादी भावधारालाई वस्नेतले अँगाले तापनि सुन्दर अभिव्यक्तिका लागि परिष्कारको पनि उत्तिकै खाँचो पर्ने कुरा स्वीकार्दछन् । आजभोलि कृतिगत हेराइभन्दा व्यक्तिगत सम्पर्कलाई नै बढी मान्यता दिने चलन भएकाले

साहित्यकारहरूले उचित स्थान र सम्मान पाए जस्तो लाग्दैन । (ढुङ्गेल र दाहाल : २०५९ १०-२५)

यी कथनका आधारमा इलामेको साहित्यिक मान्यतालाई बुझ्न सकिन्छ । उनी समसामयिक विकृतिबाट दिक्दार रहेको पाइन्छ । साहित्यलाई राजनीतिक दासता र दबाबबाट मुक्त रहन दिनुपर्छ । राजनीतिले साहित्यलाई डोहोऱ्याउनु हुँदैन भन्ने मान्यता राख्ने वस्नेत कुनै पनि साहित्यक सभा समारोहमा हुने विविध गतिविधिहरूमा उद्घाटन, पुरस्कार वितरण, पुस्तक तथा पत्रपत्रिका विमोचन, सम्मान आदि कार्यहरू साहित्यिक व्यक्तित्वबाट नै सम्पन्न हुनुपर्दछ भन्ने बताउँछन् । वस्नेत पहिला पहिला राजनीतिक सभा समारोहमा खासै सहभागी हुँदैनथे । तरहाल उनी आफ्नो पार्टीको कार्यक्रम हुँदा कार्यक्रममा सहभागी हुने र सक्रिय भूमिका निभाउने गरेको उनी बताउँछन् । साहित्यको कुरा गर्दा वस्नेत प्रतिष्ठित साहित्यकारहरूको मात्रचर्चा नगरेर नयाँ साहित्यकारहरूका कृतिहरूलाई पनि मान्यता दिनुपर्छ दिनुपर्छ र प्रोत्साहित गर्नुपर्छ भनेर आफ्नो सम्पर्कमा आउने व्उक्तिलाई भन्दछन् । साहित्यप्रति अगाध स्नेहका कारण विभिन्न नयाँ नयाँ पत्रपत्रिकाहरू किनेर आफू पढ्ने र जिज्ञासु व्यक्तिलाई पढ्नदिने उनको रुचि छ । तपाईंको सबभन्दा रुचि केमा ? भन्ने प्रश्नको उत्तरमा उनी साहित्य नै बताउँछन् ।

वस्नेत आत्म स्वभिमानमा जोड दिन्छन् । उनी स्वार्थ सिद्धिका लागि कसैको पाउ मोल्न जाँदैनन् । अनैतिक र भ्रष्ट व्यक्तिलाई पटक्कै सङ्गतमा नलिने, सही र सत्य कुरामा पराइसँग पनि मिल्ने र आफू पनि अरूलाई अन्याय अत्याचार र शोषण दमन नगर्ने वस्नेतले निर्भीक रूपमा आफ्ना कुराहरू अरू सामु राख्दछन् । कर्म गर्नुपर्छ फल अवश्य मिल्नेछ भन्ने उनको जीवनदृष्टि रहेको बताउँछन् ।

## २.३ सम्मान तथा पुरस्कार

नेपाली साहित्यको फाँटमा कविता विधाबाट प्रवेश गरेका इलामेले अहिले पछिल्लो समयमा आएर कवितासँगै अन्य निबन्ध, उपन्यास कथा जस्ता विधाहरूमा पनि उत्तिकै कलम चलाएका छन् । उनको साहित्य सिर्जना शक्तिलाई अझ प्रोत्साहित गर्न केही संस्थाले सम्मानित एवम् पुरस्कृत गरेका छन् । उनलाई पुरस्कृत र सम्मानित गर्ने क्रममा वि.सं. २०४४ सालमा

'नउघ्रिएका आँखा' शीर्षकको कवितालाई नगर प्रतिभा शाखा इलामले पुरस्कृत एवम् सम्मानित गरेको छ भने वि.सं. २०५० सालमा नेपाल साहित्यिक गुठी काठमाडौँले प्रशंसा पत्र सहित सम्मान गरेको छ। त्यसैगरी वि.सं. २०६३ सालमा महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा भएको १९३ औँ भानु जयन्तीका अवसरमा भएको कविता गोष्ठीमा इलामेलाई पुरस्कृत गरिएको थियो। यता जि.वि.स.को कार्यालय इलाममा भएको भानुजयन्ती समारोहमा कवि वस्नेतको 'म हीमवासी' शीर्षकको कवितालाई भानुजयन्ती समारोह २०६७ ले पुरस्कृत गरेको थियो। यसका साथै वि.स. २०६८ मा देवकोटा शतवार्षिकी मूल समारोह समितिले सम्मानपत्र सहित साहित्यकार डि.बी. इलामेलाई सम्मानित गरेको छ। (अधिकारी २०७३, १७)

## २.४ डि.बी. इलामेको साहित्यिक यात्रा

### २.४.१ लेखन प्रेरणा र आरम्भ

वस्नेतको परिवारमा उनका अग्रजहरू सामान्य साक्षर मात्र थिए। आफ्ना पिताले वाचन गरेका महाभारत तथा भानुभक्तीय रामायणका श्लोकहरूले उनको बालमर्सतिष्कलाई निकै प्रभावित तुल्याएको थियो। पिताद्वारा वाचित श्लोकहरू ध्यानपूर्वक सुन्ने र आफू पनि जानी नजानी अरूलाई सुनाउने क्रमसँगै वस्नेतको कविताप्रति चासो जागेको देखिन्छ। यसका साथै कक्षा ५/६ मा पढ्दा देखि नै पुस्तकमा भएका कविताहरू पढेपछि उनलाई पनि कविता लेख्ने अभिरुचि बढेको थियो। यसरी पाठशालाको अध्ययनसँगै वस्नेत कविताप्रति बाह्यरूपमा प्रेरित भएका थिए। आफूलाई विद्यालयमा पढाउने सबै शिक्षकहरूबाट पनि साहित्यप्रति आकर्षित हुन थप उर्जा प्राप्त भएको कुरा वस्नेत बताउँछन्। नेपाली साहित्यमा पुराना प्रतिष्ठित साहित्यकारहरू लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, लीलबहादुर क्षत्री, बैरागी काइँला, मदनमणि दीक्षित, बालकृष्ण पोखरेल र नयाँ पिँढीका लेखकहरू राजेन्द्र सुवेदी, विष्णु नवीन, रामप्रसाद पोखरेल, तथा नवोदित लेखकहरू कृष्ण धरावासी, विमल वैद्यजस्ता व्यक्तिहरूबाट पनि उनमा प्रशस्त प्रभाव परेको कुरा पनि प्रष्ट पार्दछन्। यसरी पुराना प्रतिष्ठित लेखकहरू तथा नयाँ पिँढीका र नवोदित लेखकसँगको भेटवार्ता र सम्पर्कबाट अझ साहित्यप्रति लागि पर्ने बाह्य प्रेरणा मिलेको कुरा उनी बताउँछन्। (राई : २०६८ : ९)

नेपाली भाषा र साहित्यका लागि केही  गर्नुपर्छ भन्ने भावना लिएका वस्नेतले आफूलाई यसै क्षेत्रमा क्रियाशील तुल्याएका छन् । जागिर खाने सिलसिलामा पूर्वाञ्चलका विविध ठाउँहरूमा भएका र त्यहाँ देखे भोगेका समाजका वास्तविकता एवम् विसङ्गतिहरू नै वस्नेतलाई लेखनतर्फ उन्मुख गराउने आन्तरिक प्रेरणाका स्रोत हुन् । वस्नेत वि.सं. २०२१/०२२ देखि कविता लेखन कार्यमा लागेका थिए । सर्वप्रथम कविता लेख्दा एउटा अशक्त व्यक्तिलाई हिँड्न नसक्दा उसको साथीले बाटैमा छोडेको अवस्थामा भेट्टाएका थिए । त्यस व्यक्तिको कारुणिक अवस्था र व्यथा सुनेर प्रभावित भई एउटा कविता लेखेको बताउँछन् । उक्त कविता गोलाखर्कको गाउँमा नाटक मञ्चन गरिएको ठाउँमा सुनाएका थिए । त्यसपछि अध्ययन र जागिरका क्रममा फाट्टफुट्ट लेख्दै गरेको तर प्रकाशन चाहिँ धेरै पछि मात्र भएको पाइन्छ । उनको २०४० सालमा लेखिएका फाट्टफुट्ट केही कविताहरू त उपलब्ध छन् तर ती कविता सङ्ग्रहमा मात्र सङ्कलित छन् । यसरी २०२१/२२ सालदेखि कविता प्रति अभिरुचि जागेर कविता लेख्ने अभ्यास गरेका तथा २०४४ सालबाट मात्र सार्वजनिक रूपमा प्रकाशन हुन थालेको थियो । वि.सं. २०४४ सालमा रामप्रसाद पोखरेलको सम्पादनमा इलामबाट प्रकाशित हुने मेची प्रवाह साप्ताहिक पत्रिकामा प्रकाशित 'एउटा आभाष' शीर्षकको कविताबाट वस्नेतको औपचारिक लेखन कार्य प्रारम्भ भएको थियो । (अधिकारी : २०७३ : १९)

'एउटा आभाष' शीर्षकको कविता पछि पनि वस्नेतका विभिन्न पत्रपत्रिकाहरूमा कविता, निबन्ध, लेखहरू प्रकाशित हुँदै आएका छन् । हालसम्म उनका प्रकाशित कृतिहरूमा धेरैजसो कविता विधा अन्तर्गत नै रहेका र हालसम्म दुईवटा मात्र उपन्यास प्रकाशित भएका छन् । (राई : २०६० : १०)

## २.४.२ पुस्तकाकार कृतिहरूको सूची

कविताबाट सुरु भएको वस्नेतको औपचारिक साहित्यिक यात्रा हालमा आएर उपन्यासमा टुङ्गिएको भए तापनि उनका प्रकाशोन्मुख अवस्थामा रहेका कृतिहरूमा कविता, कथा र निबन्ध रहेको कुरा वस्नेतसँगको प्रत्यक्ष भेटवार्ताबाट थाहा हुन आएको छ । उनका अहिलेसम्म एउटा कवितासङ्ग्रह, दुईवटा खण्डकाव्य, एक अङ्ग्रेजी कवितासङ्ग्रह र दुईवटा उपन्यास प्रकाशित भएका छन् वस्नेतका प्रकाशित र अप्रकाशित कृतिहरू यस प्रकार छन् :

क) प्रकाशित कृतिहरू

- नदीका दुई किनार (कवितासङ्ग्रह : २०५३)
- वैँसको फूल (खण्डकाव्य : २०५४)
- विलाप लहरी (खण्डकाव्य : २०५५)
- चार्म अफ ब्युटी (अङ्ग्रेजी कविता : २०६१)
- आखिर जिन्दगी (उपन्यास : २०६६)
- मुलुकभित्र (उपन्यास : २०७२)

ख) अप्रकाशित कृतिहरू

- जिनदगी (कवितासङ्ग्रह)
- अमृतवाणी (कविता)
- भोक जीवन खोज अमरता (निबन्धसङ्ग्रह)
- आजको जीवन यात्रामा (कथासङ्ग्रह)

यसरी उनका चारवटा कृतिहरू प्रकाशोन्मुख छन् । व्यवहारिक कठिनाइ तथा आर्थिक अभावका कारण प्रकाशन हुन नसकी यी कृतिहरू घरमा त्यसै थनिकएर रहेका छन् ।

## २.५ संस्थापक र सम्पादन कार्यमा संलग्नता

साहित्यकार डि.बी. इलामे सर्जक मात्र नभई सम्पादक पनि हुन् । उनले नेपाली भाषा र साहित्यको सेव ागर्ने क्रममा साहित्यिक पत्रपत्रिकाहरूको सम्पादन पनि गरेका छन् । उनले हालसम्म निम्न लिखित पत्रिकाहरूको सम्पादन गरिसकेका छन् ।

- समतालहर पहिलो -वर्ष १, २०५२ असार)
- समता लहर देस्रो -वर्ष १, २०५२ असोज)
- समता लहर तेस्रो (वर्ष २०५३)
- समता व्यङ्ग्य (अङ्क १, २०५५)

यसरी वस्नेतले साहित्यिक लेखन र सम्पादन दुबै क्षेत्रमा संलग्न भएर काम गरेको पाइन्छ । उनले वि.सं. २०५० सालमा घनश्याम न्यौपाने परिश्रमी रदेवी पन्थीसँग मिलेर साहित्यिक परिवार इलामको स्थापना गरेका छन् । उक्त परिवारको उनी संस्थापक अध्यक्ष पनि हन् । हाल पनि वस्नेत उक्त परिवारमा काम गरिरहेको बताउँछन् । यसका अतिरिक्त वस्नेतले गुरुकुल संस्कृत वाङ्मय अ.के. बरबोटेको आजीवन सदस्य, नेपाल रेडक्रस सोसाइटी, इलामका आजीवन सदस्य, नेपाल ज्योतिष परिषद् जि.स. इलामका सदस्य र इलामेली साहित्य प्रतिष्ठान इलामका अध्यक्ष पदमा रहेर नेपाली साहित्यलाई अघि बढाउन भरपुर मद्दत गरेको पाइन्छ । ( अधिकारी : २०७३ : २२)

## २.६ डि.बी. इलामेको साहित्यिक व्यक्तित्व

मेची प्रवाह पत्रिकामा 'एउटा आभाष' २०४४ कविता लिएर ओपचारिक रूपमा नेपाली साहित्यको फाँटमा देखा परेका वस्नेतले तीन दशकको साहित्यिक यात्रा पार गरिसकेका छन् । यस अवधिमा विभिन्न पत्रपत्रिकाहरूमा उनका अनगिन्ती लेखहरू छापिइसकेका छन् साथै उनका ६ वटा कृतिहरूले सार्वजनिक रूप धारण गरिसकेका छन् । उनका करिब आधा दर्जन पुस्तकाकार कृतिहरू अप्रकाशित पाण्डुलिपीकै रूपमा थन्किएका छन् । वस्नेतले साहित्यिक पत्रिकाको सम्पादन र प्रकाशन पनिगरेका छन् । यसका अतिरिक्त वस्नेत विभिन्न साहित्यिक संघसंस्थामा आबद्ध रहेका छन् । वस्नेतले वि.सं २०६८ मा गठन भएको देवकोटा शतवार्षिकी मूल समारोह समितीमा रहेर जिल्लाका विभिन्न ठाउँमा गई यसका उपसमितीहरू बनाई नेपाली साहित्यको विकासका निम्ति कठोर परिश्रम गरेको पाइन्छ तर विडम्बना यो छ कि यसरी साहित्यका निम्ति अहोरात्र खट्ने व्यक्ति जसको साहित्यिक फाँटमा उचित स्थान रहन नसकेको हो कि भन्नैँ महसुस हुन्छ । सम्पूर्ण कृतिहरूको अध्ययन गर्दा इलामेलाई यी माथि दर्शाइएका कुराहरूका आधारमा र साहित्यप्रतिको उनकायी कार्यले उनलाई साहित्यिक व्यक्तित्वका रूपमा उभ्याउँछ । वस्नेतका प्रकाशित रचनाहरूले समाजमा यत्रतत्र व्याप्त विविध विकृति र विसङ्गतिको यथार्थ चित्रण गरेको पाइन्छ । उनले समाजका सबै खाले कुतत्वहरूको अन्त्य गरिनुपर्ने विचार अघि सारेका छन् । उनले नेपाली समाजमा घट्ने र घट्न सक्ने विविध घटनाहरूलाई यथार्थ चित्रण गर्दै आफ्ना कृतिहरू खराब तत्वहरूको विरोध र असल

चरित्रहरूलाई सहयोग र समर्थन गर्दै अघि बढ्नु वर्छ भन्ने सन्देश आफ्ना कृति मार्फत दिन चाहन्छन् । यिनका रचनाहरू काल्पनिक र अलौकिक संसारमाभन्दा वास्तविकतामा अडिएका छन् । वस्नेत आफ्नो जन्मभूमिको सीमारेखाभित्र घुमदै, छेडछाड र गाली गलौजभन्दा टाढा रहेर साहित्यमा साधनारत रहेको कुरा उनका रचनाहरूले देखाउँछ । (अधिकारी, २०७३, २५)

डिकबहादुर वस्नेतको साहित्यिक व्यक्तित्वलाई यसरी देखाउन सकिन्छ :

१. कवि व्यक्तित्व

२. निबन्धकार व्यक्तित्व

३. कथाकार व्यक्तित्व

४. उपन्यासकार व्यक्तित्व

५. सम्पादक व्यक्तित्व

### २.६.१ कवि व्यक्तित्व

'एउटा आभाष' (२०४४) शीर्षकको कविता प्रकाशितगरी नेपाली साहित्यको फाँटमा पहिलोपटक देखा परेका वस्नेतका प्रशस्तै फुटकर कविताहरू विभिन्न साहित्यिम पत्रिकाहरूमा प्रकाशित हुँदै आएका छन् । उनका रचनाहरूको सङ्ग्रह 'नदीका दुई किनार' (२०५२) पहिलो प्रकाशित कृतिहो । यस पछि उनका कुनै पनि कवितासङ्ग्रह प्रकाशित नभएता पनि एउटा अङ्ग्रेजी कविता सङ्ग्रह Charm of Beauty (२०६१) प्रकाशित भइसकेको छ । फुटकर कविताका अतिरिक्त कविताको मझौला रूप मानिएको खण्डकाव्य विधामा उनको कविता शक्तिले पर्याप्त उर्जा प्राप्त गरेको छ । उनका कविताका मझौला रूपका दुईवटा कृतिहरू प्रकाशित छन्, बैंसको फूल (२०५४) र विलाप लहरी (२०५५) । यसरी उनका प्रकाशित रचनाहरूले उनलाई कविका रूपमा स्थापित गरिसकेका छन् भने प्रकाशोन्मुख कविता सङ्ग्रह जिन्दगीले उनको कवि प्रतिभालाई अझ थप उझिल्याउने कुरामा दुई मत हुने कुरै आउँदैन । ( अधिकारी, २०७३, २६)

### २.६.२ निबन्धकार व्यक्तित्व

वस्नेतको कलम निबन्धको फँटमा पनि दौडिएको छ । उनको पहिलो प्रकाशित निबन्ध नारी हो । यो समता लहर पहिलो (२०५३) मा प्रकाशित छ । त्यस्तै उनका अन्य प्रकाशित निबन्धहरू राजनीति र विकास (समता लहर दोस्रो), भानुभक्त (समता लहर तेस्रो), हिँड्दै छ पाइला मेट्दै छ (हाम्रो ध्वनी) वानी (समता वाङ्मय) र वडा दशैं (करुण क्रन्दन) हुन् । यसका अतिरिक्त भोक जीवन खोज अमरता, मानव जीवन चेतना कर्म, ऊ भित्रको मान्छे जस्ता निबन्धहरू पाण्डुलिपिको रूपमा रहेको अध्ययनबाट थाहा भएको छ । यसरी उनका प्रकाशित केही निबन्धहरूको अध्ययन गर्दा उनी भित्र निबन्धकार व्यक्तित्वको छाप पाइन्छ । त्यसैले यिनलाई निबन्धकारका रूपमा चिनाउन सकिन्छ । (अधिकारी,२०७३, २७)

### २.६.३ कथाकार व्यक्तित्व

वस्नेतको कलम कथा फाँटमा पनि दौडेको छ । हुनत उनलाई कथाकारका रूपमा चिनाउने आजसम्म कुनै पनि कथा प्रकाशित भएको छैन । तर 'आजको जीवन यात्रा' कथासङ्ग्रह पाण्डुलिपिका रूपमा रहेको अध्ययनका क्रममा उपलब्ध भएको छ । त्यसमा अभिषाप, बुढो बैंस बिग्रेको मन, अपराध शीर्षकमा कथाहरू रहेका छन्। समसामयिक समाजका विकृति र विसङ्गतिहरूलाई मूल रूपमा प्रस्तुत गर्ा खोजिएका उनका अप्रकाशित कथाहरूले वस्नेत भित्रको कथाकार व्यक्तित्वलाई चिनाएको छ ।उनी उक्त कथासङ्ग्रहको प्रकाशनमा जुटिरहेको कुरा अध्ययनका क्रममा बताउका छन् । (अधिकारी ,२०७३, २७)

### २.६.४ उपन्यासकार व्यक्तित्व

डि.बी. इलामे नेपाली साहित्यको क्षेत्रमा छोटो समयमा सफलता प्राप्त गर्ने स्रष्टा हुन् । उनले नेपाली साहित्यमा उपन्यास, खण्डकाव्य, कविता जस्ता कृतिहरू प्रकाशित गरिसकेका छन् । उनका अहिलेसमम ६ वटा पुस्तकाकार कृतिहरू तथा फुटकर रचनाहरू प्रकाशित भएका छन् । इलामेका साहित्य लेखनका विभिन्न चरणहरू भएता पनि यहहाँ उनको यात्राको मात्र चर्चा गरिएको छ । उनले अहिलेसम्म आखिर जिन्दगी (२०६६) र मुलुकभित्र (२०७२) गरी दुई वटा मात्र उपन्यास प्रकाशित गराएका छन् ।

मेची प्रवाह पत्रिकामा 'एउटा आभाष' (२०६४) लिएर औपचारिक रूपमा नेपाली साहित्यको फाँटमा देखा परेका डि.बी. इलामेले करिब ७ वर्षको अन्तरालमा प्रकाशित गराएका दुबै उपन्यास आदर्शोन्मुख यथार्थवादी उपन्यासका रूपमा प्रकाशित छन् । इलामेका केवल दुईवटा मात्र औपन्यासिक कृति प्रकाशित भएका र दुबै कृतिहरूका साझा विशेषता तथा प्रवृत्ति भएका कारण यहाा उनको उपन्यास लेखन यात्रालाई विभिन्न चरण तथा उपचरणमा विभाजन नगरिकन एकै चरणमा उल्लेख गरिएको छ । (अधिकारी, २०७३, २८)

इलामेका हालसम्म प्रकाशित दुईवटा कविता सङ्ग्रह रदुईवटा खण्डकाव्यले नेपाली र अङ्ग्रेजी साहित्यको फूलबबारी सजाइसकेका इलामे 'एउटा असल कवि एउटा असल आख्यानकार पनि हुन सक्छ' भनाइलाई सार्थकता रसफलता दिएको कुरा सर्जक इलामेको यथार्थवादी उपन्यास 'आखिर जिन्दगी' (२०६६) ले चरितार्थ गरेको छ । उनको पहिलो प्रकाशितउपनयास आदिर जिन्दगीमा वर्तमान युगका युवा पिँढीलाई यथार्थ रूपमा विशलेषण गर्दै नेपाली समाज र जीवनलाई उतार्ने राम्रो प्रयास भएको छ । आकारका दृष्टिले लघु उपन्यास 'आखिर जिन्दगी' मा नेपाली ग्रामिण समाजको यथार्थलाई चित्रण गरेका छन् । उपन्यासको कथावस्तु, पात्र, परिवेश आदि नेपाली ग्रामीण समाजबाट टिपेका छन् । उपन्यासमा हर्षमान, शोभाना जस्ता चरित्रहरूलाई उपस्थित गराएर नेपाली समाजमा आदर्श स्थापना गर्ने इलामे आदर्शोन्मुख उपन्यासकार हुन् । (अधिकारी, २०७३, २८)

डि.बी. इलामेको दोस्रो प्रकाशित उपन्यास 'मुलुकभित्र' (२०७२) आकारका दृष्टिले लघु मध्यम प्रकारकोदेखिए पनि उपन्यासमा धेरै पात्रहरूको उपस्थिति रहेको छ । उपन्यासमा उपन्यासकारले मुलुक आज ज्ञानभन्दा विज्ञानको आविष्कारपट्टि उन्मुख हुँदै गएर समग्र विश्व एकीकृत हुनेतर्फ गइरहेको अवस्थामा विश्वमा भएका राम्रा नराम्रा प्रकारका सङ्गति र विसङ्गतिलाई केलाउँदै मुलुकमा राम्रा सङ्गतितर्फ जनमानसलाई उन्मुख गराउन उपन्यास लेखनका माध्यमबाट विभिन्न पात्रहरूको उपस्थिति गराई पात्रले खेलेको भूमिकाका आधारमा मुलुकलाई कुन दिशातर्फ लानेछ भन्ने एकातर्फ द्वन्द्वात्मक संवाद खडा गर्दै अर्कोतर्फ संवादबाटै मुलुकलाई प्रगतितर्फ उन्मुख गराउने आख्यानात्मक अभिव्यक्ति मुलुकभित्र प्रस्तुत भएको देखिन्छ । (वस्नेत, २०७३, ५-९)

नयाँलाई काँचोर पुरानोलाई परिपक्क नै मान्नुपर्छ भन्ने आदर्श विचार राख्ने डि.बी. इलामे आदर्शोन्मुख यथार्थवादी उपन्यासकार हुन् । पुरानो पुस्ताका भूगोल देव र नयाँ पुस्ताका पर्वतमान, पहाडी, मैदानसिं, हिमाली जस्ता पात्रका बीचमा द्वन्द्व सिर्जना गरेर पुरानो पुस्ताका नैतिक तथा आदर्श विचारबाट नयाँ पुस्ता प्रभावित बन्न सक्नु पर्ने आग्रह उपन्यासमा व्यक्त गरेका छन् । समग्रमा वस्नेतका उपन्यासहरूले नेपाली उपन्यास परम्परामा सामाजिक विसङ्गतिलाई समाप्त गर्दै नेपाली समाजलाई एकीकृत गर्दै समाजमा आदर्श स्थापना गर्ने साहित्यकार हुन् । (अधिकारी : २०७३, २९)

### २.६.५ सम्पादक व्यक्तित्व

डिकबहादुर वस्नेत नेपाली साहित्यको फाँटमा एक सिर्जनशील वयक्तित्व मात्र नभएर सम्पादक व्यक्तित्व पनि हुन् । वस्नेतले साहित्यको नवोदित प्रतिभाहरूलाई यस क्षेत्रमा सक्रिय रहन अभिप्ररित पनि गर्दै आएका छन् । उनको सक्रियतामा नयाँ प्रतिभाहरूका रचनाहरूलाई प्रकाशित गराउने रसंस्थागत रूपमा भाषा साहित्यको अभिवृद्धि गर्न इलाममा ‘समता साहित्यिक परिवार’ नामक संस्थाको स्थापना भएको पाइन्छ । यस परिवारको वस्नेत संस्थापक अध्यक्ष हुन्। समता साहित्यिक परिवारबनट प्रकाशित भएका समता लहर (पहिलो, दोस्रो र तेस्रो) रसमता वाङ्मय (२०५४) को सम्पादनमा उनको सक्रिय सहभागिता रहेको थियो ।यही कार्यका आधारमा उनलाई सम्पादक व्यक्तित्वको रूपमा चिन्न सकिन्छ । (अधिकारी, २०७३, २९)

यसरी साहित्यका विभिन्न विधामा कलम चलाएर डि.बी. इलामेले आफूलाई नेपाली साहित्यको एक बहुमुखी प्रतिभाका रूपमा उभ्याएका छन् । कथा, कविता ,उवन्यास जस्ता विधामा कलम चलाउने इलामे विभिन्न संसंस्थामा रहेर सामाजिक व्यक्तित्वका रूपमा समेत चिनिएका छन् ।

# तेस्रो परिच्छेद

# उपन्यासको सैद्धान्तिक मान्यता र परम्परा

## ३.१ उपन्यासको सङ्क्षिप्त परिचय

पूर्वीय साहित्यको इतिहास हेर्दा संस्कृत, प्राकृत र अपभ्रंश कालपछि आधुनिक भाषाहरूमा साहित्य सिर्जना हुन थालेपछि मात्र उपन्यासको आधुनिक स्वरूपको विकास हुन थालेको पाइन्छ । त्यसैले आधुनिक मान्यताका आधारमा १९ औं शताब्दीभन्दा पहिले पूर्वीय उपन्यास लेखनको प्रारम्भ १८ औँ शताब्दीमा मात्र भएको पाइन्छ । यसरी हेर्दा अन्य विधाका तुलनामा उपन्यास लेखन परम्पराको अवधि त्यति धेरै छैन तर पूर्व पश्चिम दुबैतिर उपन्यास लेखिनु पूर्वका आख्यान बहुल रचनाहरूमा भने उपन्यासका तत्वहरू विकीर्ण अवस्थामा रहेको पाइन्छ । उपन्यास शब्दले सङ्केत गर्नसक्ने रचना विशेषका स्वरूपहरू र तिनका लक्षणहरू देखिने रचनाहरू १८ औं शताब्दीभन्दा पहिले नै देखा परेका छन् ।

उपन्यास लचिलो तथा गतिशील विधाका रूपमा विकसित भइरहेको छ । अहिले आएर साहित्यका विविध विधाहरूमध्ये उपन्यास सबैभन्दा बढी पढिने लोकप्रिय विधाका रूपमा स्थापित भइसकेको छ । सिङ्गो जीवनको यथार्थ प्रस्तुति उपन्यासमा गर्न सकिने भएकाले पनि यसको बढी चर्चा भएको पाइन्छ । आधुनिक नेपाली साहित्यका विविध विधाहरूमध्ये उपन्यास एउटा नवीनतम विधा हो । आख्यान तत्वको गौरवपूर्ण परम्पराभित्र यसलाई समेट्ने गरिन्छ ।

### ३.१.१ उपन्यास व्युत्पत्ति :

उपन्यास भनेको संस्कृत भाषाको अस् धातुमा उप र नि उपसर्ग जोडिई त्यसमा घञ ( अ) प्रत्यय जोडिएर उपन्यास शब्दको निर्माण भएको हो । संस्कृत भाषामा उपन्यासको अर्थ कुनै वस्तु कसैको समिपमा राख्नु भन्ने हुन्छ ।संस्कृत साहित्यमा कुशलतापूर्वक कुनै विशेष अर्थ प्रकट गर्ने प्रक्रिया विशेष नै उपन्यास हो भनी उपन्यास शब्दको प्रयोजनपरक अर्थ लगाइएको छ ।

जस्वन जगत्का यथार्थ पक्षलाई समेटेर समाजका सामु प्रस्तुत गर्नु नै उपन्यास हो । व्यवहारिक रूपमा हेर्ने हो भने "जीवन जगत्को साङ्गोपाङ्गो प्रस्तुति गर्नु नै उपन्यास हो भन्ने सिद्ध हुन्छ ( वस्नेत : २०६३ : १) ।" संस्कृत साहित्यमा उपन्यासलाई आनन्द गराउने अर्थका रूपमा मात्र हेरिएको छ । तर नेपाली साहित्यमा उपन्यास विधाले आफ्नो छुट्टै पहिचान कायम गर्न सफल भएको देखिन्छ ।

इटालेली भाषामा प्रशस्त "Novella" हरू लेखिए र तिनीहरूलाई अङ्ग्रेजी भाषामा अनुवाद गरियो । यही इटालेली "Novella" अङ्ग्रेजी भाषामा आएर "Novel" शब्दले प्रसिद्धि पाइसके पनि अङ्ग्रेजी साहित्यमा ूँष्अतष्यलू को व्यवहार उपन्यासकै लागि भैरहेको पाइन्छ । यस अर्थमा यहाँ Novel र Fiction को अन्तरसम्बन्धलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ । सबै Novel हरू Fiction हुन् तर कथा बाहेकका Fiction मात्र Novel ( बराल र एटम : २०५८ : ४) हुन् ।

अङ्ग्रेजी शब्द Novel को नेपाली रुपान्तरण Novel शब्द इटालेली भाषाको Novella बाट बनेको हो । जसको अर्थ 'अलिकति नयाँ वस्तु' भन्ने हुन्छ । त्यस्तै Novella शब्द चाहिँ ग्रिसेली भाषामा नयाँ अर्थ दिने Novus शब्दबाट निर्माण भएको हो । केही मात्रामा यथार्थको प्रयोग गरी गरिएको तथा रमाइला छोटा रूपमा लेखिएका गद्य रचनालाई इटालेली भाषामा Novella भनिन्थ्यो भने यसकै प्रभावबाट फ्रान्सेली भाषामा त्यस्तै प्रकारका रचनालाई Nouvelle पनि भनियो (बराल र एटम : २०५८ : ४) । यी आख्यानहरू नीतिकथा र मिथकभन्दा फरक बरु समसामयिक यथार्थका साथ कूतुहलता जगाउने र आनन्द प्रदान गर्ने किसिमका थिए । पश्चिममा आधुनिक उपन्यास आरम्भ भएपछि यसलाई विकसित तुल्याउने क्रममा रिचर्डसनको पालामा (इ. १७४०), हेनरी फिल्डिङको जुसेफ अन्ड्रान्स ( इ.१७४२) आदि उपन्यासबाट पाश्चात्य साहित्यमा आधुनिक उपन्यासको विकास हुँदै गएको पाइन्छ (बराल र एटम : २०५८ : ४) । त्यसकै निरन्तरता स्वरूप पश्चिममा आजसम्म पनि नवीन प्रवृत्तिका साथ उपन्यास लेखन अगि बढिरहेको छ । यसरी विश्व साहित्यमा ड्यानियल डिफोको Robinon Crusoe लाई नै पहिलो उपन्यास कृति रड्यानियल डिफोलाई

उपन्यासका पिता भनिन्छ (बराल र एटम : २०५८ : ५) । त्यसैले डिफो, रिचर्डसन र फिल्डिङलाई आधुनिक उपन्यास जगत्का मूल आधार र प्रतिस्थापक मानिन्छ ।

## ३.१.२ उपन्यासको परिभाषा :

उपनयास आधुनिक साहित्यमा यो एक नयाँ विधाका रूपमा स्थापित भएको छ । उपन्यास शब्द नेपाली भाषाले मातृभाषा संस्कृतबाट ग्रहण गरे पनि खास गरी यो विधा पाश्चात्य साहित्यको देन हो प्रचीन समयमा उपन्यासले कथा, कहानी, किस्सा, टिप्पणीमूलक समाचार जे जस्ता अर्थ बहन गरे पनि आधुनिक साहित्यमा यसको छुट्टै अर्थ र महत्त्व रहेको छ । उपन्यास लचिलो विधा भएकोले हालसम्म यसको सर्वसम्मत परिभाषा कसैले गर्न सकेको छैन । उपन्यासलाई पाश्चात्य तथा पूर्वीय विद्वानहरूले आआफ्नै ढङ्गले परिभाषित गर्न खोजेका छन् । यहाँ केही शब्दकोश,स्वदेशी तथा विदेशी विद्धानहरूले गरेका केही परिभाषाहरूलाई तल उल्लेख गरिएको छ ।

### ३.१.२.१ शब्दकोशहरूले दिएको परिभाषा :

उपन्यासको परिभाषा गर्ने कममा विभिन्न किसिमका शब्दकोशले दिएको परिभाषालाई यहाँ प्रस्तुत गरिएको छ :

१. नेपाली साहित्यकोश

"उपन्यास गद्यमा रचिएको दीर्घ कलेवर भएको कथात्मक साहित्यिक रूप हो ।"

२. क्याम्ब्रिज इन्साइक्लोपेडिया

"बृहत् र बृहत्तर आख्यानात्मक रचनाको प्रस्तुति नै उपन्यास हो ।"

३. हिन्दी शब्दकोश

"उपन्यास त्यो हो जसमा काल्पिनिक तथा धेरै लामो काथ्य, धेरै पात्रहरू रतिनका जीवनका विविध पक्षको चित्रण हुन्छ ।"

४. नेपाली शब्दसागर

"उपन्यास काल्पनिक पात्रको जीवनको हरेक अङ्गमा विस्तृत जानकारी प्रस्तुत गर्ने गद्य कथा हो ।"

५. न्यू इन्टरनेशनल डिक्सनरी

"उपन्यास यस्तो विशाल कल्पित गद्य आख्यान हो, जसमा एउटै कथानकअन्तर्गत यथार्थ जीवनको निरुपणको प्रयास गर्ने चरित्र तथा तिनीहरूको क्रियाकलापको चित्रण हुन्छ ।"

माथि उल्लिखित शब्दकोशीय परिभाषा अनुसार उपन्यास जीवन जगत्को सर्वाङ्ग पक्षको चित्रण गर्ने आख्यानात्मक साहित्य हो । यसको कलेवर महाकाव्यको समकक्षी हुन्छ । यो गद्यमा लेखिन्छ । काल्पनिक पात्रहरू रहन्छन् । उपन्यास बृहत् काल्पनिक पात्रहरू प्रयोग गरी रचनागरिएको गद्यरचना हो ।

**३.१.२.२ विभिन्न स्वदेशी तथा विदेशी विद्वानका परिभाषा :**

उपन्यासको परिभाषा गर्ने क्रममा विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरूले आ-आफ्नै किसिमले परिभाषा दिएका छन् । केही स्वदेशी तथा विदेशी विद्वानहरूका परिभाषालाई यहाा प्रस्तुत गरिएको छ :

१. नेपाली समालोचक मोहनराज शर्मा

> "विश्व साहित्य र नेपाली साहित्यमा पनि उपन्यास मुक्त, विराट, उर्वर, विशिष्ट आख्यान विधाका रूपमा हुर्केको छ । यो अत्याधिक प्रयोग बेहोर्ने विधा भएकाले यसमा स्वैरकल्पनाको पनि प्रचुर प्रयोग भएको देखिन्छ ।"

२. भारतीय विद्वान प्रेमचन्द्र

> "म उपन्यासकारलाई मानव चरित्रको चित्र मात्र सम्झन्छु । मानव चरित्रमाथि प्रकाश पार्नु अनि त्यसको रहस्यलाई खोल्नु नै उपन्यासको मूल उद्देश्य हो ।"

३. ई. एम. फोस्टर

"जसले सामाजिक, राजनीतिक, आर्थिक जटिल समस्याबाट पीडित मानव जातिको प्रतिनिधित्व  गर्छ त्यो नै उपन्यास हो ।"

४. विश्वनाथ

"उपन्यास भनेको कसैलाई प्रशनन गराउनु हो ।"

५. हेनरी फिल्डिङ

"उपन्यास गद्यमा लेखिएको सुखान्त महाकाव्य हो ।"

६. नेपाली समालोचक कृष्णचन्द्रसिंह प्रधान

"उपन्यास जीवन र जगत्प्रतिको एक विहङ्गम दृष्टि हो, जसलाई बुझ्ने, केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त थथार्थिक हुन्छ । थथातथ्यको उद्घाटन मात्र नभएको यो एक सम्पूर्ण मनुष्य जीवित मनुष्यको संसार हो ।''

७. प्रोफेसर वारेन

"उपन्यास प्रकाशनपूर्ण हो, जसमा कथानक हुन्छ ।"

८. समालोचक राजेन्द्र सुवेदी

"पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।"

९ समालोचक प्रा दयाराम श्रेष्ठ

"बहुविध संरचनात्मक एकाइहरूद्वारा हरेक अङ्ग परस्परमा श्रृङ्खलावद्ध भई निश्चित मूल्य प्राप्त गरेको व्यापक परिधिभरिको समय र स्थानभित्र विस्तारित भएको कला सौन्दर्ययुक्त कलात्मक गद्यलाई उपन्यास भनिन्छ ।"

परिवर्तनशील संसारमा हरेक वस्तुको विकास र परिवर्तन भइरहेको हुन्छ । उपन्यास विधा समय सापेक्ष रूपमा परिवर्तित र विकसित भइरहेकोले विद्वानहरूले गरेको परिभाषाहरूले यसका सम्पूर्ण पक्षलाई समेट्न सकेको देखिँदैन । कुनै पनि विद्वानका परिभाषाहरू पूर्ण र निर्विवाद बन्नसकेका छैनन् तर सबै विद्वानका परिभाषालाई मिलाएर उपन्यासको पहिचान गराउन भने सकिन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने उपन्यास एक गद्य स्थान हो । जसमा घटना चरित्र र परिवेश हुन्छ, काव्य हुन्छ । पाठकको मनमा कौतुहलता सिर्जना गर्दछ । यसरी उपन्यासलाई गद्यमा लेखिने दीर्घ आयाम भएको जीवन र जगत्को सम्पूर्णतालाई चित्रण गर्ने लचिलो कलापूर्ण आख्यानात्मक साहित्य विधा उपन्यास हो भन्न सकिन्छ ।

## ३.१.३ उपन्यासको विधागत स्वरूप :

विश्व साहित्यमा उपन्यास सबैभन्दा पछि विकसित कान्छो विधा भएर पनि यो एउटा छुट्टै र नवीनविधा हो भन्ने कुरामा यसको साहित्यका अन्य विधासँगको समानता र पृथकताबाटै स्पष्ट हुन्छ । आधुनिक साहित्यका अन्य विधाको जस्तै उपन्याको पनि आफ्नो विधागत स्वरूप छ । यो समय सापेक्ष रूपमा परिवर्तित र विकसित हुँदै आएको लचिलो साहित्यिक विधा हो । इशाको १८ औँ शताब्दीमा विकसित भएको उपन्यासले वर्तमान सम्मको यात्रामा विविध उतारचढाव पार गरिसकेको छ । समाख्यान, किस्सा, आख्यान, उपाख्यानको फरक फरक परिवेश र समयको गतिसँगै नवीन प्रवृत्ति र मूल्य मान्यता लिएर देखा पर्ने यस साहित्यिक विधालाई सीमाबद्ध गरेर निश्चित स्वरूपमा परिभाषित गर्नु कठिन कार्य हो । उपन्यासको विधागत स्वरूप यस्तै हुनुपर्छ भन्ने बारेमा विद्वानहरू बीच मतैक्य हुनसकेको देखिँदैन । कोही यसको वस्तुपक्षलाई जोड दिन्छन् र घटनाप्रधान विधाको स्वरूप देखाउँछन् त कोही चरित्रचित्रण पक्षलाई जोड दिँदै उपन्यासको स्वरूप चरित्रप्रधान हुन्छ भन्छन् । यिनै तर्कका आधारमा पनि उपन्यासको स्वरूप विस्तृत, परिवर्तनशील वा प्रयोगधर्मी, ज्यादै लचिलो हुन्छ भनन सकिन्छ । प्राचीन समयमा रमाइला छोटा आख्यानबाट सुरु भएको यो विधा अहिले आएर बृहत् महाकाव्यको समकक्षी बन्न पुगेको देखिन्छ । कसैकसैले त यसलाई गद्य महाकाव्य

समेत भन्ने गरेको पाइन्छ । हाल आएर उपन्यासको स्वरूप समाज, व्यक्ति, प्रकृति र इतिहासको स्थिति बोध गराउने सबभन्दा प्रभावकारी साहित्यिक विधाका रूपमा परिचित छ ।

उपन्यास लचिलो र विकासशील साहित्यिक विधा भएकाले यसमा समयसापेक्ष नयाँ नयाँ प्रयोगहरू गरिएको पाइन्छ । यो स्वरूपहीन भएर रहन भने सक्दैन । यो निश्चित उद्देश्य प्राप्तिका लागि निश्चित परिवेशलाई समेटी उपन्यासको निजी शैलीमा घटना तथा काल्पनिक पात्रको आख्यानात्मक प्रस्तुति नै उपन्यासको खास विधागत स्वरूप बन्न पुगेको देखिन्छ ।

## ३.२ उपन्यासका तत्वहरू :

उपन्यास रचनाका आधारभूत तत्वका बारेमा विद्वानहरूबीच मतैक्य छैन । उपन्यास बन्नका लागि नभइ नहुने आधारभूत वस्तुलाई यहाँ उपन्यासका तत्व भनिएको छ । समालोचक कृष्णचन्द्रसिंह प्रधानले उपन्यास संरचनाका आधारभूत तत्वका रूपमा कथानक, चरित्र, कथोपकथन, भाषा, शैली, वातावरण र उद्देश्यजस्ता तत्वको उल्लेख गरेका छन् । समालोचक ऋषिराज बरालले कथानक, चरित्र, विचार, दृष्टिबिन्दु, भाषाशैली र परिवेशको उललेख गरेका छन् । समालोचक राजेन्द्र सुवेदीले वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश र विचारलाई उपन्यासका तत्व मानेका छन् । कृष्णहरि बराल र नेत्र एटमको उपन्यास सिद्धान्त र नेपाली उपन्यासमा उपन्यासका तत्वहरू कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक, बिम्ब र गति/लयलाई मानेका छन् । आधुनिक उपन्यासको बदलिँदो गतिसँगै यसमा अन्य तत्वहरू पनि थप गर्ने गरेको पाइन्छ । विभिन्न विद्वानहरूका विचारलाई मनन गर्दै कथावस्तु, चरित्रचित्रण,पर्यावराण, भाषाशैली र उद्देश्यलाई मुख्य तत्वका रूपमा मानिन्छ भने कथोपकथन दृटिविन्दु, द्वन्द्व, संवाद आदि सहायक तत्वहरू हुन् । यिनीहरूको चर्चा तल गरिएको छ ।

### ३.२.१ कथावस्तु

समाज तथा व्यक्तिविशेषमा घटेका घटनालाई उपन्यासमा योजनाबद्ध एवम् संगठित रूपमा गरिएको रूपान्तरणलाई कथावस्तु भनिन्छ । यसमा पात्रले घटाएका घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् । कथावस्तु उपन्यासको


महत्त्वपूर्ण तत्व हो । यसलाई उपन्यासको कच्चा सामग्री भनिन्छ । कथावस्तुलाई संगठित गरेर उपन्यास तयार पारिन्छ । कथावस्तुलाई कथानक पनि भन्ने गरिन्छ । कथानककै आधारमा उपन्यासको मूल ढाँचा तयार गरिन्छ । स्थूल वा सूक्ष्म जस्तो भए पनि कथावस्तुबिनाको उपन्यास रचना हुन असम्भव नै देखिन्छ । उपन्यासको विकाससँगै कथावस्तुको महत्त्व घट्दै गएको भन्ने गरिए पनि यसमा कथा वस्तुको आवश्यकता छँदैछैन भन्न कसैले सकेको छैन । कथावस्तु वा कथानकलाई अलग्गै राखेर उपन्यासको कल्पना गर्न सकिँदैन । कथानक वा कथावस्तुलाई निम्नानुसार विश्लेपषण गर्न सकिन्छ ।

**क) कथानकका स्रोतहरू :**

उपन्यास लेखनका क्रममा उपन्यासकारले कुनै न कुनै स्रोतबाट कथानक ग्रहण गरेको हुन्छ । यस्ता स्रोतबाट प्राप्त सामग्रीलाई उपन्यासकारले जस्ताको तस्तै प्रयोग नगरी आफ्नो कलात्मक चेतनाले छानेर मात्र कथाको सिर्जना गर्दछन् । आजका उपन्यासमा प्रयोग हुने कथानक स्रोतहरू इतिहास, यथार्थ समाज, पुराण, मिथक र स्वैरकल्पना हुन् ।

**ख) कथानकको आङ्गिक विकास :**

कथानकको आङ्गिक विकास आदि, मध्य र अन्त्यको ढाँचामा हुन्छ :



**ग) कथानकको ढाँचा :**

उपन्यासमा कथानक आदि, मध्य र अन्त्यको ढाँचामा सिधै अगाडि बढेको छ भने रैखिक शैली र आदि, मध्य रअन्त्यको ढाँचामा कथानक अगाडि नबढी पूर्वदीप्ती शैली वा घुमाउरो गुम्फित शैलीमा कथानक अगाडि बढ्दछ भने वृत्ताकारीय ढाँचा वा शैली भनिन्छ ।

**३.२.२ चरित्र/चरित्रचित्रण/पात्रविधान :**

उपन्यासभित्र प्रयोग गरिने मानव वा मानवेतर वस्तुलाई पात्र वा चरित्र भनिन्छ । चरित्रका माध्यमबाट कथानकले गति प्राप्त गर्दछ । यथार्थको प्रस्तुतिमा चरित्रले नै सहयोग पुऱ्याउँछ ।

उपन्यासका प्रमुख तत्वहरूमध्ये चरित्र/पात्र प्रमुख मानिन्छ । चरित्रलाई पात्र, क्रियाकलाप, कार्यव्यापार जस्ता शीर्षक प्रयोग गरी चिनाउने प्रयास पनि भएको पाइन्छ । मानव जीवनको व्यापकतालाई प्रष्ट पार्ने तत्व नै चरित्र हो । सामाजिक संरचनाको चित्र पनि चरित्रले नै उतार्ने गर्दछ । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रकृति र पुस्ता, जाति र सभ्यता परिस्थिति अनुसार चरित्रकै माध्यमबाट प्रकट हुने तत्व हुँदा जाति र प्रजातिमा खण्डित मान्छेहरू, वर्ग र संस्कारमा खण्डित मान्छेहरू, काल र देशमा खण्डित मान्छेहरूका मानवीय स्वभाव भने निकट अवस्थाकै रहन्छ । यही खण्डित अवस्थाको अखण्डता, अत्र,मित अवस्थाको क्रमबद्धता उपन्यासको संरचनागत स्वभाविकता हो । (सुवेदी : २०६४ : २३)

चारित्रिक क्रमबद्धतानै उपन्यास निर्माणको सबभन्दा ठूलो समस्या हो । मानवको सभ्यता र समाजलाई बुझ्ने प्रमुख आधार पनि चरित्र नै हो । मान्छेका साश्वत सत्यतालाई उद्घाटन गर्ने पक्षहरू पनि मान्छेका चरित्रमै उद्घाटित भएका हुन्छन् ।(सुवेदी :२०६४ : २३)

उपन्यासको आयामभित्र सिङ्गो मानव सभ्यता चरित्र चित्रणकै आधारमा परिभाषित भएको हुँदा विगत र अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्व चरित्र हो । त्यसरी तानेर ल्याएको वस्तु पाठकसम्म सम्प्रेषण गर्न जाँगर देखाउने वस्तु पनि चरित्र हो । (सुवेदी : २०६४ : २३)

चरित्रप्रधान उपन्यासहरू खोजी गर्दा अङ्ग्रेजीका विलियम मेकपिस थेकरेको 'भेनिटी फियर', टोमस हाडीको 'फार फ्रम द मेडिङ् काउन्ड', प्रेमचन्द्रको 'गोदान', नेपाली उपन्यासकार हृदयचन्द्रसिंह प्रधानको 'एक चिहान', दौलतविक्रम विष्टको 'एक पालुवा अनेकौं याम', रुद्रराज पाण्डेको 'रुपमती' जस्ता उपन्यासहरू भेटिन्छन् ।

चरित्रप्रधान उपन्यासमा त्यहाँका पात्रहरू लेखकको अनुमतिमा मात्र दगुर्छन् । त्यसैले त्यहाँका पात्रहरू निर्जीव वस्तु झैं लाग्ने हुन्छन् । पात्रका चरित्र स्पष्ट पार्नका लागि मात्र कथानकको सिर्जना गरिएको हुन्छ ।

प्रत्येक उपन्यास एउटा यन्त्रमा निर्मित वस्तुजस्तो एकै ढाँचाको नहुन पनि सक्छ । पात्रको जीवनशैलीमा विषमता हुनाले नै यस्तो स्थिति जन्मिनपुग्छ । विश्व साहित्यका परिवृत्तमा देखा परेको बृहत् कार्यका उपन्यास जस्तै : टाल्सटायको 'युद्ध र शान्ति', मेक्सिम गोर्कीको 'आमा', बाल्जाकको 'मदाम बोभरी', रिचर्डसनको 'पालिमा', बङ्किमचन्द्रको 'चरित्रहीन', भवानी भिक्षुको 'आगत', मदनमणि दीक्षितको 'माधवी', दैलतविक्रम विष्टको 'एक पालुवा अनेकौं याम', जस्ता उपन्यासले यस जीवनका व्यापक र सार्वजनिक आयामलाई एकातिर प्रस्तुत गरेका छन् भने अर्कातिर तिनै उपन्यासभित्रका जीवन भोग्ने पात्रको व्यक्तिगत जीवनको अन्तरमनको पनि प्रतिपादन भएको छ । (सुवेदी : २०६४ : १५)

उपन्यासमा प्रयुक्त पात्रहरूको अन्तर्मन खोल्ने कार्य पनि उपन्यासले गरेको हुन्छ । मान्छेका अन्तस्खलनलाई मात्र उदाङ्गो पार्ने उद्देश्यले पनि उपन्यास तयार भएको हुन्छ । जहाँ त्यहीँकै चरित्रले भूमिका खेलेको हुन्छ । जास्तै रोमा रोलाको जाँ किस्ताफे र गोठालेकोपल्लो घरको झ्याल उपन्यासमा यो अवस्था भेट्न सकिन्छ ।

कथावस्तुका आधारमा उपन्यास चरित्रप्रधान उपन्यास हुन्छ । यस्ता उपन्यासमा सम्पूर्ण कार्यव्यापार पात्रको आचरणसँगै अनुगमन गर्ने हुन्छ । पात्रको चञ्चलता र धैर्य, अदूरदर्शिता र विवेकपरायणता, अनभिज्ञता र व्यवहार कुशलताजस्ता स्वभावगत त्रुटी र परम्परालाई व्यक्त गर्ने र त्यस्तो अवस्थामा आचरण कतिसम्म ढलपल गर्न मिल्न जाने घटनाहरूसिर्जित भएका हुन्छन् (सुवेदी : २०६४ : १५) । यस्ता उपन्यासमा पात्रहरू गतिशील हुन्छन्, परिस्थिति भने

पात्रको स्वभाव पुष्टि गर्न मात्र सिर्जना गरिएको हुन्छ । पात्रमा रहने दृढता, आडम्बर, दुर्बलता, स्वभाविक त्रुटी उपन्यासका आदिदेखि अन्त्यसम्म यथावत रहने स्थिति पात्रको स्थितिशील चरित्रका रूपमा प्रकट भएको देखिन्छ ।(सुवेदी : २०६४ : २१)

**१) चरित्रको वर्गीकरण :**

उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी पात्रहरूको हुन्छ । उपन्यासमा पात्रहरूले निर्वाह गरेको भूमिकाका आधारमा नैउपन्यास अगाडि बढ्छ ।

उपन्यासमा पात्रउपर नै स्रष्टाहरू सबैभन्दा बढी निर्भर रहने गर्दछन् । उपन्यासमा प्रयोग गरिने चरित्रलाई निम्नानुसार प्रकारगत वर्गीकरण गर्न सकिन्छ (बराल रएटम : २०५६ : ३०)

उपन्यासमा प्रयोग गरिने चरित्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा तिनमा पनि विभिन्नताको आरोपण गरिएको पाइन्छ । कथानक र वातावरण फरकण्फरक हुने हुँदा पात्रहरू पनि फेरिन पुग्दछ । उपन्यासमा प्रयोग गरिने चरित्रका केही प्रकारहरू यसप्रकार छन् ।

**क. गतिशील र गतिहीन**

वातावरण वा कुनै घटना विशेषमा आफ्नो भूमिकामा परिवर्तन आउने पात्रलाई गतिशील पात्र भनिन्छ । कथानकको आदिदेखि अन्त्यसम्म चारित्रिक दृष्टिले भिननता नआउने पात्र वा चरित्रलाई गतिहीन पात्र भनिन्छ । भ्रमर उपन्यासमा शेखर गतिशील पात्र हो भने रूपमती उपन्यासकी रूपमती गतिहीन पात्र हो ।

**ख. यथार्थ  र आदर्श**

समाजको वास्तविक संसारको प्रतिनिधित्व गर्ने खालका पात्रहरूलाई यथार्थ पात्र भनिन्छ । यस्ता पात्रहरूले हरक्षण पाठकलाई संवेदित बनाई मनोभावलाई नै अनुकूल बनाउँदछन् । यस्ता पात्र प्रयोग भएका उपन्यास पढ्दा पाठकलाई पात्रले मात्र होइन आफैँले जीवन भोगेजस्तो हुन्छ । त्यसको साटो आदर्श पात्रले उच्च आकांक्षा बोके पनि यस्तो हुनुपर्दछ भन्ने

सन्देश दिन खोज्ने हुँदा यसमा यथार्थको अभाव हुन्छ । उपन्यासमा यस्ता पात्रहरूलाई स्रष्टाले मुख्य पात्र बनाउने उद्देश्यले उसका इच्छाअनुसार लुकाएर कृत्रिम बनाएको हुन्छ ।

**ग. अन्तर्मुखी र बहिर्मुखी**

जीवनलाई आफ्ना रचनामा ढालेर सांसारिक भद्रगोलदेखि टाढा बस्न चाहने पात्र अन्तर्मुखी हुन्छ । अर्कातर्फ बहिर्मुखी पात्रको स्वभाव चाहिँ आफ्ना मनका कुराहरू अरूलाई भनिहाल्ने र बाहिरी सम्पर्कमा रम्ने हुँदा आशावादी हुन्छ । उसले जीवनलाई रमाइलो अनुभवका रूपमा लिएको हुन्छ ।

**घ. गोला र च्याप्टा**

जीवनलाई जटिल रूपले भोग्ने र क्षणक्षणमा विशेषता परिवर्तन गरी कथानक नै रोमाञ्चपूर्ण बनाउने पात्रलाई गोला पात्र भनिन्छ । गोला पात्रमा स्वभाविकता ज्यादा हुन्छ । जीवनलाई सापटी रूपमा भोग्ने र विशेष गरी सजिलै बुझ्न सकिने पात्रलाई च्याप्टा पात्र भनिन्छ । च्याप्टा पात्रहरू अप्रभावकारी हुन्छन् । गोलापात्रहरू आफैं भोग्दछन् । ती जिउँदा प्राणी हुन् । किनभने यिनका चरित्रको एउटै मात्र आयाम हुँदैन ।

**ङ. सार्वभौम र आञ्चलिक**

जतातत‍ै उही रूपले ग्रहण गर्न सकिने पात्रलाई सार्वभौम पात्र भनिन्छ । सार्वभौम पात्रहरूले मानवकै मौलिक सम्पत्तिका रूपमा मान्यता पाउँदछन् । आञ्चलिक पात्र भने आफ्नो निश्चित पर्यावरणमा विशिष्ट पहिचान लिएर बसेका हुन्छन् । यिनले निजी संस्कार र आन्तरिक रूप प्रदर्शन गर्दछन् ।

**च. पारम्परिक र मौलिक**

पूर्व परिचित स्वभाव, आचरण र कार्यकै अनुकरणमा कुदिहिँड्ने पात्रलाई पारम्परिक भनिन्छ । सिर्जना भइसकेका वा परम्पराको गोरेटोमा हिँड्ने पात्रहरू कहिलेकाहीँ प्रभावकारी

सिद्ध हुन्छन् । कतिपय प्रगतिवादी उपन्यासमा अत्याधिक पारम्परित चरित्र रहने हुँदा तिनको भविष्यका कार्यहरू पहिल्यै अनुमान गर्न सकिन्छ ।

मौलिक पात्र भनेको स्रष्टाका नौला सिर्जना हुन् । यसमा पाठकलाई तान्न सक्ने शक्ति हुन्छ । जीवनको अन्वेषण गर्ने यस्ता पात्रले बढी आस्वादन योग्य बनाउँदछन् ।

**छ. नायक र अनायक**

उपन्यासमा रहेका विभिन्न भूमिकाहरूमध्ये प्रमुख भूमिका निर्वाह गर्ने पात्रलाई नायक भनिन्छ । उपन्यासका कतिपय तत्वहरूमा आएको परिवर्तन जस्तै नायकको विशेषतामा पनि निकै फेरबदल भएको पाइन्छ । पुराना खालका उपन्यासमा सामान्यतः समाजलाई नेतृत्वदिन सक्ने शूरवीर, बहादुर, बलवान, सम्पन्न, चरित्रवान तथा आफ्नो कार्यमा सफल हुने प्रकारका नायकहरू प्रयोग गरिएको पाइन्छ । यिनै पात्रहरूलाई नायक भनिन्छ । अहिले लेखिएका कतिपय उपन्यासमा अनायकको प्रयोग भएको पाइन्छ । अनायक भन्नाले परम्परागत गुणबाट वञ्चित भएका पात्रलाई बुझिन्छ । अनायकहरू समाजका विकृत तत्वसँग सङ्घर्ष गर्न त खोज्छन् तर तिनले खासैसफलता भने प्राप्त गर्न सक्दैनन् । उनीहरू समाजमा अनुकूल हुन सक्दैनन् । असक्षम, अभागी तथा मन्द बुद्धि भएका र चतुर्याइँको अभाव हुने हुँदा अनायक आफ्नो कार्यमा असफल हुने गर्दछ । त्यसैले अनायकलाई पारम्परित नायकको प्रतिवाद पनि भनिन्छ । उपन्यासमा अनायक भन्नाले खलनायक वा नकारात्मक चरित्र भने होइन ।

**ज. एकनायकत्व र बहुनायकत्व**

उपन्यासमा एउटा मात्र पात्रलाई नायकत्वको कार्यभार दिइएर कथानकलाई अगाडि बढाइन्छ भने यसलाई एकनायकत्व भनिन्छ । एउटामात्र पात्रलाई नायकत्वको कार्यभार नदिई धेरैलाई उत्तिकै महत्त्व दिइएमा त्यसलाई बहुनायकत्व भनिन्छ । उपन्यासमा एउटा मात्र कथानक नभएर अनेकौँ ससाना कथानकहरू प्रयोग गरिने भएकाले यस्तो अवस्थामा बहुनायकत्वको प्रयोग गरिएको पाइन्छ ।

**झ. मानवीय र मानवेतर**

उपन्यासमा प्रयोग गरिने पात्र जो मानिस हुन्छन् ती पात्रलाई मानवीय पात्र भनिन्छ । उपन्यासमा मानवदेखि बाहेक अन्य प्राणीलाई पात्रको रूपमा प्रयोग गरिन्छ भने तयसलाई मानवेतर चरित्र भनिन्छ ।

**२. चरित्रचित्रणलाई वर्गीकरण गर्ने अन्य आधारहरू :**

मथि उललेख गरिएभन्दा बाहेक निम्नानुसार चरित्रलाई वर्गीकरण गर्न सकिन्छ ।

कार्यका आधारमा -प्रमुख,सहायक र गौण

लिङ्गका आधारमा -स्त्री र पुरुष पात्र

प्रवृत्तिका आधारमा -अनुकूल र प्रतिकूल पात्र

स्वभावका आधारमा -गतिशील र गतिहीन पात्र

जीवनचेतनाका आधारमा -वर्गीय र व्यक्तिगत पात्र

आबद्धताका आधारमा -बद्ध र मूक्त पात्र

**क) कार्यका आधारमा**

उपन्यासमा प्रयोग गरिएका पात्रहरूमध्ये सबैभन्दा मुख्य भूमिका निर्वाह गर्ने चरित्रलाई मुख्य/प्रमुख चरित्र भनिन्छ । प्रमुख पात्रलाई सहयोग गर्ने र उपन्यासलाई अगाडि बढाउन भूमिका निर्वाह गर्ने पात्रलाई सहायक पात्र र उपन्यासमा नगन्य भूमिका रहने चरित्रलाई गौण चरित्र भनिन्छ ।

**ख) लिङ्गका आधारमा**

उपन्यासमा प्रयोग भएका चरित्रहरू नारी भए स्त्री चरित्र र पुरुष भए पुरुष चरित्र भनिन्छ ।

**ग) प्रवृत्तिका आधारमा**

उपन्यासमा पात्रले निर्वाह गरेको भूमिका समाजमा सकारात्मक प्रभाव फैलाउने किसिमका भए अनुकूल रसमाजमा नकारात्मक प्रभाव फैलाउने चरित्र भए प्रतिकूल चरित्र भनिन्छ ।

**घ) स्वभावका आधारमा**

उपन्यासको आदिदेखि अन्त्यसम्म एकै किसिमको भूमिका रहने चरित्रलाई गतिहीन पात्र र बीच बीचमा आफ्नो भूमिका परिवर्तन गर्ने चरित्रलाई गतिशील चरित्र भनिन्छ ।

**ङ) जीवनचेतनाका आधारमा**

उपन्यासमा पात्रले निर्वाह गरेको भूमिकाका आधारमा समाजमा रहेका सम्पूर्ण वर्गको प्रतिनिधित्व गर्ने चरित्रलाई वर्गीय चरित्र र कुनै एक निश्चित व्यक्तिको प्रतिनिधित्व गर्ने चरित्रलाई व्यक्तिगत चरित्र भनिन्छ ।

**च. आसन्नताका आधारमा**

उपन्यासमा पात्रको उपस्थिति मञ्चमाप्रत्यक्ष भएको भए त्यसलाई मञ्चीय र मञ्चमा उपस्थित नभई बाहिरबाट भूमिका निर्वाह गर्ने भए त्यस चरित्रलाई नेपथ्य चरित्र/पात्र भनिन्छ ।

**छ. आबद्धताका आधारमा**

उपन्यासमा पात्रको भूमिका प्रत्यक्ष रूपमा संलग्न भएर आउने चरित्रलाई बद्ध र प्रत्यक्ष सहभागी नरहने चरित्रलाई मुक्त चरित्र भनिन्छ ।

**३.२.३ पर्यावरण**

उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । पर्यावरण एउटा परिस्थिति हो जसले पाठलाई बाँध्ने काम गर्दछ ।

### ३.२.४ देशकाल

देशकालभित्र उपन्यासले लिएको कुनै निश्चित समय र उपन्यासमा पात्र र घटनामार्फत बुझिने अर्थात सिधै वर्णित स्थान विशेष पर्दछन् । देशकाल कथासँगै जोडिएर आउने आधारभूमि हो । देशकालको खास अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो । यसका जीवनका कथा, रीतिरिवाज, रहनसहन, व्यवहार, भेषभुषा, बोलीचाली र परिवेशजस्ता तत्वहरू पर्दछन् । उपन्यासमा यथार्थ देशकालको सिर्जना गरी लेखकले यति स्पष्ट चित्र अभिव्यक्त हुन्छ । जसले गर्दा पाठकले त्यसलाई सत्य घटना जत्तिकै विश्वास गर्न थाल्दछन् । कलाकारले कला सिर्जना गरेर त्यसमा सुन्दरता भरेजस्तो उपन्यासमा लेखकले आफ्नो क्षमता र भावको सङ्कलन प्रयोग गरी देशीय एवम् सामाजिक संस्कारका विविध चित्रहरू यथार्थपरक बनाएर प्रस्तुत गर्दछन् । उत्तरआधुनिकतावादी उपन्यासकारहरूले भने देशकाललाई कम महत्त्व दिएको पाइन्छ ।

### ३.२.५ भाषाशैली

साहित्य भाषाका माध्यमबाट अभिव्यक्त गरिने कलात्मक आत्मप्रकाशन हो । भाषाबिना साहित्यको अभिव्यक्ति हुनसक्दैन । साहित्यमा भाषाको कलात्मक रूपको प्रयोग हुन्छ । उपन्यासमा कथ्य र लेख्य दुबै भाषाको प्रयोग आवश्यकता अनुरुप हुने गर्दछ । अन्य साहित्यिक विधाभन्दा जीवनको विस्तृत आयामलाई समेट्ने हुँदा यसमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग गरिन्छ । विविध घटना तथा दृश्य पात्र आदि नाटकमा जस्तो हामी उपन्यासमा सोझै देख्न सक्दैनौं । किनभने उपन्यासमा ती चिजहरू भाषाका माध्यमद्वारा नै चित्रित हुन्छन् । त्यसैले भाषालाई साहित्यिक अभिव्यक्तिको मार्ग मान्न सकिन्छ । साहित्यिक कृतिमा पाइने सौन्दर्य चेतना भाषिक कलाको आधारमा खडा भएको हुन्छ ।

शैली भनेको भाषाका माध्यमले गरिने अभिव्यक्तिको व्यक्तिपरक तरिका हो । यसले गर्दा उपन्यासमा उपन्यासकारको निजत्वको विशिष्ट रूप झल्किएको हुन्छ । भाषाशैली भन्नाले भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय भन्ने बुझिन्छ । भाषा उपन्यासको स्थुल तत्व हो भने शैली सूक्ष्म तत्व हो । भाषा र शैलीको एकत्व नै भाषाशैली हो ।

उपन्यासकारले भाषालाई नयाँ मौलिक र कलात्मक ढङ्गले प्रयोग गर्दछ । भाषा साहित्यको सर्वस्व हो । भाषाबिनाको साहित्यको कल्पनासम्म पनि गर्न सकिन्न । उपन्यासको भाषा गद्य हुन्छ तर कलात्मक भाषामा उपन्यासले जीवन पाउँछ । भाषालाई कलात्मक आलङ्कारिक र श्रुतिमधुर बनाउने प्रयास उपन्यासकारले गर्दछ । यसरी भाषालाई खेलाउने उपन्यासकारको विशिष्ट प्रकारलाई शैली भनिएको हो । आधुनिक उपन्यासहरूमा भाषालाई भाँचभुँच गरी काव्यात्मक र आलङ्कारिक बनाउन खोजेको पाइन्छ । उपन्यासका भाषा र शैली एकअर्काका परिपूरकका रूपमा रहेका हुन्छन् । भाषाशैली उपन्यासका अनिवार्य र महत्त्वपूर्ण तत्व हुन् । उपन्यास लेखनको क्रममा मुख्य वर्णनात्मक विवरणात्मक विश्लेषणात्मक, संस्मरणात्मक, पात्रात्मक आदि मुख्य शैलीहरू हुन् ।

### **३.२.६ उद्देश्य/जीवनदर्शन :**

जुनसुकै विधाको साहित्यिक रचना सिर्जना गर्नुको कुनै न कुनै उद्देश्य हुन्छ । उपनयास पनि उद्देश्यविमुख भएर लेखिँदैन । उपन्यासमा जीवन र जगत्को वर्णनमात्र नभएर तिनीहरूका माध्यमबाट उपन्यासकारले जीवन जगत्प्रतिको आफ्नो विशिष्ट दृष्टिकोण पनि राखेको हुन्छ । उपन्यासकारको जीवन जगत्प्रतिको दर्शन नै उपन्यासको उद्देश्य हो । पाठकलाई आनन्द दिनुको साथै समाज वा व्यक्तिको चरित्रकोचित्रण गरेर ठोस निष्कर्ष निकाल्दै शिक्षा वा सन्देश दिनु उपन्यास लेखनको खास उद्देश्य हो । यसका साथै मनोरञ्जन दिनु, धार्मिक सन्देश दिनु, नाम र दाम कमाउनु, सामाजिक चेतना विस्तार गर्नु,समाज सुधारको सन्देश दिनु उपन्यास लेखनका उद्देश्य हुन् । समाजको विकृति, विसङ्गतिप्रति असन्तोष व्यक्त गर्दै सुधारको सन्देश दिनु,राजनैतिक, साँस्कृतिक, आर्थिक चेतना जगाउनु, ऐतिहासिक घटनाका बारेमा बारेमा प्रकाश पार्नु आदि उपन्यास लेखनका उद्देश्य हुन् । यसरी आख्यान सामग्रीको चयन गरेर खास जीवनदर्शनमा आधारित रही पाठकको सौन्दर्य चाहना पूरा गर्नु पनि उपन्यास लेखनको उद्देश्य हो । उद्देश्यबिना मानिस कुनै पनि काममा प्रवृत्त नहुने हुँदा लेखनतर्फ उन्मुख गराउने उपन्यासको महत्त्वपूर्ण तत्व उद्देश्य हो ।

### ३.२.७ दृष्टिबिन्दु

उपन्यासमा कथकथिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउा नै दृष्टिबिन्दु हो। इसबाट कथानक कसले र कसरी भनेको छ भन्ने कुरा ज्ञात हुन्छ। कुनै उपन्यासमा कथयिता स्वयम् सहभागी भएको हुन्छ । कुनैमा अरूलाई नै पात्रको रूपमा खेलाडीभ्कैँ खेलाएर आफू परै बसेर त्यसको वर्णन गर्ने गर्छ ।यस आधारमा दृष्टिबिन्दु बाह्य तथा तृतीय पुरुष र आन्तरिक तथा प्रथम पुरुष गरी दुई प्रकारका हुन्छन् ।

**क) बाह्य तथा तृतीय पुरुष दृष्टिबिन्दु**

यस्तो दृष्टिबिन्दु भएको उपन्यासमा कथयिता नै सम्पूर्ण कुराको बारेमा ज्ञात हुन्छन् तर कथयिता घटनास्थल भन्दा बाहिर रहेर अरूका बारेमा टिप्पणी गर्दछन् । यसरी कथयिता बाहिर रहेर कथा वाचन गर्ने दृष्टिबिन्दुलाई तृतीय पुरुष दृष्टिबिन्दु भनिन्छ । यी पनि दुई प्रकारका हुन्छन् । सर्वज्ञ र सीमित ।

सर्वज्ञ दृष्टिबिन्दुलाई सर्वदर्शी दृष्टिबिन्दु पनि भनिन्छ । यस्तो दृष्टिबिन्दु प्रयोग भएका उपन्यासमा कथयिताले प्राय : सबै पात्रका भावना, प्रतिकिया, विचार आदिसमाविष्ट गर्दै ती पात्रको आन्तरिक जीवनकोचिनारी दिइन्छ ।

सीमित दृष्टिबिन्दुमा भने कथावाचकको भूमिका सीमित हुन्छ । कुनै खास वर्ग र विचार भिन्न रही सीमित पक्षबाट कुराको चर्चा गर्दछ । यस्तो दृष्टिबिन्दु प्रयोग भएका उपन्यासमा बेग्लाबेग्लै खण्डमा भएका बेग्लाबेग्लै पात्रमा केन्द्रित भएको पाइन्छ ।

**ख) आन्तरिक तथा प्रथम पुरुष दृष्टिबिन्दु**

यसमा कथयिता नै 'म' पात्र तथा नायकको रूपमा आएर अन्य पात्र तथा घटनाको बारेमा वर्णन गर्दछ । प्रथमपुरुष दृष्टिबिन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारका छन् । कथयिताको कथानकभित्र आफ्नो महत्त्वपूर्ण स्थान हुन्छ र आफ्नै आत्मकथाका रूपमा सरसरती बताउँछ भने त्यो केन्द्रीय आन्तरिक दृष्टिबिन्दु हो ।

परिधीय दृष्टिबिन्दुमा भने कथयिताको उपस्थिति कथानकमा म पात्रकै रूपमा भए पनि ऊ अलि पर रहन्छ अर्थात चित्रणको केन्द्रीय पात्र अर्को नै हुन्छ ।

माथि उल्लेख भएका विभिन्न तत्वहरूको संयोजनबाट उपन्यास तयार हुन्छ । उपन्यासमा यसभन्दा बाहेक, बिम्ब र प्रतीक,संवाद, कथोपकथन आदि तत्वलाई पनि समावेश गरेको पाइन्छ । उपन्यासमा यी तत्वहरूलाई अनिवार्य तत्वको रूपमा भने मानिदैन । उपन्यासलाई मिठासपूर्ण बनाउनका लागि प्रतीक तथा बिम्बको प्रयोग गरिन्छ । कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त वा अव्यक्त भावलाई भिन्न ढाँचाले मूर्तता प्रदान गरिन्छ । यसरी प्रयोग गरिएको वस्तुवा घटनाले सोझो अर्थ बुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँदछ । यस्तो वस्तु नै प्रतीक हो ।

अन्त्यमा उपन्यास तयार हुनका लागि आवश्यक सम्पूर्ण अङ्गहरूलाई उपन्यासका तत्वहरू भनिन्छ । उपन्यासमा आआफ्नो ठाउँमा आआफ्नै किसिमको भूमिका रहन्छ ।

## ३.३ उपन्यासको प्रकारगत वर्गीकरण

विश्व साहित्यमा सबैभन्दा पछि देखा परेको साहित्यिक विधा भए पनि उपन्यासले छोटो समयमा लोकप्रियता र चर्चाको शिखर चुमेको छ । यसको इतिहास लामो नभए पनिउपन्यासलाई वर्गीकरण गर्ने आधार प्रशस्त छन् । खासगरी उपन्यासलाई साहित्यिक परम्परामा मूल्य राख्ने र सस्ता मनोरञ्जनका उपन्यास गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । साहित्यिक मूल्य, मान्यता र प्रवृत्तिका आधारमा विभिन्न वर्गमा उपन्यासलाई वर्ग विभाजन गर्न सकिन्छ ।

### ३.३.१ विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण

उपन्यासमा प्रयोग भएका विविध विषयवस्तुहरूका आधारमा उपन्यासको वर्गीकरण गर्न सकिन्छ । तिनलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**क) सामाजिक उपन्यास**

समाजभित्रका घटनाहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गर्ने उपन्यास सामाजिक उपन्यास हो । सामाजिक उपन्यासभित्र समाजका समस्या, आदर्श, नीति, भावना जस्ता विविध पक्षहरू समेटिएको पाइन्छ । रुद्रराज पाण्डेको रूपमती, रुपनारायण सिंहको भ्रमर सामाजिक उपन्यास हुन् ।

**ख) ऐतिहासिक उपन्यास**

लिखित वा प्रामाण्कि इतिहासको आधार लिएर लेखिने उपन्यासलाई ऐतिहासिक उपन्यास भनिन्छ । इतिहासमा घटित यथार्थ घटना, कुनै व्यक्ति विशेषको नेतृत्वमा स्थापित तत्कालीन परिवेशलाई विशेष स्थान दिएर गरिएको विषयवस्तुको औपन्यासिक रूपान्तरणलाई ऐतिहासिक उपन्यास भनिन्छ । यस्तो उपन्यासमा युग विशेषका घटनालाई स्थान दिइन्छ । डायमन शमशेर राणाको 'वसन्ती', 'सेतो बाघ' ऐतिहासिक उपन्यास हुन् ।

**ग) राजनैतिक उपन्यास**

राजनैतिक क्रियाकलापलाई समेटेर प्रस्तुत गरिएको उपन्यास राजनैतिक उपन्यास हो । यस्ताउपन्यासमा राजनैतिक मूल्यमान्यता प्रतिको समर्थन रविरोधलाई मूल विषयवस्तुका रूपमा समेटिएको पाइन्छ । खड्गबहादुर सिंहको 'विद्रोह' यस प्रकारको उपनयास हो ।

**घ) मनोवैज्ञानिक उपन्यास**

उपन्यासको कथावस्तुको रूपमा पात्रको आन्तरिक मनोजगत्को चित्रण गरिएको उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भनिन्छ । यस्तो उपन्यासमा कथावस्तु पात्रको सामान्य मनोजगत् तथा यौन मनोजगत्बाट टिपिन्छ । विश्वेश्वरप्रसाद कोइरालाको तीनघुम्ती मनोवैज्ञानिक उपन्यास हो । (आचार्य, वस्नेत : २०६२ :३६)

### ङ) दार्शनिक उपन्यास

विश्वमा प्रचलित विभिन्न किसिमका दर्शनहरूमध्ये कुनै एउटा दर्शनमाआधारित विषयवस्तु टिपेर लेखिएका उपन्यास दार्शनिक उपन्यास हुन् । दार्शनिक उपन्यासको उद्देश्य मनोरञ्जन प्रदान गर्ने नभइ दर्शनको जानकारी दिनु रहेको हुन्छ । विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमा उपन्यासलाई दार्शनिक उपन्यासका रूपमा लिन सकिन्छ ।

### च) जासुसी उपन्यास

आपराधिक गतिविधि अर्थात हत्या, चोरी, डकैती, अपहरण आदिबाट पीडित मानव समूहको उपस्थित गराई लेखिएको उपन्यास जासुसी उपन्यास हो । यस्ता उपन्यासहरूमा अपराधको अनुसन्धान र दोषीको जानकारी प्रस्तुत गरिएकोहुन्छ । गिरिशवल्लभ जोशीको वीरचरित्र जासुसी उपन्यासमा पर्दछ ।

### छ) आञ्चलिक उपन्यास

स्थानीय परिवेशलाईसमेटेर लेखिएका उपन्यास आञ्चलिक उपन्यास हुन्। यस्ता उपन्यासमा सानो क्षेत्रमा वर्णित भूबनोट, स्थानीय परम्परा,संस्कार आदिले विशेष महत्त्व पाउँछ । शङ्कर कोइरालाको खैरेनीघाट, हिरण्य भोजुपुरेको छिटेन जस्ता उपन्यास आञ्चलिक उपन्यास हुन् ।

### ज) पौराणिक उपन्यास

पौराणिक विषयवस्तुमा आधारित उपन्यासलाई पौराण्कि उपन्यास भनिन्छ । यस्ता उपन्यासमा उपन्यासकारले पौराणिक घटना, पात्र र परिवेशलाई आफ्नो लेखनकलाले आधुनिक सन्दर्भ दिएको पाइन्छ । राजेश्वर देवकोटाको द्वन्द्वको अवसान उपन्यासलाई पौराणिक उपन्यास मान्न सकिन्छ ।

### ३.३.२ उद्देश्य वा औपन्यासिक तत्वका आधारमा उपन्यासको वर्गीकरण

उपन्यासका तत्वहरूमध्ये कुनै तत्वलाई बढी महत्त्व दिएर लेखिएको हो भन्ने कुराका आधारमा गरिने उपन्यासको वर्गीकरण नै उद्देश्य वा औपन्यासिक तत्वका आधारमा गरिने वर्गीकरण हो । यसमा कुन तत्वको प्रधानता छ भन्ने कुरा हेरिन्छ ।

**क) घटनाप्रधान उपन्यास**

उपन्यासमा पात्र र घटना महत्त्वपूर्ण पक्ष हुन् । घटनाप्रधान उपन्यासमा नायक के गर्छ भन्दा पनि अब कस्तो घटना घट्छ भन्नेतर्फ पाठक आकर्षित भएको पाइन्छ । घटनाप्रधान उपनयासमा चरित्र र घटना दुबै हुन्छन् तर घटनाले मूख्य रूप लिन्छ । साहसिक, जासुसी र तिलस्मी उपन्यासहरू घटनाप्रधान उपन्यास हुन् । वीरचरिक्र मेजरको औँठी घटनाप्रधान उपन्यास हुन् ।

**ख) चरित्रप्रधान उपन्यास**

उपन्यासमा अन्य तत्वहरूको दाँजोमा चरित्र वा पात्रलाई प्रधानता दिइन्छ भने त्यो उपन्यास चरित्रप्रधान उपन्यास हो । मनोवैज्ञानिक र बौद्धिकताले भरिएको उपन्यासलाई चरित्रप्रधान उपन्यासमा समेट्न सकिन्छ । चरित्र अनुकूल घटनाको प्रस्तुति चरित्रप्रधान उपन्यासमा गरिएको हुन्छ । विजय मल्लको अनुराधा, पारिजातको शिरिषको फूल चरित्रप्रधान उपन्यास हुन् ।

**ग) नाटकीय उपन्यास**

नाटकीय उपन्यासमा उपन्यासकारहरूले पात्रहरूको चरित्रचित्रण अभिनयात्मक गराउँछन्। यस प्रकारको उपन्यासमा स्रवादको प्रस्तुतति महत्त्वपूर्ण हुन्छ रसंवादको माध्यमबाट उपन्यासको मूल अभिप्राय व्यक्त भइरहेको हुन्छ । यस्ता उपन्यासमा कथावस्तु पात्रका विभिन्न किसिमका कियाकलाप र चारित्रिक विशेषतामा आधारित हुन्छ । लीलबहादुर क्षत्रीको बसाइँ उपन्यासलाई नाटकीय उपन्यासमा लिन सकिन्छ ।

### ३.३.३ शैलीका आधारमा उपन्यासको वर्गीकरण

कुन शैलीमा उपन्यास लेखिएको छ भन्ने कुराका आधारमा उपन्यासको वर्गीकरण गर्न सकिन्छ । जसलाई तल प्रस्तुत गएिको छ ।

**क) वर्णनात्मक उपन्यास**

वर्णनात्मक शैलीमा लेखिएका उपन्यास स्रष्टाले नै सम्बन्धित घटनाको वर्णन तथा विवरण पेस गर्दछन् । यस प्रकारको उपन्यासमा पात्रको दृष्टिकोण र स्वभावको प्रत्यक्ष वर्णन हुन्छ । यसमा आफूले देखेको कुराको चित्रण हुन्छ । रूपनारायण सिंहको भ्रमर, रुद्रराज पाण्डेको रूपमती वर्णनात्मक शैलीमा लेखिएका उपन्यास हुन् ।

**ख) आत्मकथात्मक उपन्यास**

उपन्यासका नायक वा नायिकाको रूपमा उपन्यासकार आफ्नै आत्मजीवनी प्रथम पुरुषको शैलीमा प्रस्तुत गर्दछ भने त्यस्तो उपन्यासलाई आत्मकथात्मक उपन्यास भनिन्छ ।यस्ता उपन्यासमा घटना संवादको सट्टा चरित्र चित्रणलाई महत्त्व दिइन्छ । मदनमणि दीक्षितको माधवी आत्मकथात्मक उपन्यासमा पर्दछ ।

**ग) पात्रात्मक उपन्यास**

पात्रहरूका माध्यमले कथानक विकास गरी लेखिएको उपन्यासमा उपन्यासकारको व्यक्तिगत भावनाको स्वतन्त्र अभिव्यक्ति हुन्छ । पात्रात्मक शैलीको प्रयोग गरेर लेखिएको उपन्यासको उदाहरणमा असित राईको पहिरो जाने पहाड पर्दछ ।

**घ) डायरी उपन्यास**

दिनभरिका उल्लेखनीय वा स्मरणीय काम कुराको विवरण सङ्क्षिप्त रूपमा लेखिने पुस्तिका डायरी हो । डायरीमा झैँ उपन्यासमा पनिदिनभरका उल्लेखनीय जीवनसित सम्बन्धित वासामाजिक महत्व रहने कुराहरूको क्रमबद्धता सहित प्रस्तुतति गरिन्छ । डायरी उपन्यासले कथानकलाई विस्तार गर्न महत्त्वपूर्ण भूमिका बहन गरेको हुन्छ । नेपालीमा डायरी शैलीमा

उपन्यास लेखन परम्परा विकसित र सुदृढ नभए पनि पारिजातको 'अन्तर्मुखी' मा यसको केही प्रयोग भएको पाइन्छ ।

**ङ) चित्रात्मक उपन्यास**

उपन्यासमा कुनै खास किसिमको धारणा प्रस्तुत गर्न उपन्यासकारले चित्रात्मक शैलीको उपयोग गरेको पाइन्छ । कुनै खास समाज वा घटनाको खास किसिमको सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक,सांस्कृतिक तथ्यलाई यथार्थ रूपमा उतार्ने कामका लागि चित्रात्मक शैलीको प्रयोग उपन्यासमा गरिन्छ । आञ्चलिक र अतियथार्थवादी उपन्यास लेखनका निम्ति चित्रात्मक शैली उपयोगी हुन्छ । चित्रात्मक शैलीका उपन्यासको उदाहरणमा लैनसिंह वाङ्देलको लङ्गडाको साथी उपन्यासलाई लिन सकिन्छ ।

### ३.३.४ विचार वा प्रवृत्तिका आधारमा उपन्यासको वर्गीकरण

उपन्यासमा कुनै न कुनै विचार वा प्रवृत्तिको प्रस्तुति अवश्य हुन्छ ।सबै उपन्यासमा एउटै किसिमको विचार वा प्रकृति हुँदैन । त्यसैले विचार वा प्रवृत्तिका आधारमा उपन्यासलाई निम्नलिखित प्रकारमा विभाजन गर्न सकिन्छ ।

**क) आदर्शवादी उपन्यास**

मानिसले सधैँ आदर्श असल कुरालाई लक्ष्य गरेर त्यसको सिद्धि वा प्राप्तिका लागि काम गरेमा संसार अवश्य सुन्दर र सुखद हुनेछ भन्ने सिद्धान्तको अनुयायीलाई आदर्शवादी भनिन्छ । यस्ताउपन्यासमा नीति रनियमको कठोर पालना हुन्छ र सेवाको भाव उच्च देखिन्छ । उपन्यास लेखनको क्रममा आधुनिक कालमा प्रारम्भमा आदर्शवादी उपन्यास लेखिएको देखिन्छ । विष्णुचरण श्रेष्ठको सुमती यस प्रकारको उपन्यास हो ।

**ख) आदर्शोन्मुख यथार्थवादी उपन्यास**

उपन्यासको सुरुवात यथार्थ भई अन्त्य आदर्शमा हुन्छ भने त्यस्ता उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी उपन्यास भनिन्छ । समाजका विकृति र विसङ्गतिमूलक यथार्थ

घटनालाई टिपेर मानवले त्यसलाई त्यागेर असल मार्गमा लाग्नुपर्छ भन्ने उद्देश्य आदर्शोन्मुख यथार्थवादी उपन्यासमा पाइन्छ । रुद्रराज पाण्डेको रूपमति  यस प्रकारको उपन्यास हो ।

**ग) सामाजिक यथार्थवादी उपन्यास**

सामाजिक यथार्थवादी उपन्यासमा उपन्यासकारले समाजका यथार्थ कुरालाई टिपेर राख्ने काम गरेको हुन्छ। उपन्यासमा सामाजिक जीवनका वास्तविकतालाई कथावस्तुका माध्यमबाट टपक्क टिपेर राखिदिने काम यथार्थवादी स्रष्टाको हो । समाजमा विद्यमानरहेका दुःखासुख, पीर, व्यथा, वेदना, छटपटी, उकाली, ओराली, उकुसमुकुस आदिलाई यथार्थ रूपमा प्रकट गर्ने कार्य सामाजिक यथार्थवादी उपन्यासमा हुन्छ । उपन्यास लेखन परम्परामा लैनसिंह वाङ्देलको मुलुक बाहिर उपन्यासले सामाजिक यथार्थवादी उपन्यासको थालनी गरेको छ । (लामिछाने : २०५६ : ११३)

**घ) स्वच्छन्दतावादी उपन्यास**

मनिसका व्यक्तिगत अनुभवलाई सहज र स्वच्छन्द ढङ्गबाट व्यक्त गर्ने काम स्वच्छन्दतावादले गर्दछ । तार्किकता र बौद्धिकताका विपरीत कल्पना र भावावेगमापथ विशेष जोड दिने कलात्मक प्रवृत्ति विशेष स्वच्छन्दतावाद हो । (जोशी : २०३८ : १९)

अतीतोन्मुख तथा रहस्यवादी दर्शनका रूपमा बुझ्न सकिने स्वच्छन्दतावादको मूल मर्म यथार्थदेखि पलायन हुँदै उन्मुक्त कल्पनाको विचरण गर्नुरहेको पाइन्छ ।

नेपाली उपन्यास परम्परामा रूपनारायण सिंहको भ्रमर वि.सं १९९३ देखि स्वच्छन्दतावादी धाराको अभ्युत्थान भएको हो । (सुवेदी, २०६४ : ८४)

यसबाहेक शिवकुमार राईको डाकबङ्गला वि.सं.२०१३, हिरण्य भोजपुरेको छिटेन आदि स्वच्छन्दतावादी धाराका नेपाली उपन्यासहरू हुन् ।

### ङ) समाजवादी यथार्थवादी उपन्यास

मार्कसवादी दृष्टिकोणमा सहमति जनाउँदै उपन्यासमा स्रष्टाले आफ्ना अभिव्यक्ति प्रस्तुत गर्दै कार्लमार्क्सको समाजवादी दृष्टिकोणलाई अवलम्बन गर्दै लेखिएका उपन्यासलाई समाजवादी यथार्थवादी उपन्यास भनिन्छ । जसले समाजमा विद्यमान रहेका शोषण, उत्पीडन, वर्गीय द्वन्द्वलाई प्रस्तुत गर्दछ । समाजका शोषित पीडित जनतामा वर्गीय चेतनाको अभिवृद्धि गरेर आफ्नो हक र अधिकार प्राप्तिका लागि उत्प्रेरित गरेको पाइन्छ । (लामिछाने : २०५६ : ११४)

मान्छेका संस्कारमा जरा गाडेर बसेका विविध प्रकारका विसङ्गतिहरूलाई समाजवादी यथार्थवादी रचनाले उखेलेर फ्याँक्नु पर्ने वस्तुका रूपमा ठम्याएको हुन्छ । रुढीर भ्रमजाललाई चिर्नसक्ने वैज्ञानिक विचारको व्याख्या र विश्लेषण, जीवन र जगत्लाई हेर्ने द्वन्द्वात्मक दृष्टि र विवेचना जस्ता कामको थालनी हुनुपर्ने कुरामा यसले जोड दिएको छ । नेपाली साहित्यमा समाजवादी यथार्थवादी उपन्यासका रूपमा लिन सकिने उपन्यासमा डि.बी. अधिकारीको आशमाया वि.सं. २०२५, हृदयचन्द्रसिंह प्रधानको स्वास्नी मान्छे वि.सं. २०११, खगेन्द्र सङ्ग्रौलाको चेतनाको पहिलो डाक २०२७ आदि पर्दछन् । (अधिकारी : २०७३ : ५७)

### च) आलोचनात्मक यथार्थवादी उपन्यास

समाजमा रहेका विविध विकृति विसङ्गतिप्रति आलोचना गरि लेखिएको उपन्यासलाई आलोचनात्मक यथार्थवादी उपन्यास भनिन्छ । आलोचनात्मक यथार्थवादी उपन्यासमा समाजमा रहेका यथार्थ चित्रण गर्ने क्रममा शोषित, पीडित तथा गरिबप्रति सहानुभूति दर्शाएको हुन्छ । हृदयचन्द्रसिंह प्रधानको एक चिहान, दौलतविक्रम विष्टको भोक तिर्खा र भित्ताहरू आदि उपन्यासलाई आलोचनात्मक यथार्थवादी उपन्यासमा लिन सकिन्छ ।

### छ) अस्तित्ववादी उपन्यास

आफ्नो  अस्तित्वका लागि सदैव लडिरहन्छ भन्ने मान्यतामा अडिग भएर लेखिएका उपन्यास अस्तित्ववादी उपन्यास हुन्। यस्ताउपन्यासमा सामाजिक मान्यतामा भन्दा बढी व्यक्तिगत अस्तित्व जगेर्नाका निम्ति गरिएका सङ्घर्षहरूलाई विषयवस्तुका रूपमा अस्तित्ववादी

उपन्यासमा समेटिएका हुन्छन् । धर्तीमा मानवको जन्म भएपछि ऊ विसङ्गतिमा रुमल्लिन पुग्छ र ऊ आफ्नो अस्तित्वको लागि सदैव लडिरहन्छ भन्ने मान्यतामा अस्तित्ववादी उपन्यास लेखिन्छ । नेपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइरालाको 'तीनघुम्ती' र पारिजातको 'शिरिषको फूल' लाई अस्तित्ववादी उपन्यासका रूपमा लिन सकिन्छ ।

**ज) मनोविश्लेषणवादी उपन्यास**

मानव मनका अचेतन रूपमा रहेका कुण्ठा, मनोग्रन्थीको विश्लेषण गर्ने उपन्यासलाई मनोविश्लेषणवादी उपनयास भनिन्छ ।व्यक्तिका इच्छा, आकांक्षा र जिजीविषालाई मनोवैज्ञानिक उपन्यासले आफ्नो कथ्य बनाउँछ रयसमा व्यक्तिका निजी समस्याहरूलाई समेटिएका हुन्छन् । सिग्मन्ड फ्रायड रउनको समकक्षी अल्फ्रेड एड्लर कार्लजी युङले मनोवैज्ञानिक सिद्धान्तको प्रतिपादन गरेपछि उपन्यासकारले मनोविश्लेषणवादी धारामा उपन्यास लेख्न थालेको पाइन्छ ।

यस प्रकृतिका उपन्यासहरूमा व्यक्तिका वासना, दमित इच्छा, हीनता भाव, स्वपीडन, परपीडन, रतिराग जस्ता वैयक्तिक मानवीय प्रकृति अर्थात व्यक्तिको आन्तरिक मनको चिरफार गरिन्छ ।

नेपाली उपन्यास परमपरामा गोविन्दबहादुर मल्ल गोठालेको पल्लो घरको झ्याल उपन्यासलाई मनोविश्लेषणवादी उपन्यासका रूपमा लिनसकिन्छ । (आचार्य : वस्नेत : २०७२ : १२)

**झ) विसङ्गतिवादी उपन्यास**

सर्वत्र असङ्गति र विसङ्गत अवस्था नै जीवन जगत्को मूलभूत कुरा हो भन्ने मान्यता विसङ्गतिवाद हो । पहिलो र दोस्रो विश्वयुद्धमा भएको नरसंहार सवध्वंस र अवस्थितिले मूल्यहीन अवस्थामा पुगेको मानव जीवनको यथार्थलाई साहित्यका सन्दर्भमा विसङ्गगतिवादी धाराले प्रस्तुत गरेको पाइन्छ ।

जीवनर जगत् बीच असङ्गत देखिने तथा जीवनप्रति नै घृणा तथा वितृष्णा जगाउने प्रवृत्ति बोकेका उपन्यासहरू विसङ्गतिवादी उपन्यास हुन् । नेपाली उपन्यास लेखनका क्षेत्रमा

विश्वेश्वरप्रसाद कोइरालाको नरेन्द्रदाइ, पारिजातको शिरिषको फूल जस्ता उपन्यास विसङ्गतिवादी उपन्यास हुन् । (लामिछाने, २०५६ : ११५)

**ञ) प्रयोगवादी उपन्यास**

पहिलेदेखि चलिआएको उपन्यास लेखन परम्परामा रहेको अनावश्यक प्रक्रिया हटाइ समयानुकूल शैलीमा लेखिएको उपन्यासलाई प्रयोगवादी उपन्यास भनिन्छ । यस प्रकारका उपन्यासहरूमा परम्परागत उपन्यासभन्दा नयाँ शैली, नयाँ ढाँचा र नवीन शिल्प भएको देखिन्छ । नेपाली उपन्यासका क्षेत्रमा ध्रुवचन्द्र गौतमको 'डापी', मञ्जुलको छेकुडोल्मा र दस जना उपन्यासकारहरूद्वारा संयुक्त रूपमा तयार पारिएको आकाश विभाजित छ उपन्यासहरू प्रयोगवादी उपन्यास हुन् ।

**ट) मिथकीय उपन्यास**

वर्तमानका जटिल यथार्थलाई आदिमतासँग जोडेर मानव मनको समष्टि चेतनामा नयाँ धरातलको निर्माण गर्ने काम मिथकीय उपन्यासले गरेको पाइन्छ । यस शैलीमा उपन्यास लेख्ने उपन्यासकारहरू प्राचीन कथा वा घटनाका उपयोगी कुराहरू आधुनिक मानव समाजमा पुन : प्रयोग गर्नुपर्छ भन्ने मान्यता राख्दछन् । प्राचीन र पौराणिक ग्रन्थहरूको कथावस्तुलाई टिपेर आधुनिक सन्दर्भमा प्रस्तुत गर्ने काम मिथकीय उपन्यास लेखन प्रक्रियामा गरिन्छ । नेपालीउपन्यास लेखन परम्परामा विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमा मदनमणि दीक्षितको माधवी मिथकीय उपन्यास अन्तर्गत पर्दछन् ।

### ३.३.५ आयाम वा आकारका आधारमा उपन्यासको वर्गीकरण

उपन्यासको आकार कस्तो छ ? उपन्यास ठूलो आकारको छ वा सानो आकारको भन्ने आधारमा गरिएको वर्गीकरण नै आयाम वा आकारको आधारमा गरिएको उपन्यासको वर्गीकरण हो । यस आधारमा उपन्यासलाई निम्न अनुसार दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

**क) लघु उपन्यास**

मानव जीवनका पूर्व पक्षहरूलाई नसमेटी केही पक्षहरूमात्र समेटिएको साना आकारमा संरचित उपन्यासलाई लघु उपन्यास भनिन्छ । नेपाली साहित्यमा लैनसिंह वाङ्देलको 'लङ्गडाको साथी', गोविन्दबहादुर मल्ल गोठालेको 'पल्लो घरको झ्याल' आदि लघु उपन्यासहरू हुन् ।

**ख) बृहत् उपन्यास**

मानव जीवनका विविध पक्षहरूको उद्घाटन गरी ठूला आकारमा संरचित उपन्यासलाई बृहत् उपन्यास भनिन्छ । नेपाली उपन्यास लेखन परम्परामा भवानी भिक्षुको 'आगत', मदनमणि दीक्षितको माधवी, विनोदप्रसाद धितालको योजन गन्धा आदि हुन् ।

## ३.४ नेपाली उपन्यासको विकासक्रम

अठारौँ शताब्दीमा पाश्चात्य साहित्यमा नयाँ विधाको रूपमा उदय भएको उपन्यासको इतिहास धेरै पुरानो छैन । उपन्यास विधा अङ्ग्रेजी, हिन्दी, बङ्गाली साहित्य हुँदै नेपालीमा प्रवेश गरेको हो । खास गरी नेपालको एकीकरणपछि संस्कृतबाट नेपालीमा रूपान्तरण गरिएका छोटामोटा कथा नै नेपालीमा उपन्यासका पृष्ठभूमि हुन् । पुराण, वेद, उपनिषद् आदि संस्कृत ग्रन्थमा अवस्थित आख्यानहरूलाई नेपाली भाषामा अनुवाद गर्ने परम्परा बसेपछि नेपाली उपन्यासको पृष्ठभूमि तयार भएको मानिन्छ । संस्कृतबाट अनुदित मानिसका व्यवहारोपयोगी धर्मसंस्कार, औषधी उपचार र उपाख्यान तथा प्रेमाख्यानहरूलाई साहित्येतिहासकारहरूले नेपाली उपन्यासको पूर्वाधार मानेको सुरुवात र पछिको उपन्यास लेख्ने कामको पृष्ठभूमि मान्नुपर्ने हुन्छ ।

'बाजपरीक्षा' (१७००), 'खण्डखाद्य' (१५५६), वाणीविलासको 'ज्योत्पत्तिचिकित्सा' (१७७३), प्रेमनिधि पन्तको 'प्रायश्चित्त प्रदीप' (१७८०), दावादल शाहको 'औषधरसायन' (१०००) जस्ता गद्यानुवादबाट नेपाली गद्यलेखनको सुरुवात भएको मानिन्छ । यी बाहेक विभिन्न राजामहाराजाहरूले लेखेको शिलापत्र, ताम्रपत्र, दानपत्र आदिलाई पनि नेपाली गद्य लेख्य

परम्पराको थालनी मान्न सकिन्छ । सचेत रूपमा उपन्यास लेखनको थालनी भने नेपालीमा निकै पछिमात्र भएको मानिन्छ । वि.सं. १८२७ को शक्तिवल्लभ अर्यालद्वारा लिखित 'महाभारत विराटपर्व' (१८२७) देखि नेपाली उपन्यास लेखनको सुरुवात भएको मानिन्छ । त्यसकारण यही गद्याकृतिबाट नेपाली उपन्यास लेखनको सुरुवात भएको मानिन्छ । भाषालेखनशैली, उद्देश्य र प्रस्तुतिलाई आधार मान्दै नेपाली उपन्यासको इतिहासलाई निम्न तीन कालखण्डमा विभाजन गरी अध्ययन गर्दा सजिलो हुने भएकाले यहाँ यसैका आधारमा चरण विभाजन गरी अध्ययन गर्न सकिन्छ । (बराल र एटम : २०५६ : ७७)

क) वि. सं. १८२७ देखि १९५७ सम्म प्राथमिक काल

ख) वि.सं. १९४६ देखि १९९० सम्म माधयमिक काल

ग) वि.सं. १९९१ देखि हालसम्म

## ३.४.१ प्राथमिक काल

नेपाली उपन्यास साहित्यको खोज गर्दै जाँदा यसको हालसम्म आदिबिन्दु शक्तिवललभ अर्यालको 'महाभारत विराटपर्व' (१८२७) सम्म पुग्न सकिन्छ । प्राथमिक कालको आरम्भ हुनुभन्दा अगाडिको समयमा आख्यान भन्न लायक रचनाहरू पाइँदैनन् । करिब ११८ वर्षको अन्तरालमा फैलिएको नेपाली उपन्यासको प्रथम चरणका उपन्यास लचिलो र विकासशील साहित्यिक विधा भएकाले यसमा समय सापेक्ष नयाँ नयाँ प्रयोगहरू गरिएको सिद्धान्त र मान्यतामा अटल रहन पनि सक्दैनन् । निश्चित उद्देश्य प्राप्तिका लागि निश्चित परिवेशलाई समेटी उपन्यासको निजी शैलीमा घटना तथा काल्पनिक पात्रको आख्यानात्मक प्रस्तुति नै उपन्यासको खास विधागत स्वरूप बनन पुगेको देखिन्छ ।

पृथ्वीनारायण शाहले सरु गरेको नेपालको राष्ट्रिय एकीकरणको अभियानसँगै नेपाली भाषा र साहित्यले पनि फुल्ने, फल्ने र विकसित हुने अवसर पायो । यसपछि नेपाली गद्यपद्य दुबै विधामा साहित्य सिर्जना हुन थाल्यो । यस प्राथमिक कालमा मौलिक आख्यानहरूको सिर्जना नभए पनि अनुवाद परम्पराबाटै नेपाली गद्य आख्यान लेखनको जग भने बसेको मान्न सकिन्छ ।

'महाभारत विराटपर्व (१८२७) पछि नेपालीमा अनुवाद गरिएको दोस्रो गद्याख्यान 'बहत्तरी सुगाको कथा'(१८५०) हो । त्यसपछि शक्तिवल्लभ अर्यालले नै आफैंले संस्कृतमा लेखेको 'हास्यकदम्ब' लाई वि.सं. १८५५ मा नेपाली अनुवाद गरे । भानुदत्तको 'हितोपदेश मित्रलाभ' (१८३३) ले पनि गद्याख्यान लेखन परम्परालाई अघि बबढायो । रामचन्द्र पाध्याको 'लक्ष्मी धर्म संवाद' (१८५१), लेखक अज्ञात रहेको 'पिनासको कथा' (१८७२), 'दशकुमार चरित्र' (१८७५), 'मुन्सीका तीन आहान' (१८७६) , भवानीदत्तको 'मुद्राराक्षस' (१८७२), सुन्दरानन्द बाँडाको 'त्रिरत्न सौन्दर्यगाथा' (१८९०), वाणभट्टको 'कादम्बरी' आदि कृतिहरू नेपाली उपन्यास परम्पराका प्रारम्भिक गद्याख्यानहरू हुन् । त्यस्तै गरी कतिपय प्राथमिककालीन आख्यानहरू अङ्ग्रेजी भाषाबाट पनि नेपालीमा अनुदित छन् । यिनमा सेरामपुरको 'बाइबल' (वि.सं. १८८४), पादरी गङ्गाप्रसाद प्रधानको 'नेपाली बाइबल' (१९४०) आदि अङ्ग्रेजीबाट नेपालीमा अनुदित आख्यानहरू हुन् ।

प्राथमिककालीन आख्यानपरमपरा उपनयासगत आकार प्राप्तिका हिसाबले महत्त्वपूर्ण तथा मौलिकताका दृष्टिले नवीन छैनन् तर अनुवाद रूपान्तरण तथा आख्यान लेखनतर्फ अभिरुचि जगाउने हिसाबले प्राथमिक काल महत्त्वपूर्ण देखिन्छ । अनुवाद नै भए पनि कथा सूत्र प्रक्रिया, गद्यशैली र आख्यान विधाका दृष्टिले यस्ता कृतिहरूको उपन्यास विकासमा महत्त्वपूर्ण योगदान रहेको देखिन्छ ।

## ३.४.२ माध्यमिक काल

वि.सं. १९४६ मा शिवदत्त शर्माद्वारा 'वीरसिक्का' लेखिएपछि नेपाली गद्याख्यान परम्परामा माध्यमिककाल सुरु भएको मानिन्छ । यो कृति संस्कृतबाट नेपालीमा अनुवाद गरिएको भए तापनि यसमा नेपाली जनजीवनका झल्काहरू प्रस्तुत गरिएकाले यसले प्राथमिककालीन गद्याख्यान परम्परालाई तोडेर मध्यकालतर्फ फड्को मारेको मानिन्छ । यो कृति उपन्यास नै त होइन तर आख्यानको निर्माणको कोशेढुङ्गा चाहिँ मान्न सकिन्छ । यो एउटा कथामाला हो जसमा साहसिक, रोमाञ्चक, वीरतापूर्ण, तिलस्मी र जासुसी कथाहरू समेटिएका छन् । यसमा नैतिक चेतना दिने प्रयास गरिएको छ । खासगरी माध्यमिक कालमा वैदिक, पौराणिक ग्रन्थबाट अनुवादगरिएका धार्मिक, नैतिक कथाहरू तथा विभिन्न भाषाका स्रोतबाट समाख्यान, प्रेमाख्यान, गद्याख्यान, अनुवाद गरिएका छन् । चिरञ्जीवी पौड्यालको 'प्रेमसागर' (

१९५०), 'सुरवार्णव' (१९५७) कासाथै नरवदेवद्वारा प्रकाशित नलोपाख्यान (१९५९) ले वीरसिककाको गतिलाई टेवा पुऱ्याएका छन् ।

माध्यमिककालीन उपन्यासको विकासमा पत्रपत्रिकाको योगदान महत्त्वपूर्ण रहेको छ । कतिपय पत्रिकाहरूमा उपन्यासको धारावाहिक प्रकाशनको लहर चल्छ। गेरखापत्र (वि.सं. १९५८) , चन्द्र (१९७४), उपन्यास तरङ्गीणी (वि.सं. १९५९) माधवी (१९६५), सुन्दरी (१९६३), जस्ता पत्रिकामार्फत नेपाली उपन्यासले प्रकाशनको अवसर प्राप्त गरेका छन् । वि.सं. १९५९ मा उपन्यास तरङ्गीणीमा प्रकाशित सदाशिव शर्माका 'महेन्द्रप्रभा' नै पहिलो मौलिक नेपाली उपन्यास हो । माध्यमिककालीन अन्य उपन्यासहरूमा गिरीशवल्लभ जोशीको 'वीरचरित्र' (१९६०) प्रारब्धदर्पण (१९६७), वेदनाथ आचार्यको 'दयाकी भावी' (१९७९), पद्मानाभ सापकोटाको 'जीवनचरित्र' (१९८९), यामप्रसाद सत्यालको 'महासती अनुसुया' (१९८), अम्बालिका देवीको 'राजपूत रमणी' (१९८९) आदिरहेका छन् ।

वीर सिक्काबाट प्रारम्भ भएको माध्यमिककालीन औपन्यासिक परम्परा 'महेन्द्रप्रभा' (१९५९), 'वीरचरित्र' (१९६०), राजपूत रमणी (१९८९) हुँदै अगाडि बढेको छ । प्रकाशनको सुविधासँगै नेपाली उपन्यासहरू धारावाहिक रूपमा पत्रिकामा प्रकाशित हुँदै जान्छन् । अतिरञ्जित कल्पना र उडन्ते आख्यानलाई त्याग्दै विश्वसनीय घटनावली र यथार्थतर्फको लम्काइमा अभिमुख हुने प्रवृत्ति माध्यमिक कालका उत्तरवर्ती उपन्यासहरूमा पाइन्छ । स्रोतगत विस्तार र विषयगत विविधता प्रकाशनका माध्यमबाट जन समक्ष पुग्ने अवसर माध्यमिककालीन उपन्यासहरूले प्राप्त गरेका छन् । नेपाली उपन्यासको माध्यमिककालीन समयमा चक्रपाणी चालिसे, शम्भुप्रसाद ढुङ्गेल, पारसमणि प्रधान, पहलमानसिंह स्वाँर, विज्ञानविलास आदि व्यक्तिहरूले गद्याख्यानहरू लेखेर तथा अनुवाद गरेर गद्याख्यान लेखनलाई चरम उत्कर्षमा पुऱ्याउने कामगरेका छन् ।

## ३.४.३ आधुनिक काल

नेपाली उपन्यास साहित्यमा आधुनिक कालको प्रवर्तक समयाबिन्दुका बारेमा विद्वान तथा समीक्षककहरूबीच एक मत पाइँदैन । साहित्य विकासमा पृष्ठभूमिलाई नियाल्दा कुनै समयाबिन्दुमा प्रकाशित साहित्यिक कृतिविशेषले कुनै वाद वा प्रणालीको सटिक तवरले स्थापना वा व्याख्या गरेको पाइँदैन । परम्परागत चिन्तनको जगमा उभिएर नवमूल्य प्रवृत्तिलाई आत्मसात गर्न खोज्ने कृतिहरूका आधारमा आधुनिकता सिद्ध गर्न सकिन्छ । परिवर्तनशील समाज, नवीन चिन्तन प्रणाली र नयाँ पर्यावरणमा दृश्यमान समकालीन तथ्यहरूलाई साहित्यका सन्दर्भमा कृतिमा सन्निविष्ट गर्दै जानुमा आधुनिककता निहीत देखिन्छ । यसरी हेर्दा आधुनिकता भनेको निश्चित समय बिन्दुमा बाँधिने कुरा नभई यो त समाज, मानवीय चिन्तनको विकास र व्यापकतासँगै गतिशील रहने देखिन्छ ।

नेपाली उपन्याससाहित्यको आधुनिककालको प्रवर्द्धन सम्बन्धमा समीक्षक भानुभक्त पोखरेलले वि.सं. १९९१ मा प्रकाशित रुद्रराज पाण्डेको 'रुपमती' उपन्यासलाई आधुनिक मानेका छैनन् । आदर्श र नीतिशिक्षामा जोड दिइएकाले 'रूपमति' यथार्थपरक छैन भन्दै वि.सं. १९९३ मा प्रकाशित रूपनारायण सिंहको 'भ्रमर' बाट उनी आधुनिककालको सुरुवात मान्दछन् । वास्तवमा 'रूपमती' उपन्यास प्राथमिककालीन नीतिमूलक, माध्यमिककालीन जासुसी, तिलस्मी आख्यानभन्दा भिन्न वस्तुजगत्का यथार्थ घटनामा आधारित छ । त्यस कारण यसले सामाजिक धरातलमा सम्भाव्य र स्वभाविक घटनाको संयोजन गरेको छ । मानवीय चरित्र, वस्तु यथार्थ, द्वन्द्व, कौतुहलता र सामान्य भाषा प्रयोग गरेर आधुनिक ढाँचाको प्रथम प्रयोग रूपमतीले दिएको पाइन्छ । प्रस्तुत उपन्यासमा नेपाली समाजमा हुँदै आइरहेका बुहारीमाथिको सासूको हैकमपूर्ण व्यवहारलाई चित्रित गरिएको, बुहारी भएपछि सासू, देवरको लाञ्छना सहनुपर्ने र देवरानी, जेठानीका बीचमा हुने कलह, वैमनस्यता जस्ता समाजका यथार्थ पक्षहरूलाई टिपेर प्रस्तुत गरिएकाले यो यथार्थपूर्ण देखिन्छ । बुहारी हुनु त रूपमतीजस्ती  भन्ने आदर्श स्थापना गर्न खोजिएकाले यो आदर्शोन्मुख यथार्थवादी उपन्यास हो ।

यसरी रूपमती (वि.सं.१९९१) देखि सुरु भएको नेपाली उपन्यासको आधुनिककाल विभिन्नसमयमा विभिन्न प्रवृत्तिलाई आत्मसात गर्दै आजको अवस्थासम्म गतिशील छ । नेपाली

उपन्यासहरूमा हालसम्म देखिएका प्रवृत्तिगत भिन्नताका आधारमा वि.सं. १९९१ देखि वर्तमानसम्मको नेपाली उपन्यास लेखन प्रवृत्तिलाई मोटामोटीमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ । (शर्मा र लुइँटेल : २०६१ : २७) ।

क) आदर्शोन्मुख यथार्थवादी धारा

ख) स्वच्छन्दतावादी धारा

ग) सामाजिक यथार्थवादी धारा

घ) आलोचनात्मक यथार्थवादी धारा

ङ) मनोविश्लेषणात्मक धारा

च) विसङ्गतिवादी धारा

छ) अस्तित्ववादी धारा

ज) समाजवादी यथार्थवादी धारा

झ) नवचेतनामूलक/उत्तरआधुनिक धारा

**क) आदर्शोन्मुख यथार्थवादी धारा**

वस्तु जस्तो छ त्यसलाई त्यस्तै रूपमा चित्रण गर्ने काम यथार्थवादले गर्दछ । समाजमा जे छ त्यो नभई जसमा अपेक्षा राखिन्छ अर्थात जस्तो हुनुपर्दछ त्यसको दिग्दर्शन गर्ने काम आदर्शवादले गर्दछ । वास्तवमा मानवमा रहने नैतिकता, अनुशासन, मर्यादा रअनुकरणीय गुणहरूलाई नै व्यापक अर्थमा आदर्श भनिन्छ ।(सुवेदी, २०६४, ६३) मानवसमाज रयथार्थ परिवेशलाई आधार बनाएर लेखिएको उपन्यास जब आदर्शको केन्द्रीय निष्कर्षमा टुङ्गिन्छ त्यो आदर्शोन्मुख यथार्थवादी हुन्छ (बराल र अन्य, २०५६, ९८) । नेपाली उपन्यास परम्परामा रुद्रराज पाण्डेको रूपमतीबाट आदर्शोन्मुख यथार्थवादी लेखन सुरु हुन्छ (प्रधान, २०५३, ७७) । मोहनबहादुर मल्लको उजेली छामा (वि.सं. २००८), पञ्चायत (वि.सं. २०१०), समयको हुरी -

वि.सं. २०१५) अच्छा राई 'रसिक' को लगन (वि.सं. २०१२), भुवनेश्वर कोइरालाको सत्यसन्देश र विधुवा जीवन (वि.सं. २०१३) लीलाध्वज थापाको मन (वि.सं. २०१४) इन्द्र सुन्दासको मङ्गली (वि.सं. २०१५) आदि यस धाराका उपन्यासहरू हुन् ।

समयगत दृष्टिले यस धारामा धेरै लेखकहरू देखिएका छन् । वि.सं. २००३ सम्म यो धारा प्रमुख धाराका रूपमा रहेको र त्यसपछि अन्तर्धाराका रूपमा अगि बढेको पाइन्छ । यस धारा वा प्रवृत्तिका उपन्यासमा सामाजिक विषयको प्राधान्य रहेको छ भने नारी जीवनका दुःख पीडा उद्घाटन गर्दै नारीले अपनाउनुपर्ने बाटो पनि यस धाराका उपन्यासकारले देखाएका छन् । (बराल र अन्य, २०५६, १०१) उपन्यासमा सम्प्रेषणीयताको ख्याल गरेर सरल र बोलीचालीको भाषा प्रयोग गरिएको पाइन्छ । सामाजिक यथार्थलाई वस्तुका रूपमा ग्रहण गरेर त्यसैका आधारमा आदर्शवादी शिक्षा यस धाराका उपन्यासले दिन खोजेका छन् ।

**ख) स्वच्छन्दतावादी धारा**

मानिसका व्यक्तिगत अनुभवलाई सहज र स्वच्छन्द ढङ्गबाट व्यक्त गर्ने काम स्वच्छन्द्यतावादले गर्दछ । तार्किकता र बौद्धिकताका विपरीत कल्पना र भावावेग माथि विशेष जोड दिने कलात्मक प्रवृत्ति विशेष स्वच्छन्दतावाद हो । (जोशी, २०३८, १९) अतितोन्मुख तथा रहस्यवादी दर्शनका रूपमा बुझ्नसकिने स्वच्छन्दतावादको मूल मर्म यथार्थदेखि पलायन हुँदै उन्मुक्त कल्पनामा विचरण गर्नु रहेको पाइन्छ ।

नेपाली उपन्यास परम्परामा रुपनारायण सिंहको भ्रमर (वि.सं. १९९३) देखि स्वच्छन्दतावादी धाराको अभ्युत्थान भएको हो । (सुवेदी, २०६४, ८४) यस बाहेक शिवकुमार राईको डाकबङ्गला (वि.सं. २०१३), समीरण प्रियदर्शीको पोखिएको जिन्दगी (वि.सं. २०२८), हिरण्य भोजपुरेको छिटेन (वि.सं. २०५४), होमराज आचार्यको निर्दोष कैदी (वि.सं. २०५४) आदि स्वच्छन्दतावादी धाराका नेपाली उपन्यासहरू हुन् ।

### ग) सामाजिक यथार्थवादी धारा

समाजमा भए गरेका कुराहरूलाई तटस्थ प्रस्तुत गर्ने मान्यता सामाजिक यथार्थवादी मान्यता हो । मान्छेको जीवनमा देखापर्ने वास्तविकतालाई जस्ताको तस्तै प्रस्तुत गर्ने साहित्यिक मूल्यमान्यता सामाजिक यथार्थवाद हो । (जोशी, २०३८, १९) लैनसिंह वाङ्देलको मुलुकबाहिर ( वि.सं. २००४) सामाजिक यथार्थवादी धाराको पहिलो नेपाली उपन्यास हो । वाङ्देलका माइतघर (वि.सं. २००४), लङ्गडाको साथी (वि.सं. २००८), रेम्ब्रन्ट (वि.सं. २०२३), लीलबहादुर क्षत्रीको बसाइँ (वि.सं. २०१४), अतृप्त (वि.सं २०२६) ब्रह्मपुत्रको छेउछाउ (वि.सं. २०४३), केशवराज पिँडालीको बाँच्ने एउटा जिन्दगी (वि.सं. २०४३), राजेश्वर देवकोटाका आवर्तन (वि.सं. २०४१), पूर्वकथा (वि.सं. २०४३) उत्कर्ष प्रेम (वि.सं. २०४४) र सुस्मिता नेपालका एकान्त पनि रुन्छ (वि.सं. २०५३), मेरा छातीका कोलाजहरू (वि.सं. २०५५) आदि यस धाराका उपन्यासहरू हुन् । सामाजिक यथार्थवादी धारा वि.सं. २०१० सालसम्म प्रमुख धाराका रूपमा र त्यसपछि अन्तर्धाराका रूपमा प्रवाहित छ । नेपाली उपन्यास परम्परामा सबैभन्दा बढी उपन्यास सामाजिक यथार्थवादी धारामा लेखिएको पाइन्छ । यस धाराका उपन्यासले समाजका मध्यम वर्ग र निम्नवर्गीय जीवनका यथार्थलाई प्रस्तुत गरेका छन् । सामाजिक यथार्थवादी उपन्यासहरू तीब्र गद्यात्मक स्वरूपका छन् । बसाइँ यस धाराको सशक्त कृतिका रूपमा आएको छ भने माइतघर र लङ्गडाको साथी यस धाराका अन्य प्रमुख उपन्यासहरू हुन् । यसरी समाजका यथार्थ पक्षहरूलाई विभिन्न कोणबाट हेर्ने र तिनलाई औपन्यासिकता प्रदान गर्ने प्रवृत्ति यिनमा पाइन्छ । यस धाराका उपन्यासमा लेखकीय दृष्टि समाजको वस्तुगत द्रष्टाका रूपमा व्यक्त भएको पाइन्छ ।

### घ) आलोचनात्मक यथार्थवादी धारा

सामाजिक विसङ्गतिमा अडेको चिन्तन प्रणालीलाई आलोचनात्मक यथार्थवाद भनिन्छ । कान्तिकारीर श्रमिकहरूले चलाएका आन्दोलनहरूमा अनेक भ्रमजाल विछ्याएर त्यसलाई निस्क्रिय तुल्याउने चाल चिर्नु यसको उद्देश्य रहेको हुन्छ । (सुवेदी , २०६४, १८७) यथास्थितिप्रति पूर्ण विमति राख्दै त्यसभित्रका समाज विरोधी तत्वहरूको तीब्र आलोचना गर्ने

साहित्यलाई प्रगतिशील साहित्य भन्न सकिन्छ । यस किसिमका लेखनलाई प्रकारान्तरमा आलोचनात्मक यथार्थवादी लेखन भनिन्छ ।

नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादपछि लेखन प्रवृत्तिको रूपमा आलोचनात्मक यथार्थवाद आएको छ । नेपाली उपन्यासमा लैनसिंह वाङ्देलको लङ्गडाको साथीले सामाजिक यथार्थताका नाममा यथास्थितिका पक्षलाई आलोचनात्मक तवरले हेर्न थालेको पाइन्छ । यस धाराअन्तर्गत लेखिएका उपन्यासहरूमा मुक्तिनाथ तिमल्सिनाको को अछुत ? (वि.सं. २०१७), हृदयचन्द्रसिंह प्रधानका स्वास्नी मान्छे (वि.सं. २०११) र एक चिहान (वि.सं. २०१७), खड्गबहादुर सिंहको विद्रोह भाग १ (वि.सं. २०११) र विद्रोह भाग २ (वि.सं. २०१३) शिवकुमार राईको डाकबङ्गला (वि.सं. २०१३), जगदीश घिमिरेको लिलाम (वि.सं. २०३७), सावित्री (वि.सं. २०३२), रमेश विकलको सुनौली (वि.सं. २०३१), अविरल बग्दछ इन्द्रावती (( वि.सं. २०४०) आदि आलोचनात्मक यथार्थवादी उपन्यास हुन् ।

पूँजीवाद शक्तिप्रतिको विरोध, निन्दा र कटु आलोचनामात्र आलोचनात्मक यथार्थवादको मौलिकताका रूपमा देखिन्छ । नयाँ तर अपरिभाषित मान्यता र जीवनपद्धति स्थापना गर्नुपर्ने र तथ्यको उद्घाटन गर्नुपर्ने क्रान्तिकारी स्वच्छन्दतावादी स्वर पनि आलोचनात्मक यथार्थवादमा पाइन्छ । वर्गीय समाजमा देखिने समस्याको आन्तरिक विसङ्गतिलाई चिरफार गरेर देखाउन रतिनका अन्तरतहका समष्टि पक्षलाई छर्लङ्ग्याउन यो धारा सक्षम देखिँदैन ।यसरी यथास्थितिप्रतिको विमति र त्यसले जन्माउन सक्ने विकृतिको विरोध गर्ने काम आलोचनात्मक यथार्थवादी स्रष्टाहरूमा पाइन्छ ।

**ङ) मनोविश्लेषणात्मक धारा**

मानवीय व्यवहारको अध्ययन गर्ने क्रममा अमूर्त तत्वहरूको अध्ययन र विशलेषणबाट मूर्त वस्तु र कार्यात्मक रूप उद्घाटन गर्ने विज्ञानलाई मनोविज्ञान भन्ने गरिएको पाइन्छ । मान्छेका मनस्तत्वका अन्तर्तहमा रहेका अपरिभाष्य र अनेकतम पत्रहरू, कोण तहहरूमा षिप्त अवस्थामा रहेका अतृप्तिजन्य उत्सुकता  र इच्छाहरूको प्रस्तुतति गर्ने क्रममा मनोविज्ञानले आफूलाई समर्पित गरेको छ । (सुवेदी , २०६४, २४५) साहित्यकासन्दर्भमा पात्र वा चरित्रका

अन्तर्मनका कुण्ठा,विषाद, अतृप्ति, इच्छावृत्ति तथा आकाङ्क्षाहरूलाई अध्ययन वा सिर्जनाका माध्यमबाट प्रस्तुत गर्ने सिद्धान्त विशेषलाई मनोविश्लेषणात्मक सिद्धान्तका रूपमा चिन्न सकिन्छ । मानवीय क्रियाकलापहरूको प्रेरक तत्व मानिएको कामवृत्ति, मानवजीवनका मूल प्रवृत्तिहरू, मानसिक तह र विभिन्न किसिमका ग्रन्थीहरूका माध्यमबाट चरित्रको उद्घाटन गर्ने काम मनोविश्लेषणात्मक उपन्यासले गर्दछ । संवेगात्मकताका हिसाबले नेपाली उपन्यास साहित्यमा वि.सं २०१५ साल पूर्वका हृदयचन्द्रसिंह प्रधान, लैनसिंह वाङ्देल र तुलसीराम कुँवरका उपन्यासहरूमा मनस्थितिको पातलो प्रयोग भइसकेको पाइन्छ । यसरी नै लीलबहादुर क्षत्री, लीलध्वज थापा रदौलतविक्रम विष्टका उपन्यासले पनि यस दिशाामा केही मद्दत पुऱ्याएको देखिन्छ । मनोविश्लेषणात्मक विशिष्ट प्रयोग भएको प्रथम नेपाली उपन्यासका रूपमा गोविन्दबहादुर मल्ल 'गोठाले' को पल्लो घरको झ्याल (वि.सं.२०१६) आएको छ । विजय मल्लको अनुराधा (वि.सं. २०१८), विश्वेश्वरप्रसाद कोइरालाको तीन धुम्ती (वि.सं. २०२५), सुम्निमा (वि.सं. २०२७), तारिणीप्रसाद कोइरालाको सर्पदंश (वि.सं. २०२६), नकुल सिलवालको तेस्रो पाइला (वि.सं. २०४५) आदि उपन्यासहरू मनोविश्लेषणात्मक उपन्यासहरू हुन् ।

**च) विसङ्गतिवादी धारा**

सर्वत्र असङ्गति र विसङ्गत अवस्था नै जीवनजगत्को मूलभूत कुरा हो भन्ने मान्यता विसङ्गतिवाद वा अतियथार्थवाद हो । पहिलो र दोस्रो विश्वयुद्धमा भएको नरसंहार, विध्वंश र अव्यवस्थितिले मूल्यहीन अवस्थामा पुगेको मानवजीवनको यथार्थलाई साहित्यका सन्दर्भमा विसङ्गतिवादी धाराले प्रस्तुत गरेको पाइन्छ । विश्वपरिवेशमा देखिने गरेका राजनीतिक प्रतिबद्धता र व्यवहारिकता बीचको विसङ्गति, मानवीय इच्छा आकाङ्क्षाबाट जन्मेको विसङ्गतिलाई यस धाराले आत्मसात् गर्दछ । त्यसरी नै जन्म, युवावस्था, वृद्धावस्था एवम् रुग्णता आदि कारणबाट जन्मेको विसङ्गति, भूत र वर्तमान एवम् जीवनचक्रका विविध अवस्थालाई समेत विसङ्गतिवादले प्रस्तुत गरेको पाइन्छ ।

नेपाली उपन्यास परम्परामा लैनसिंह वाङ्देलको लङ्गडाको साथी (वि.सं. २००८) ले सङ्केत गरेको विसङ्गतिवादी धारालाई ठोस रूपमा इन्द्रबहादुर राईको आज रमिता छ (वि.सं. २०२१) उपन्यासले स्थापित गरेको पाइन्छ । विसङ्गतिवादी परम्परामा लेखिएका अन्य नेपाली

उपन्यासहरूमा पारिजातको शिरिषको फूल (वि.सं. २०२२), ध्रुवचन्द्र गौतमको अन्त्यपछि ( वि.सं. २०१८), बालुवामाथि (वि.सं. २०२८), सरुभक्तको पागलबस्ती (वि.सं. २०४८), ध्रुव सापकोटाको विखण्डित (वि.सं. २०५७) आदि उपन्यासहरू पर्दछन् ।

जीवनको निस्सारता र शून्यताको अभिव्यक्ति दिने शिल्पशैलीमा क्रमबद्धता अस्वीकार गर्नु विसङ्गतिवादी लेखनको वैशिष्ट्यका रूपमा देखिएको छ ।

**छ) अस्तित्ववादी धारा**

मान्छेको वैयक्तिक जीवनलाई नूतन सन्दर्भ, नयाँ अर्थ र नवीन मानवीय मूल्यमा प्रतिस्थापित तुल्याउन चाहने सिद्धान्त अस्तित्ववाद हो । (जोशी, २०३८, ११३) अन्य चिन्तनप्रणालीका तुलनामा यो अन्तर्मुखी चिन्तनप्रणाली हो । सुकरात रसेन्ट अगस्टिनजस्ता प्राचीन पाश्चात्य चिन्तकहरूका चिन्तनमा पनि वस्तुको भावसत्ता पहिल्याउने प्रयत्न गरिएको पाइनाले पनि अस्तित्ववाद अभौतिक दर्शन हो र यो पुरातन समयदेखि चल्दै आएको चिन्तन प्रणाली हो । राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक आदि विविध विसङ्गतिका कारणबाट जन्मिने विसङ्गतिवादसँग यसको नजिकको सम्बन्ध रहेको देखिन्छ ।

नेपाली उपन्यास परम्परामा पारिजातको शिरिशषको फूल (वि.सं. २०२२) बाट अस्तित्ववादी उपन्यास लेख्न थालिएको पाइन्छ । अस्तित्ववादी अन्य नेपाली उपन्यासहरूमा पारिजातको महत्ताहीन (वि.सं. २०५५), ध्रुवचन्द्र गौतमको अन्त्यपछि (वि.सं. २०२४), विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती (वि.सं. २०२५), सुम्निमा (वि.सं. २०२७), सरुभक्तको पागलबस्ती (वि.सं. २०४८), तरुनी खेती (वि.सं. २०५२) रसमय त्रासदी (वि.सं. २०५८) आदि देखिएका छन् ।

अस्तित्ववादीहरूले व्यक्तिगत सत्ता, व्यक्तिका जटिल समस्या,व्यक्तिको स्वतन्त्रता, वैयक्तिक दोयित्व, व्यक्तिगत विशिष्टताजस्ता विषयलाई महत्त्व दिएको पाइन्छ । यो दर्शन बौद्धिक हुँदाहुँदै पनि दिग्भ्रमित तुल्याउने ठानिने हुनाले केही अस्पष्टताका बीचमा पनि फस्टाउँदै गएको पाइन्छ । युवा बौद्धिक समुदायका बीचमा लोकप्रिय भए तापनि समष्टिमा यसलाई सङ्घर्षभन्दा पलायनतिर अभिमुख भएको दशृनको रूपमा लिने गरेको पाइन्छ ।

## ज) समाजवादी यथार्थवादी धारा

आलोचनात्मक यथार्थवादको तहबाट उन्मुक्त भएपछि समाजवादी यथार्थवादको स्थापना हुन्छ । सिर्जना क्षेत्रमा समाजवादी यथार्थवाद आलोचनात्मक यथार्थवादकोविकसित रूपमा स्थापित भएको विचारधारा हो । (सुबेदी, २०३८, ४२३) नेपाली साहित्यमा अनौपचारिक रस्वतस्फूर्त रूपमा समाजवादी यथार्थवादी लेखन प्रारम्भ वि.स. २००७ साल अघि नै भएको पाइन्छ । औपचारिक रूपमा यस चिन्तनको प्रारम्भ २००७ सालपछि मात्र भएको पाइन्छ । कलात्मक मूल्यका दृष्टिले नेपाली साहित्यमा आजसम्म पनि समाजवादी यथार्थवाद पूर्ण रूपमा स्थापित हुनसकेको छैन । (सुवेदी, २०६४, ४२२) नेपाली साहित्यमा समाजवादी यथार्थवादी उपन्यासका रूपमा लिन सकिने उपन्यासमा मुक्तिनाथ तिमल्सिनाको को अछुत ? (वि.सं. २०११), हृदयचन्द्रसिंह प्रधानको स्वास्नी मान्छे (वि.सं. २०११), खड्गबहादुर सिंहको विद्रोह भाग १ (वि.सं. २०११) र विद्रोह भाग २ (वि.सं. २०१३), डि.पी. अधिकारीको आशमाया (वि.सं. २०२५) र धर्ती अझै बोल्दै छ (वि.सं. २०२७), खगेन्द्र सङ्ग्रौलाको चेतनाको पहिलो डाक ( वि.सं. २०२७), आमाको छटपटी (वि.सं. २०३४), पारिजातका तोरीबारी बाटा र सपनाहरू ( वि.सं. २०३२), पर्खालभित्र र बाहिर (वि.सं. २०३५), रमेश विकलको अविरल बग्दछ इन्द्रवती ( वि.सं. २०४०), भाष्करका बन्दी आवाज (वि.सं. २०४६), हाँडीका कनिका (वि.सं. २०४५ ) र अमरबस्ती (वि.सं. २०५३), घनश्याम ढकालका गाउँभित्र (वि.सं. २०४७) आदि पर्दछन् ।

मान्छेका संस्कारमा  जरा गाडेर बसेका विविध प्रकारका विसङ्गतिहरूलाई समाजवादी यथार्थवादी रचनाले उखेलेर फ्याँक्नुपर्ने वस्तुका रूपमा ठम्याएको हुन्छ । रुढी र भ्रमजाललाई चिर्नसक्ने वैज्ञानिक विचारको व्याख्या र विश्लेषण, जीवन र जगत्लाई हेर्ने द्वन्द्वात्मक दृष्टि रविवेचनाजस्ता कामको थालनी हुनुपर्ने कुरामा यसले जोड दिएको छ । समाजवादी यथार्थवाद संस्कार, धर्म र विश्वासप्रतिको जातिपाति र छुवाछुतको भेदभावप्रतिको, परिमार्जनवादी चिन्तन पद्धति हो । (अधिकारी, २०७३, ४९)

### झ) नवचेतनामूलक/उत्तरआधुनिक धारा

आधुनिक युगको महाकाव्य भनिने उपन्यासमा महाआख्यानको समाप्तिको घोषणासँगै परिवतृनशील रूप र सन्दर्भ देखिन थालेको पाइन्छ । त्यसैलेसमकालीन उपन्यासमा आजको मानिसले जसरी जीवनयापन गर्दैछ त्यस्तै किसिमको वस्तु तथा काव्यिक सौन्दर्यको निमाृण हुन थालेको पाइन्छ । महाआख्यानको अन्तको घोषणासँगै आख्यानतन्तु र आख्यानप्रबन्ध क्षीण तथा विभग्न अवस्थामा रुपान्तरित हुन थालेको पाइन्छ । त्यसकारण अहिले आख्यानका ठोसर छोटो ढाँचा प्रायः समाप्त भएको पाइन्छ । वर्तमान सन्दर्भमा विवस्तुता, विपात्रता विकथनात्मकता, विपरिवेशात्मकता, विवैचारिकता विसांस्कृतिकता र विमिथकीयता जस्ता मूल्यहरूको समायोजन भएका सृजनात्मक लेखनलाई अपेक्षित सत्य बनाइएको छ । अहिले साहित्यसिद्धान्त सम्बन्धी पूर्वधारणामा परिवर्तन आइरहेको पाइन्छ । आजकोसाहित्य सिद्धान्त भनेको विविध प्रकारका चिन्तनले बनेको इन्द्रेणीवृत्त हो । (अधिकारी, २०७३, ४९)

उत्तरआधुनिकता भनेको एउटा खास प्रवृत्ति विशेष मात्र नभएर हामी बाँचेको सिङ्गो समयको लक्षण वा वर्तमान काललाई बुझ्न सकिन्छ । उत्तर आधुनिकतावादले बहुकेन्द्रवादलाई मान्यता दिने हुँदा यसप्रकारका सिर्जनाहरूमा हेपिएका, छुट्याइएका, सीमान्तकृत तथा आजसम्म नसोचेका कतिपय सन्दर्भहरूलाई अधिन्ने काम गरेको पाइन्छ । (अधिकारी, २०७३, ५०)

नेपाली उपन्यास परम्परामा ध्रुवचन्द्र गौतमका फूलको आतङ्क (वि.सं. २०२५), जेलिएको (वि.सं. २०६२), तेजराज खतिवडाको सर्वजा (वि.सं. २०६०) र नारायण वाग्लेको पल्पसा क्याफे (वि.सं. २०६१), गोविन्दराज भट्टराईको सुकरातका पाइला (वि.सं. २०६३) जस्ता उपन्यासहरूलाई नवचेतनामूलक वा उत्तरआधुनिकतावादी चिन्तनमा आधारित रहेर सिर्जना गरिएका प्रतिनिधि उपन्यासका रूपमा लिन सकिन्छ ।

नेपाली उपन्यास लेखन परम्परामा शक्तिवल्लभ अर्यालको महाभारत विराटपर्व देखि सुरु भएको लामो आख्यान लेखनको परम्पराले रुद्रराज पाण्डेको रूपमतीमा निहित आधुनिक पक्षहरूको स्पर्श गर्दै अघि बढी वर्तमान अवस्थामा विश्व परिवेशमा दुखिने नवीन चिन्तन

प्रणालीहरूलाई आत्मसात गर्दै नेपाली उपन्यास साहित्य जीवन्त एवम् गतिशील अवस्थामा अघि बढिरहेको छ । (अधिकारी, २०७३, ५०)

# चौथो परिच्छेद

# 'मुलुकभित्र' उपन्यासमा पात्रविधान

## ४.१ पात्र र तिनको चरित्र :

कुनै पनि घटनाको कालक्रमिक वर्णनलाई हामी आख्यान भन्दछौँ । त्यही आख्यानको विषयवस्तुलाई प्रस्तुत गर्दै त्यहाँका घटनाहरूलाई अगाडि बढाउने काम पात्रले गर्दछ । तसर्थ आख्यान अन्तर्गत पर्ने कथा र उपन्यासको मुख्य तत्वभित्र पात्र पनि पर्दछ ।

उपन्यासका पात्र खासगरी मानव जीवनबाटै ग्रहण गरिन्छन् । पात्र निर्माणको मूल स्रोत पनि मानव समाज र मानव जीवन नै हो । औपन्यासिक पात्रले तिनै सामाजिक जीवन र व्यक्ति जीवनका मानवीय जीवनलाई प्रस्तुत गर्दछ । यसैकारण उपन्यास वास्तविक जीवन जगत्को प्रतिबिम्ब हो । उपन्यासकारले पात्रका माध्यमबाट मानव चरित्रको सकेसम्म यथार्थ रूप आँकलन गर्न खोजेको हुन्छ । यिनै औपन्यासिक पात्रका माध्यमबाट उपन्यासकारले औपन्यासिक जीवन, दर्शन र उद्देश्यसमेत प्राप्त गर्ने लक्ष्य राखेको हुन्छ । (भण्डारी :०७२:४९)

उपन्यास आख्यानात्मक साहित्यिक कति भएको हुँदा उपन्यासमा प्रयुक्त पात्र र तिनको चरित्रले कुनै वर्गीय विचार अथवा व्यक्तिगत विचारलाई पाठकसँग सम्प्रेषण गरिरहेको हुन्छ । त्यस्ता पात्रहरू नैतिक/अनैतिक गुणनले युक्त हुन्छन् अनि तिनै पात्रहरूको चरित्रबाट मान्छेको बाह्य र आन्तरिक प्रवृत्तिहरूको पनि उद्घाटन भएको हुन्छ । सबै पात्रहरू बेग्ला बेग्लै वर्ग वा व्यक्तिका अलग अलग प्रतिनिधि बनेको हुँदा उपन्यासमा प्रयुक्त एक पात्र अर्को पात्रदेखि चरित्रगत रूपमा भिन्न देखा पर्दछन् । यस अवस्थामा पात्रको चरित्रगत वर्गीकरण गर्नु आवश्यक पर्दछ । औपन्यासिक पात्रको चरित्रगत वर्गीकरण र विश्लेषणका विविध आधार र पद्धतिहरू हुन्छन् । (भण्डारी :०७२:४९) अत : उपन्यासको भूमिकामा रहने कार्य, लिङ्ग, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता आदि प्रमुख आधारहरूलाई  तल चर्चा गरिएको छ ।

### ४.१.१ चरित्रको वर्गीकरणका आधारहरू :

उपन्यासमा पात्रको गुण/अवगुण वा स्वभाव तथा अन्य विशेषताहरूलाई मध्यनजर गर्दै पात्रहरूको वर्गीकरण गरिएको पाइन्छ । पात्रहरूको वर्गकरण गर्दा रहने आधारहरूलाई निम्नानुसार व्याख्या गरिएको छ ।

#### क) औपन्यासिक भूमिका वा कार्य

उपन्यासमा निहित सबै पात्रहरूको भूमिका समान हुँदैनन् । केही पात्रहरू मुख्य भूमिका निर्वाह गर्न प्रस्तुत हुन्छन् भने केही पात्रहरू मुख्य पात्रलाई सहयोग गर्ने किसिमका हुन्छन् । त्यसैगरी केही पात्रहरू गौण भूमिकाका रूपमा उपस्थित हुन्छन् । यही उपस्थितिका आधारमा अथवा उपन्यासमा पात्रले निर्वाह गरेका भूमिकाका आधारमा पात्रहरूलाई मुख्य (मूल), सहायक र गौण गरी तीन प्रकारले वर्गीकरण गर्न सकिन्छ ।

उपन्यसमा सुरुदेखि अन्त्यसम्ममा नै उपस्थित रहेका र सबैभन्दा बढी कृतिगत भूमिका निर्वाह गर्ने पात्रलाई मूल पात्रको श्रेणीमा राख्न सकिन्छ । वास्तवमा मूल पात्रले नै औपन्यासिक घटना सञ्चालन गरेको हुन्छ । औपन्यासिक कथानकको मूल प्रवाहमा पनि यिनै श्रेणीका पात्रको भूमिका प्रभावकारी रहेको हुन्छ । मूल पात्रको भन्दा केही कम औपन्यासिक भूमिका वा कार्य भएका पात्रलाई सहायक पात्रको श्रेणीमा राखेर हेर्नु आवश्यक छ । यस श्रेणीका पात्रहरूले मूल पात्रको चारित्रक विकासमा र उपन्यासको मूल घटना प्रवाहमा सहायक भूमिका निर्वाह गरेका हुन्छन् । यस्ता पात्रहरू मूल कथानकसँग सम्बन्धित हुन्छन् । सहायक पात्रको औपन्यासिक कार्य वा भूमिका भन्दा पनि कम र अत्यन्तै न्युन कार्य वा भूमिका भएका पात्रलाई गौण पात्रको श्रेणीमा राखेर हेर्न सकिन्छ । उपन्यासमा यस्ता पात्रहरूको आवृत्तिक्रम पनि अत्यन्तै न्युन हुन्छ । यी पात्रहरू उपन्यासमा एकछिनमा आउने, जाने र हराउने खालका हुन्छन् । त्यसैले यिनलाई औपन्यासिक कार्यगत दृष्टिले गौण पात्र भनिएको हो ।(भण्डारी : २०७२ : ५०)

**ख) लिङ्ग**

उपन्यासमा निहित पात्रहरूको पहिचानका लागि लिङ्गलाई पनि एउटा प्रमुख आधारको रूपमा लिन सकिन्छ । प्राकृतिक रूपमा मानिसको प्रजाति छुट्याउने लिङ्गका आधारमा पात्रलाई पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई किसिमले वर्गीकरण गरिन्छ । पात्रको चरित्र, नाम तथा बाहिरी रूपको वर्णन र पात्रको वर्णन गर्दा प्रयोग हुने क्रियापदबाट उपन्यासमा लिङ्गको पहिचान गर्न सकिन्छ । यही लिङ्गकै आधारमा उपन्यासमा कति पुरुष पात्रहरू छन् र कति महिला पात्रहरू छन् भन्ने कुरा छुट्याइने गरिन्छ । उपन्यासमा पुरुष पात्रको बाहुल्यता बढी छ भने त्यसलाई पुरुषप्रधान उपन्यास भनिन्छ । त्यसैगरी नारी पात्रको बाहुल्यता बढी छ भने नारीप्रधान उपन्यास भनिन्छ । लिङ्गकै माध्यमबाट पात्रको बाह्य तथा आन्तरिक चरित्र, क्रियाकलाप र नाम छुट्याउन सकिन्छ । यसकै माध्यमबाट नायक/नायिका, खलनायक/खलनायिका जस्ता पात्रहरूको वर्गीकरण गरिन्छ ।

**ग) स्वभाव**

इस दृष्टिले पात्र गतिशील र गतिहीन गरी दुई वर्गका हुन्छन् । उपन्यासमा कुनै परिस्थिति अनुसार बदलिने पात्र गतिशील हुन्छ । जो आफ्नो सिद्धान्त, विचारमा विचलित हुँदैन त्यस्ता पात्रलाई गतिहीन वा स्थिर पात्र भनिन्छ । जुन पात्रहरू आफ्नो जीवनशैली, विचारधारा र स्वभावमा परिवर्तन गर्दछन् तिनीहरू गतिशील पात्र हुन् । स्वभावमा परिवर्तन नहुने पात्र गतिहीन पात्र हुन् ।

**घ) प्रवृत्ति**

उपन्यासमा प्रयुक्त पात्रहरूको चरित्रमा सकारात्मक गुण र नकारात्मक गुण दुबै पाइन्छ । यिनै गुणलाई चरित्रगत प्रवृत्ति भनिन्छ । प्रवृत्तिका आधारमा औपन्यासिक पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई प्रवृत्तिका हुन्छन् । उपन्यासमा सकारात्मक कार्य गर्ने पात्रहरू अनुकूल प्रवृत्तिका हुन्छन् भने नकारात्मक कार्य गर्ने पात्रहरू प्रतिकूल प्रवृत्तिका हुन्छन् ।

### ङ) जीवनचेतना

यस आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गूको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ । आफ्नो निजी स्वभाव तथा वैयक्तिकताको प्रतिनिधित्व गर्ने पात्र वैयक्तिक पात्र हुन्छ । यसरी उसले निर्वाह गरेको भूमिकाका आधारमा पात्रहरू वर्गय र व्यक्तिगत हुन्छन् ।

### च) आसन्नता

उपन्यासमा अधिकांश पात्रहरू उपस्थित र चित्रित हुन्छन् भने कतिपय पात्रहरू वर्णत मात्र हुन्छन् । औपन्यासिक कथानकमा हुने पात्रको उपस्थितिलाई औपन्यासिक पात्रको आसन्नता भनिन्छ । आसन्नताका आधारमा पात्रहरू मञ्चीय पात्र र नेपथ्य पात्र गरी दुई भागमा विभाजन गरिन्छ । मञ्चीय पात्रहरू स्वयम् उपस्थित भई औपन्यासिक कार्य गर्दछन् । ती पात्रहरूले वर्तमानको प्रतिनिधित्व पनि गर्दछन् भने नेपथ्यका पात्रहरू संस्मरणमा मात्र आउने गर्दछन् ।

## ४.२ 'मुलुकभित्र' उपन्यासमा प्रयुक्त पात्रहरूको चरित्र विश्लेषण

'मुलुकभित्र' आकारका दृष्टिले मध्यम खालको उपन्यास देखिए तापनि धेरै पात्रहरूको सहभागिता रहेको उपन्यास हो । उपन्यासमा प्रस्तुत भूमिकाका आधारमा पात्रहरूलाई तीन वर्गमा बाँड्न सकिन्छ । पहिलो वर्गमा भूगोलदेव, जननी, पर्वतमान, मैदानसिंह, हिमाली पर्दछन् । उपन्यासमा यिनीहरूको मुख्य भूमिका रहेको छ । यिनीहरूकै पारिवारिक सेरोफेरोमा उपन्यासको कथावस्तु अगाडि बढेको छ । प्रमुख पात्रको चरित्रलाई अगाडि बढाउन सकारात्मक वा नकारात्मक सहयोग पुऱ्याउने पात्रलाई सहायक चरित्र भनिन्छ । यस उपन्यासमा पहाडी, भारती, गुणदेव, रहरसिंह, पण्डित बा, नरेश र एक विद्वान आदि सहायक पात्रको भूमिकामा देखा परेका छन् । यी पात्रहरूले खोस्रो वर्गका पात्रको प्रतिनिधित्व गरेका छन् । जुन पात्रको भूमिका हटाइदिँदा पनि कथावस्तुमा कुनै ठूलो असर पर्दैन । त्यस्ता पात्रलाई गौण पात्र भनिन्छ । उपन्यासमा पुरोहित, श्यामदेव, प्रेम कार्की, मानिसहरू डाक्टर, लालसिं, पाश्चर, रोनाल्ड, एलिसा, सानीमैया गौण पात्र हुन् । यिनीहरूले तेस्रो वर्गको प्रतिनिधित्व गरेका छन् ।

उपन्यासका चरित्रहरूलाई लिङ्गका आधारमा पुरुष र नारी, कार्यका आधारमा प्रमुख,सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र स्थीर, जीवन चेतनाका आधारमा व्यक्तिगत र वर्गीय, आसन्नताका आधारमा नेपथ्य र मञ्चीय, आबद्धताका आधारमा बद्ध र मुक्त गरी विभाजन गरिएको पाइन्छ । (अधिकारी : २०७३ : ८६)

मुलुकभित्र उपन्यासका पात्रहरूको यसरी चरित्र चित्रण गर्न सकिन्छ ।

| क.स | पत्र आधार | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवन चेतना | आसन्नता |
|---|---|---|---|---|---|---|---|
| १ | भूगोलदेव | पुरुष | प्रमुख | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय |
| २ | जननी | स्त्री | प्रमुख | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय |
| ३ | पर्वतमान | पुरुष | प्रमुख | प्रतिकूल | गतिशील | वर्गीय | मञ्चीय |
| ४ | मैदानसिं | पुरुष | प्रमुख | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| ५ | हिमाली | स्त्री | प्रमुख | प्रतिकूल | गतिशील | वर्गीय | मञ्चीय |
| ६ | पहाडी | स्त्री | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय |
| ७ | भारती | स्त्री | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| ८ | गुणदेव | पुरुष | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | रहरसिं | पुरुष | सहायक | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय |
| १० | पण्डित | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| ११ | प्रेम कार्की | पुरुष | गैण | प्रतिकूल | गतिशील | व्यक्तिगत | नेपथ्य |
| १२ | लालसिं | पुरुष | गैण | प्रतिकूल | गतिशील | वर्गीय | नेपथ्य |
| १३ | श्यामदेव | पुरुष | गैण | अनुकूल | स्थिर | वर्गीय | नेपथ्य |

### ४.२.१. भूगोलदेव

'मुलुकभित्र' उपन्यासको प्रमुख पात्रका रूपमा उपस्थित भूगोल देव यस उपन्यासका प्रमुख नायकका रूपमा प्रस्तुत भएका छन् । एक बुद्धिजीवी, इमान्दार सरकारी कर्मचारी, असल अभिभावक, समाजका गन्यमान्य व्यक्तिका रूपमा भूगोलदेवलाई चिन्न सकिन्छ ।

हिन्दू धर्मलाई आफ्नो धर्म मान्नुपर्छ, धर्म परिवर्तन गर्नाले विकृति सर्जिना हुन्छ । आफ्नो धर्म नछाड्नु र अर्काको धर्ममा हस्तक्षेप नगर्नु भन्ने भूगोलदेव उपन्यासका स्थिर चरित्र हुन् । पुराना पुस्ताको अनुकूल भूमिकामा उपस्थित भएकाले उनले आफ्नो वर्गको प्रतिनिधित्व गरेका छन् । व्यक्ति तथा वर्गीय दुबै भूमिका निर्वाह गरेका छन् । उपन्यासमा श्रीमती जननी, छोराहरू पर्वतमान, मैदानसिं र छोरी हिमालीसँग प्रत्यक्ष संवादमा भएकाले उनलाई मञ्चीय पात्रका रूपमा लिन सकिन्छ । उपन्यासबाट भूगोलदेवलाई हटाइदिँदा उपन्यासको संरचना भत्किने हुनाले उनी उपन्यासका बद्ध चरित्र हुन् । (अधिकारी : २०७३ : ८७)

यस उपन्यासका प्रमुख पात्र भूगोलदेव हुन् । उनको पूरै जीवनका घटनाहरू यस उपन्यासमा प्रस्तुत गरिएका छन् । भूगोलदेव राम्रो खानदानी परिवारका व्यक्ति हुन् । इलाम नगरमा बसोबास गर्ने भूगोलदेव भारतको दार्जिलिङ र कालेङ्पोङमा अध्ययन गरी स्नातक तहसम्मको औपचारिक अध्ययन गरेका भूगोलदेव वृद्ध मातापिताको स्याहार सम्भार गर्ने र मृत्युपश्चात धर्म, संस्कार, परम्परा अनुसार शुद्धि शान्ति कार्यमा लाग्ने असल, धार्मिक संस्कार भएकापात्र हुन् । भूगोलदेव सरकारी सेवामा प्रवेश गरी आफ्नो छवि उच्च बनाउने सरकारी राष्ट्रभक्त कर्मचारीका रूपमा परिचित पात्र भूगोलदेव मृदुभाषी र सरल स्वभाव भएका पात्र हुन् ।

पारिवारिक जिम्मेवारीलाई अत्यन्त संवेदनशील रूपमा लिई जिम्मेवारी बहन गर्ने भूगोलदेव २०३६साल, २०४६ सालको राजनैतिक परिवर्तन तथा २०४५ सालको भूकम्पलाई नजिकबाट नियालेका पात्र हुन् । भूकम्पको बेला प्राप्त राहतलाई खटेर जनतासमक्ष पुऱ्याउने अत्यन्त इमान्दार पात्र भूगोलदेव सरकारी मूल्याङ्कनको उच्च पदक प्राप्त गर्ने व्यक्ति हुन् । यस आधारमा उनी इमान्दार, कर्तव्यनिष्ठ, स्वाभिमानी पुरुष पात्र हुन् ।

भूगोलदेव आफ्नी पत्नी र छोराछोरीलाई अत्यन्त माया, स्नेह गर्ने असल पति र असल बाबु हुन् । आमा बुबाको असल छोरा भएर पारिवारिक कर्तव्य निर्वाह गर्ने भूगोलदेव स्थिर स्वभाव भउका पात्र हुन् । सामाजिक मान मर्यादा, इमान्दारिता, अनुशासन, नैतिकता जस्ता विषयमा अत्यन्त सजग हुने भूगोलदेव आफ्नो संस्कृति र परम्परालाई स्वीकार गर्दछन् । उनमा घमण्ड छैन । पुरानो पुस्ताका बौद्धिक व्यक्ति भएकाले नयाँ पुस्ताका छोराछोरीको व्यवहारमा सुधार ल्याउन नसक्दा दुःखी भएर स्वीकार गर्न बाध्य छन् ।

भूगोलदेव आफ्नी श्रीमती जननीलाई अत्यन्त माया गर्ने असल पति हुन् । घरमा कुने नयाँ व्यवहार वा कार्य सुरु गर्नु अगाडि श्रीमती जननीसँग राम्ररी छलफल र सल्लाह गरेर मात्र निर्णयमा पुग्दछन् तसर्थ उनी अत्यन्त समझदार पात्र हुन् भन्न सकिन्छ । आफू पढेलेखेको व्यक्ति भएकाले भूगोलदेवले आफ्ना सन्तानलाई सहरमा पढाएका छन् । छोरा पर्वतमान र मैदानसिं तथा छोरी हिमालीका पिता भूगोलदेव असल बाबुका रूपमा उपन्यासमा उभिएका छन् । प्रशस्त सम्पत्ति भएका कारण उनले काठमाडौं सहरमा राखेर छोराछोरीलाई पढाए पनि असल

संस्कार भने सिकाउन पाएनन् । पर्वतमान, मैदानसिं र हिमाली आआफ्नै तालमा अगाडि बढ्दा पछि उनले नै बढी दुस्ख पाएका छन् ।

छवटा भागमा संरचित उपन्यासको छैटौँ भाग बाहेक सबैमा भूगोलदेवको जीवन दर्शनकै पक्ष र विपक्षमा हुर्किएका सवालहरू नै यस उपन्यासका युगीन द्वन्द्व र मानसिकताका सूचक हुन् । बाँकी अन्तिम भाग भूगोलदेवको मृत्युपछिको घटनाक्रमले पनि उनकै वैवाहिक धरातललाई सहमति र असहमतिको आधार बनाएको छ ।

भूगोलदेव हिन्दू धम तथा संस्कृतिलाई आत्मसा तगर्ने पात्र हुन् । उनले जीवनको उत्तरार्धमा भारतको चारधामको धार्मिक यात्रा गरेका र छोरा मैदानसिंलाई धर्म, संस्कृति तथा भूगोलको प्रशस्त जानकारी दिएबाट उनको बौद्धिक क्षमता प्रष्ट हुन्छ । आफ्ना बौद्धिक क्षमताकै कारण समाजमा नाम कमाएका तथा धर्म संस्कृतिको गहिरो अध्ययन गरेका पात्र भएकाले समय सापेक्ष जीवन जिउन खोज्ने पात्र हुन् भन्न सकिन्छ ।

भूगोलदेवलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना र आसन्नताका आधारमा तल चित्रण गरिएको छ ।

**१) लिङ्ग**

भूगोलदेव यस उपन्यासका प्रमुख पुरुष पात्र हुन् । तत्कालीन पुरुषप्रधान समाजमा पढेर जागिर खाएका समाजका बुद्धिजीवी व्यक्तिका रूपमा उनी चिनिएका छन् । त्यसै गरी पुरुषप्रधान समाजको मान्यताअनुसार परिवारको नेतृत्व लिएर सन्तानको लालनपालन र शिक्षादीक्षाको जिममेवारी पूरा गरेका छन् ।

**२) कार्य**

कार्य/भूमिकाका आधारमा भूगोल देव मुलुकभित्र उपन्यासका प्रमुख पात्र हुन् । उपन्यासको अन्तिम भाग बाहेक अरू सबै भागमा उनले भूमिका निर्वाह गरेका छन् । उपन्यासमा भूगोलदेवकै केन्द्रीयतामा कथा अगाडि बढेको छ । उपन्यासमा प्रयुक्त विषयवस्तुको सुरुवात भूगोलदेवबाट नै सुरु गराइएको छ ।

**३ प्रवृत्ति**

उपन्यासका प्रमुख पात्र भूगोलदेव प्रवृत्तिका हिसाबमा अनुकूल चरित्र हुन् । उनलेसमाजका नीति नियम तथा संस्कारको पूर्ण रूपमा पालना सबै मानिसले गर्नुपर्छ भन्ने मान्यता राखेका छन् । समाजमा शान्तिको कामना गर्ने एक शान्तिप्रेमी व्यक्तिका रूपमा पनि उनी चिनिएका छन् ।

४) **स्वभाव**

स्वभावका दृष्टिमा भूगोलदेव उपन्यासमा स्थिर चरित्रका रूपमा देखिन्छन् । उनको विचार उपन्यासमा उनको भूमिका रहुन्जेलसम्म एकै किसिमको देखिन्छ । उनले घटना तथा परिस्थिति परिवर्तन भए पनि आफ्नो विचार, संस्कार तथा वानी व्यवहारमा परिवर्तन ल्याएका छैनन् ।

**५) जीवनचेतना**

भूगोलदेव देश तथासमाजमा जस्तो परिवर्तन आए पनि आफू सधैं आफ्नै विचारमा अडिग रहेका छन् । समाजका अरू व्यक्तिसँग त्यति सरोकार नराखेका कारणले उनलाई व्यक्तिगत चरित्रका रूपमा लिन सकिन्छ ।

६) **आसन्नता**

उपन्यासमा भूगोलदेवको प्रतयक्ष सहभागिता रहेको छ ।उनकै विचार अनुसार उपन्यासको उद्देश्य प्रस्तत हुन्छ । त्यसैले उपन्यासमा प्रमुख भूमिका निर्वाह गरेका कारणले उनी उपन्यासको मञ्चीय पात्र हुन् भन्ने कुराा प्रष्ट हुन्छ ।

४.२.२ **जननी**

जननी यस उपन्यासकी प्रमुख नारी पात्र हुन् । भूगोलदेवकी असल धर्मपत्नी तथा घरका सासूससुराकी प्रिय सेविका बनेकी बुहारी पनि हुन् । एउटी धर्मपत्नीमा हुनुपर्ने असल गुण, बुहारीमा हुनुपर्ने असल गुण उनमा विद्यमान छन् । हिन्दू धर्म,संस्कार र परम्परामा एउटी

पत्नी बुहारी र आमामा रहने सबै गुण उनमा रहेको पाइन्छ । आफ्ना सन्तानहरू पर्वतमान, मैदानसिं र हिमालीलाई अत्यन्त मातृस्नेह प्रदान गर्ने जननी बुहारीहरूलाई पनि उत्तिकै माया गर्दछिन् । छोरा पर्वतमानले धर्म परिवर्तन गर्दा उसलाई आफ्नो माटो, धर्म र संस्कृतिको पाठ सिकाउन पति भूगोलदेव जस्तै पछि नपर्ने मौलिक परम्परा बचाउन अगाडि बढ्ने नारी पात्र पनि हुन् । आफ्नो छोरा पर्वतमानलाई सम्झाउने क्रममा भनेको उनको निम्न भनाइबाट व्यक्ति,समाज, देश, कानुन सबैलाई मान्य हुने बाहेकका अमान्य कुरा गर्न नहुने कुरा सिकाउने असल आमाका रूपमा जननीलाई लिन सकिन्छ ।

"व्यक्ति, जाति, धर्म, समाज, देश, कानुन, सबैलाई पच्ने र मान्य हुने पो काम गर्नुपर्छ त, आफ्नो मात्र मोजमस्ती गर्ने, अरूलाई के असर पर्छ भन्ने कुरा चाहिँ ख्याल नगर्ने ! कस्तो नयाँ जमाना आयो ।" (इलामे : २०७२ : ५१)

उपन्यासको प्रथम भागमा आफ्नी वृद्ध सासूको स्याहार सुसारमा रहेकी जननीको दोस्रो भागदेखि पाचौँ भागसमम निरन्तर उपस्थिति रहेको छ । एक इमान्दार कुशल राष्ट्रसेवक इलामवासी भूगोलदेवकी पत्नी जननीमा भूगोलदेवका इच्छा आकांक्षा र प्रयासहरूको अमिट छाप परेको पाइन्छ । उनी उपन्यासमा जन्मभूमिका रूपमा उपस्थित छन् । हरपल आफ्ना श्रीमान्को सेवासु सुसारमा तल्लीन रहने इच्छा पूर्ण होस् भनेर कामना व्यक्त गर्ने एक पतिव्रता नारी हुन् । आफ्नो जेठो छोरा पर्वतमानलाई जात मिल्दो केटी विवाह गर्नपर्छ, आफ्नो धर्म र संस्कारलाई त्याग्नु हुँदैन, बाबुका भनाइलाई पछ्याउनुपर्छ भन्दै सम्झाउने जननी छोराछोरीप्रतिको आफ्नो कर्तव्यबाट कत्ति पनि चुक्न चाहन्नन् । (अधिकारी : २०७३ : ८८)

जननी आफ्ना माता पिता र सासूससुराले सिकाएको उपदेश, नैतिकता, संस्कार र धर्मलाई पालन गर्ने एक असल छोरी तथा बुहारी हुन् । हिन्दू नारी भएका नाताले आदर्श हिन्दू नारी पनि हुन् । आफ्ना पतिका साथ चारधाम घुम्न जाने तथा घरमा बुहारीहरूलाई आफ्नो संस्कार र संस्कृतिको पाठ सिकाउने जननी, स्थिर, अनुकूल असल आदर्श नारी पात्र हुन् ।

जननीलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना र आसन्नताका आधारमा तल चित्रण गरिएको छ ।

**१) लिङ्ग**

लिङ्गका आधारमा जननी यसउपन्यासकी स्त्री चरित्र हुन् । पुरुषप्रधान समाजमा नारीहरूले पुरुषहरूकै पदचापलाई पछ्एजस्तै पति भूगोलदेवका विचारमा उनी पूर्ण सहमत छिन् ।

**२) कार्य**

कार्य/भूमिकाका आधारमा जननी प्रमुख पात्र हुन् । उनले यस उपन्यासमा भूगोलदेव सँगसँगै समहभागिता जनाएर मुख्य भूमिका निर्वाह गरेकी छन् । उनले पनि आफ्ना छोराछोरीलाई भूगोलदेवले जस्तै समाज र संस्कार अनुसार चल्नुपर्ने कुरा सम्झाएकी छन् ।

**३) प्रवृत्ति**

प्रवृत्तिका दृष्टिले जननी उपन्यासमा अनुकूल पात्रका रूपमा प्रस्तुत भएकी छन् । समाजमा चलेको रीतिरिवाज,परम्परा तथा संस्कारलाई छोड्नु हुन्न भन्ने विचारराख्ने जननी हिन्दू धर्म अनुसार आदर्श नारीका रूपमा उपन्यासमा चित्रित छिन् ।

**४) स्वभाव**

उपन्यासको सुरुवात देखि उनको भूमिका रहेसम्म जननीमा एकै किसिमको प्रवृत्ति देखा पर्दछ । उनी जस्तोसुकै अवस्थामा पनि आफ्नो संस्कार, धर्म तथा परम्परा छोड्दिनन् । त्यसैले उनी स्थिर पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएकी छन् ।

**५) जीवनचेतना**

उपनयासमा पतिव्रता नारीका रूपमा प्रस्तुत भएकी जननी भूगोलदेवकोचिारमा सहमति जनाउँदै अगाडि बढेकी छन् । परिवारभन्दा बाहिर गएर समाजमा उनको कुनै भूमिका नभएकाले उनलाई व्यक्तिगत चरित्रका रूपमा चिनिन्छ ।

### ६) आसन्नता

उपन्यासमा जननीले प्रत्यक्ष सहभागिता जनाएकी छन् । त्यस कारणले उनलाई उपन्यासमा मञ्चीय पात्रका रूपमा चिन्न सकिन्छ ।

## ४.२.३ पर्वतमान

पर्वतमान ‘मुलुकभित्र’ उपन्यासको प्रमुख पुरुष पात्र हो । भूगोलदेव तथा माता जननीको जेष्ठ सुपुत्रका रूपमा उपन्यासमा प्रस्तुत भएको पर्वतमान आधुनिक पढेलेखेको तथा सहरिया हावापानीमा हुर्किएको पात्र हो । सानै उमेरदेखि परिवारबाट टाढा रहेर राजधानीको महङ्गो निजी विद्यालयमा अध्ययन गरेकाले आफ्नो वास्तविक पारिवारिक धर्म, संस्कृति, आचारविचार र परम्पराभन्दा फरक रूपमा प्रस्तुत भएको छ । उच्च तहसम्मको शिक्षा प्राप्त गरेको बौद्धिक पुरुषपात्रका रूपमा ऊ चित्रित छ ।

पैतृक सम्पत्ति दह्रो भएका पर्वतमान आजका भौतिक सुविधातिर ढल्किएका विद्यार्थीहरूको प्रतिनिधि पनि हो । सानै उमेरदेखि बोर्डिङ्ग स्कुल र कलेजमा अध्ययन गरेको, कोठामा कम्प्युटर, फ्याक्स, टेलिफो, मोबाइलको सुविधा भएकाले आफ्नी प्रेमिका पहाडीसँग इमेलबाट म्यासेज आदान प्रदान गर्ने, सुरुमा अनुकूल तर पछि प्रतिकूलतातर्फ उन्मुख बन्दै गएको चरित्र हो । आफ्नो धर्म, संस्कृति र परम्परालाई लत्याएर एउटी प्रेमिकाको प्रेममा चुर्लुम्म डुब्दै केदीबन्दी भएर आफ्ना बाबुआमाका अर्तिउपदेशलाई  वास्ता नगर्ने, आफ्नै भाइ मैदानसिंको संवेदनाहीन बनेरमुखसमम नदेखाउने क्रिश्चियन दाइ पर्वतमान उपन्यासको प्रतिकूल चरित्र हो । (अधिकारी : २०७३ : ८९)

बाबु भूगोलदेवको काजक्रियामा समावेश नहुने, आमा जननीको मृत्युमा दुःखबाट पार पाइन् आमा भनेर हाँस्ने, अंश बाँडफाँडको क्रममा बहिनी हिमालीसँग विवाद गर्ने, सभासदमा निर्वाचित भएपछि जनतालाई फोस्रो भाषण सुनाउने, समय रअवसर अनुसार बदल्नसक्ने भएकाले पर्वतमान उपन्यासको गतिशील चरित्र हो । (अधिकारी : २०७३ : ८९)

सधैँ आफ्नो स्वार्थमा रमाउने पर्वतमान व्यक्तिगत चरित्रका रूपमा पनि प्रस्तुत भएको छ । प्रमुखपात्र भूगोलदेव र जननीसँग प्रत्यक्ष संवाद गर्दै उपन्यासमा प्रस्तुत भएकाले उसलाई मञ्चीय पात्रका रूपमा लिइन्छ । त्यसै गरी उपन्यासबाट उसलाई निकाल्दा उपन्यासका घटनाक्रममा असरपर्ने भएकाले उसलाई बद्ध चरित्र भन्न सकिन्छ ।

पर्वतमान विद्यालय तहसम्मको पढाइपछि उच्च शिक्षाको अध्ययन गर्दा आफू बरालिएको पात्र हो । क्याम्पसको पढाइलाई निरन्तर रूपमा पूरा गरे पनि लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गर्न नसकेर अन्य पेसामा लागेर सहरमा जीविका चलाउने सहरिया पात्र हो । कलेजमा पढ्दा अङ्ग्रेजी शिक्षाको प्रभाव तथा साथीहरूको सङ्गतका कारण इसाइ धर्म ग्रहण गर्न पुगेको पर्वतमान धर्म निरपेक्ष राष्ट्रमा धर्म परिवर्तन गर्ने मौलिक हक प्रयोग गर्ने र सोही अनुसारको तर्क आफ्नी आमालाई दिएर चित्त बुझाउने पात्र हो । क्याम्पसमा अध्ययन गर्दा दार्जिलिङ निवासी रहरसिंह लाहुरेकी छोरी पहाडीसँग प्रेमसम्बन्ध गाँस्न पुगेको पर्वतमान सङ्घर्ष गरेर दार्जिलिङमै गएर पहाडीलाई विवाह गरेर काठमाडौँ ल्याउने पात्र हो । यस आधारमा पर्वतमान चोखो प्रेमलाई जगाएर राख्ने मानवीय भाव भएको पात्र हो भन्न सकिन्छ ।

सहरिया परिवेशमा हुर्किएर शिक्षादीक्षा पाएकाले सहरबासी हुने रहरले विदेशिनु परेको यथार्थलाई उसको चरित्रमार्फत उद्घाटन गरिएको छ । उच्च शिक्षाको अध्ययन पूरागरे पनि सैद्धान्तिक शिक्षाले रोजगार दिलाउन नसकेको वास्तविकतालाई पनि पर्वतमान मार्फत प्रस्तुत गरिएको छ । बेरोजगारीहरूको भिडमा रुमल्लिने प्रतिनिधि युवा पात्रका रूपमा रहेको पर्वतमान विदेश गएर परिश्रम गर्ने नेपाली परिश्रमी पात्र पनि बनेको छ । श्रीमतीसँग बस्न नपाउँदा यता श्रीमतीले परपुरुषसँग गरेको व्यवहार उसले थाहा पाएको छैन । विदेशिने युवाहरूको घरको वास्तविकता यसबाट प्रष्ट हुन्छ ।

समयक्रममा पर्वतमान विदेशबाट नेपाल आएर आफ्नो पुर्ख्यौली सम्पत्ति अंश भाग माग्ने र छुट्टिएर गरिखाने पात्र हो । जब आफू बाबु बन्यो तब उसले पिताको जिम्मेवारी बहन गरेको छ । काठमाडौँबाट गाउँ फर्किँदा एक विद्वानले धर्म परिवर्तनसँग सम्बनिधत भइ सोधेको प्रश्नको जवाफ कानुनद्वारा छुट दिइएको भन्दै आफ्ना गहकिला तर्क प्रस्तुत गर्ने विचारशील पात्र पनि हो ।

आमाको मृत्युपश्चात श्रीमती पहाडीलाई गाउँको विद्यालयमा शिक्षिका बनाएर आफू प्रतिष्ठित व्यक्ति बन्ने प्रयास पर्वतमानले गरेको छ । आफ्ना छोराछोरी रोनाल्ड र एलिसालाई काठमाडौँको महङ्गो विद्यालयमा बोर्डस गरी पढाएबाट ऊ बाबु भूगोलदेवजस्तै पात्र हो भन्न सकिन्छ । पढाइलेखाइ राम्रै भएकाले र देश विदेशको अनुभव प्राप्त गरेकाले विस्तारै राजनीतिमा प्रवेश गरेको युवाराजनीतिज्ञ पनि हो। क्रिश्चियन धर्मवलम्बी भएकाले र अत्तरजातीय विवाह गरेका कारणले क्रिश्चियन धर्मावलम्बीले गोप्य रूपमा चुनावमा सहयोग गरेको र अन्य जातजातिहरूले पनिसहयोग गरेकाले चुनाव जित्न सफल राजनीतिक चरित्रका रूपमा उपन्यासको उत्तरार्धमा परिवर्तन भएको पात्र हो । खर्च गरेर चुनाव जित्ने आम राजनीतिज्ञहरूको वर्तमान चरित्र पर्वतमान मार्फत उद्घाटन गरिएको छ ।

चुनावको मुखमा एक विद्वानले जातजाति, धर्म रसम्प्रदायको मतभेदले असर पर्दैन भन्ने प्रश्नको जवाफ पर्वतमानले विद्वत तरिकाले दिएबाट ऊभित्रको विद्वान व्यक्तित्व प्रष्ट हुन्छ । विद्वान व्यक्तिले प्रश्न तेर्स्याएर घाँटी निमोठ्ने प्रश्न गरे पनि डटेर प्रश्नको उत्तर दिई आफ्नो इज्जत बचाउने पात्र हो । चुनावको समयमा क्रिश्चियन पाश्चरले मण्डलीमार्फत आर्थिक सहयोग गर्दा चुनावजित्नेपर्वमान अवसरवादी पात्र हो र पहाडी क्षेत्रमा क्रिश्चियन धर्मको आडमा गरिबहरूको मत किनेर चुनाव जितेर सभासद बनेको पात्र हो ।

पर्वतमानलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना रआसन्नताका आधारमा तल चित्रण गरिएको छ ।

**१) लिङ्ग**

लिङ्गका आधारमा पर्वतमान उपन्यासको पुरुष पात्र हो । उसले पनि परुषप्रधान समाजको मान्यतालाई पछ्याउँदै आफ्नी बहिनी हिमालीलाई कम अंश दिए पनि हुने कुरा गरेको छ । यसबाट ऊ पनि पुरुषप्रधान समाजको प्रमुख तत्वको रूपमा प्रस्तुत भएको कुरा प्रष्ट हुन्छ ।

**२) कार्य**

कार्यका आधारमा पर्वतमान प्रमुख पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएको छ । उपन्यासमा उसको भूमिकालाई हटाइदिने हो भने उपन्यास अपूर्ण रहन्छ । उपन्यासमा उसले सुरुदेखि अन्त्यसम्म आफ्नो भूमिका निर्वाह गरेको छ ।

**३) प्रवृत्ति**

प्रवृत्तिका हिसाबले पर्वतमान प्रतिकूल चरित्रका रूपमा उपन्यासमा देखा पर्दछ । उपन्यासमा उसले धर्मपरिवर्तन गरेर आफ्नो परिवार तथा समाजबाट टाढिने काम गरेको छ भने राजनीतिमा लागेर व्यक्तिगत स्वार्थ मात्र पूरा गर्ने काम गरेको छ ।

**४) स्वभाव**

उपन्यासमा पर्वतमान गतिशील पात्रका रूपमा प्रस्तुत भएको छ । ऊ अरूको व्यवहारमा लागेर धर्म परिवर्तन गर्ने, समाजभन्दा वाहिरगएर जीवन बाँच्ने पात्रका रूपमा उपन्यासमा प्रस्तुत छ ।

**५) जीवनचेतना**

जीवनचेतनाका दृष्टिले पर्वतमानलाई वर्गीय पात्रका रूपमा चिनिन्छ । उसले रोजगारीका निम्ति विदेश गएका युवाको प्रतिनिधित्व गरेको छ । त्यसै गरीउसली राजनीतिलाई कमाइ खाने भाँडो बनाउने वर्तमान नेताहरूको पनि प्रतिनिधित्व गरेको छ ।

**६) आसन्नता**

पर्वतमान नहुँदा उपन्यास पूर्ण हुँदैन । उसले उपन्यासमा सुरु देखि अन्त्यसम्म प्रत्यक्ष सहभागिता जनाएको छ । त्यसैले पर्वतमान उपन्यासमा मञ्चीय पात्रका रूपमा चित्रित छ ।

### ४.२.४ मैदानसिं

मैदानसिं भूगोलदेव र जननीको कान्छो छोरा हो । यस उपन्यासको प्रमुख र महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पुरुष पात्र हो । बाबु भूगोलदेवले अन्य छोराछोरीसरह मैदानसिंलाई पनि काठमाडौँको महङ्गो  विद्यालयमा पढाएका छन् । विद्यालय तहपछि उच्च शिक्षाको आरम्भ भएपश्चात आम राजनीतिक युवाजस्तै विद्यार्थी सङ्गठन खोलेर सङ्गठन कार्यमा लाग्ने पात्र हो । विद्यार्थी राजनीति गर्दा आन्दोलनमा प्रहरीको पिटाइ सहेर लड्ने पात्र पनि हो । राजनीतिमा लागेका कारण राम्ररी पढाइ पूरा गर्न नसक्ने पात्र पनि हो ।

सहरका सुविधासम्पन्न विद्यालयमा पढेको,गाउँघरको रहनसहन, दुःखसुखको अनुभव नगरेको, ४/५ वर्षकोउमेरदेखि नै पढ्ने क्रममा सहरबजारमा दोस्रो मानिसको रेखदेखमा हुर्केको, वर्षौंवर्षसम्म पढ्नेपढाउनेका नाममा मातापिताको वात्सल्य प्रेमबाट वञ्चित रहेको मुलुकभित्र उपन्यासको मञ्चीय पात्र हो । (अधिकारी : २०७३ : ८९)

कथावस्तु अगाडि बढ्दै जाँदा सुरुसुरुका भागहरूमा बन्दहड्तालमा दादागिरी गर्ने, फटाहा केटा साथीहरूको सङ्गतमा लाग्ने, चरेस खाने, नसाकोसुइ लगाई आनन्दलिने, जुवा तास खेल्ने, सोझा सादा द्वन्द्व पीडित केटीहरूलाई केही समय आफ्नै श्रीमती बनाएपछि बेच्नेसम्मको कबार्य गरेको हुँदा प्रतिकूल चरित्रका रूपमा देखा पर्दछ । (अधिकारी : २०७३ : ९०)

बाबुआमाको चारधाम यात्रामा स्याहार सुसारमा तल्लीन रहनु, आफू ससुरालीमा बसेर वृद्ध बाबु बिरामी पर्दा सेवा गर्न नपाएकोमा पछुताउनु, यता बहिनी हिमालीलाई अंश दिने क्रममा छोरीलाई अंश दिने अधिकार नेपाल सरकारले नै दिइसकेको छ त्यसमापनि आफ्नै चेलीबेटीलाई माया ममताले पनि त दिनुपर्छ भन्दै पर्वतमानलाई सम्झाउनु, संविधान सभा सदस्यको निर्वाचनमा सभासदमा उठेर चुनाव अगाडि जनतालाई दिएको विश्वास र सभासद्मा निर्वाचित भई चुनाव जितेपछि पनि जनताको. लोकप्रिय भएको देख्दा लाग्छ मैदानसिं उपन्यासको गतिशील र अनुकूलतातर्फ उन्मुख भएको अनुकूल चरित्र हो । उपन्यासबाट मैदानसिंलाई झिकिदिँदा उपन्यासको संरचना भत्किने भएकाले ऊ उपन्यासको बद्ध चरित्र हो । (अधिकारी : २०७३ : ९१)

घरबाट टाढा रहेर सहरमा सुखसयलका साथमा पढन बसेका कतिपय युवाहरू कुलतमा फस्छन् । मैदानसिं पनि आफ्नो साथीको लहैलहैमा लागेर चरेस र फेन्सिडल प्रयोग गर्न पछि नपर्ने पात्र पनि हो । साथी लालसिंको लहैलहैमा लागेर तास जुवा खेल्दा ऋण लागेर त्यस कार्यबाट पलायन भई नेपाली केटीलाई प्रेमको नाटक गरेर बेच्नलाग्दा प्रहरीले होटलमा छापा मारेपछि भागेर ज्यान जोगाउने पात्रपनि हो । यस आधारमा मैदानसिंलाई कुलतमा फसेका र गैह्र कानुनी काम गर्न पछि नपर्ने बरोजगार युवाहरूको प्रतिनिधि पात्र भन्न सकिन्छ ।

मैदानसिं यसरी भौंतारिरहेको बेला बनारस घर भएकी बहिनी हिमालीकी साथी भारतीसँग प्रेममा फस्छ । भारतवासी नेपाली मूलकी केटी भएकाले बुबाआमाको सललाहबमोजिम मात्र विवाह गर्ने कुरा भारतीले गरेपछि घरमा बुबाआमाको सल्लाह लिएर वनारस नै गएर केटीको हात माग्न पछि नपर्ने पात्र पनि हो ।

चरैतिरबाट हन्डर र ठक्कर खाएपछि भए पनि घरमा आएर बाबुआमासँग सल्लाह माग्ने असल छोराको भूमिकामा पनि ऊ प्रस्तुत भएको छ । मौदानसिं बाबुआमाले विवाह गर्नुपर्छ, घरजम गर्नुपर्छ, आफ्नो धर्म, संस्कृति र परम्परा बचाउनुपर्छ भनेर सम्झाउँदा ज्ञानी भएर मान्ने पात्र पनि हो । त्यस आधारमा मैदानसिं स्थिरनभएर गतिशील पात्र हो । बुबा भूगोलदेव रआमा जननी चारधामको तीर्थ जाँदा बुबाआमालाई लिएर जाने असल सन्तानका रूपमा मैदानसिं उपन्यासको मध्य भागमा देखिएको छ । भारतका महत्त्वपूर्ण तीर्थस्थलहरूको भ्रमणका क्रममा मैदानसिंले आफ्ना बाबुबाट धेरै ज्ञान लिएको छ । भूगोल, हावापानी, रहनसहन तथा जैविक विविधता र पवित्रता सम्बन्धी जिज्ञासा राखेर त्यसको जवाफ प्राप्त गरेबाट मैदानसिं जिज्ञासु स्वभावको पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएको छ ।

भूगोलदेवको राष्ट्रिय एकता र विकासको अवधारणाबाट प्रभावित मौदानसिं विवाहपश्चात जीवनशैली परिवर्तन गर्ने पात्र हो । दाजुभाइको अंशबन्डा पश्चात तराईतिर झरेर नयाँ जीवनशैली  आरम्भ गर्ने पात्र हो । बुबाआमाको मृत्युपश्चात बहिनी हिमाली र आमा जननीलाई घरमा छाडेर पर्वतमानजस्तै छुट्टिएर तराई झरेबाट परिवारप्रति कर्तव्यबोध नभएको गैह्रजिम्मेवारपूर्ण व्यवहार गर्ने चरित्र पनि मैदासिंमा रहेको छ ।

आमाको मृत्युपश्चात तराई झरेको पच्चीस वर्ष पछि निर्वाचन आउँदा तराई क्षेत्रबाट प्रजातान्त्रिक विचार लिएर चुनावमा सहभागी हुने पात्र हो । तराईमा प्रशस्त जमिनको मालिक भएको तथा पढाइलेखाइ पनि भएको हुनाले आफ्नो विद्वान व्यक्तित्व र नेतृत्वका कारण पार्टीबाट टिकट लिएर सभासद् पदमा निर्वाचन लड्ने पात्र हो । हिन्दू धर्मका आडमा चुनावी माहोल राम्रो बनाएर सुरक्षा प्रबन्ध राम्रो गरिदिने आश्वासन दिँदै अगाडि बढ्ने राजनीतिज्ञ पनि हो । चुनाव जितेर सभासद बनेबाट उसको राजनीतिक चरित्र प्रष्ट हुन्छ ।

मैदानसिंको उपन्यासको अन्त्यमा मृत्यु भएको जनाइएको छ । हिन्दू धर्मावलम्बी भएकाले दाजु पर्वतमान र उसको परिवारका कोही आएनन् । यसरी धर्मका कारण एउटै कोखबाट जन्मेका दाजुभाइको सम्बन्ध टुटेको देखाइएको छ । यस आधारमा हिन्दू चरित्र र क्रिश्चियन चरित्रका बीचको द्वन्द्व वर्तमान नेपाली समाजमा देखाइएको छ । यसरी मैदानसिं स्थिर नभएर गतिशील पात्र हो । युवा विद्यार्थी अवस्थामा प्रतिकूल चरित्र देखिए पनि जीवनको उत्तरार्धमा अनुकूल चरित्रका रूपमा उपन्यासमा प्रस्तुत भएको पात्र हो ।

मैदानसिंलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना रआसन्नताका आधारमा तल चित्रण गरिएको छ ।

**१) लिङ्ग**

मैदानसिं उपन्यासको पुरुष पात्र हो । सानैदेखि सहरमा पढ्न बसेको मैदानसिं आफ्नो बाबुआमासँग तीर्थ घुम्न जाँदै आफ्नो धर्म, संस्कारलाई नछोड्ने पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएको छ ।

**२) कार्य**

कार्यका आधारमा मैदानसिं प्रमुख पात्रका रूपमा उपन्यासमा देखिएको छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म भूमिका निर्वा गरेको मैदानसिंलाई उपन्यासबाट हटाउँदा उपन्यासको कथावस्तु हराउने देखिन्छ ।

### ३) प्रवृत्ति

उपन्यासको सुरुवातमा केटी बेच्ने, लागुपदार्थको सेवन गर्ने जस्ता आदत भएकाले प्रतिकूल भूमिकामा रहेको मैदानसिं उपन्यासको अन्त्यमा आइपुग्दा अनुकूल चरित्रका रूपमा प्रस्तुत भएको छ ।

### ४) स्वभाव

उपन्यासको सुरुमा प्रतिकूल भूमिका निर्वाह गर्ने मैदानसिं अन्त्यमा अनुकूल चरित्र अँगाल्न पुग्दछ । त्यसैले उसलाई उपन्यासमा गतिशील चरित्रका रूपमा चिनिन्छ ।

### ५) जीवनचेतना

मैदानसिंले उपन्यासको सुरुवातमा दुर्व्यसनी, केटी बेच्ने पात्रको प्रतिनिधित्व गरेको छ र अन्त्यमा जनताको विश्वास जित्दै चुनाव जित्ने नेताको प्रतिनिधित्व गरेको छ । त्यसैले ऊ उपन्यासको वर्गीय चरित्र हो ।

### ६) आसन्नता

मैदानसिंलाई उपन्यासको सुरु देखि अन्त्यसम्म प्रत्यक्ष सहभागिता जनाएकाले मञ्चीय पात्रका रूपमा चिनिन्छ ।

### ४.२.५ हिमाली

हिमाली पनि यस उपन्यासकी प्रमुख पात्र हो । भूगोलदेव र जननीकी एकमात्र छोरी तथा पर्वतमान र मैदानसिंकी बहिनी हो । ऊ भूगोलदेवले सहरमा राखेर निजी स्कूलमा अङ्ग्रेजी शिक्षा दिएबाट शिक्षित पात्रका रूपमा उपन्यासमा चित्रित छे । स्नातक तहकोपढाइ अगाडि बढाउँदै गर्दा शारीरिक रूपमा परिपक्व भइसकेकी तथा स्वतन्त्र वातावरणमा बस्न पाएकीले इमेल, इन्टरनेटको माध्यमबाट केटा साथी बनाउन थालेबाट सहरमा बसोबास गर्ने विद्यार्थी केटीहरूको दिनचर्यालाई बुझाउने काम उसको चरित्रबाट गरिएको छ ।

सुरुमा अनुकूल चरित्रलाई प्रस्तुत गर्ने हिमाली उपन्यासमा महत्त्वपूर्ण तर प्रतिकूल भूमिका निर्वाह गर्ने पात्र हो । सुरुमा आफ्नो अस्तित्व जोगाइराख्न खेज्ने हिमाली प्रेमकार्कीको बाहुपासमा परेपछि आफ्नो यौनेच्छा पूरा गर्छे तसर्थ ऊउपन्यासकी गतिशील चरित्र हो । उपन्यासको संवादमा प्रत्यक्ष रूपले सहभागी भएकाले मञ्चीय चरित्र पनि हो । हिमालीको चरित्रलाई उपन्यासबाट झिकिदिँदा संरचनामा असर पर्ने भएकाले हिमाली मुलुकभित्रकी बद्ध चरित्र हो । (अधिकारी : २०७३ : ९१)

पढेलेखेका युवतीहरू बेरोजगारीको समस्याका कारण विवाह गर्न ढिलो गर्छन् र मान्दैनन् पनि । हिमाली पनि एम.ए. अध्ययन गर्न थालेर घर आएका बेला विवाहको कुरा गर्दा विवाह गर्न मान्दिन । विवाहको प्रसङ्गमा बाबु भूगोलदेवलाई यस्तो जवाफ दिएकी छ :

"बिहे गर्न मन छैन बुबा । बिहेगरेर धेरै दुःख र झन्झट किन बेहोर्नु र !मैले एम. ए. पास गरेपछि बरु एउटा केही पेसा खोजेर जीवन बिताउनु पर्‍यो । त्यस्तो इच्छा नै छैन । यही जीवनका लागि हो बरु घरै बस्छु केही काम गरेर ।" (इलामे : २०७२)

यस आधारमा विवाह गरेर घरजम गनृ नचाहने स्त्री पात्रका रूपमा हिमालीलाई उपन्यासमा प्रस्तुत गरिएको छ । हिमाली एम.ए को पढाइ पूरा नगरी विदेश जाने तयारी गर्छे । खाडी राष्ट्रतिर नेपाली युवतीहरू जानेक्रम बढेको वर्तमान नेपालीहरूको अवस्थालाई हिमाली इजरायल गएबाट प्रष्ट पारिएको छ ।

विदेशमा नेपाली महिलाहरूले जे पनि काम गर्नु पर्ने हुन्छ । हिमालीले वृद्धवृद्धाको स्याहार गर्ने काम गर्नु परेको छ । इजरायल लगायतका देशमा गएका नेपाली महिलाहरू यौन हिंसामा पर्ने गरेको कुराहि मालीले प्रत्यक्ष देखेको कुरा उपन्यासमा प्रष्ट छ । ताप्लेजुङ जिल्लाको प्रेम कार्की नामको केटासँग हिमालीको भेट र चिनजान भएपछि उनीहरू बीच शारीरिक सम्पर्क हुन्छ । हिमाली नचाहँदा नचाहँदै विदेशमै गर्भवती भई गर्भ पतन गराउन बाध्य हुन्छे । स्वदेशमै विवाह गरेर घरजम नगर्ने र रोजगारको खोजीमा विदेशी भूमिमा पुगेर शरीर कमजोर बनाएर फर्कने पात्र पनि हो ।

विवाह नगरेका छोरीहरूलाई छोरासरह अंश दिएर राख्ने नेपालको कानुन बमोजिम अंश भाग लिएर आमाको स्याहार सुसार गरी घरमै बस्न हिमाली तयार भएबाट उसको एक्लो जीवनको यात्रा स्पष्ट हुन्छ । विवाह नहुँदा जीवनमा दाजुभाइ, भाउजू बुहारी र उनीहरूका सन्तान पनि हिमालीका लागि पराइ बनेका छन् । आम्दानी राम्रो नहुँदा दाजुभाइलाई आर्थिकसहयोग माग्दा पनि सहयोग नपाएबाट दुःखी चेलीका रूपमा हिमाली उपन्यासमा प्रस्तुत भएकी छे । जीवनको उत्तरार्धमा एक्लो बेसहाराको जीवन बाँच्नुपर्दा विवाह नगरेको परिणाम सम्झी पछुताउने पात्रपनि हो । "समयमा नै बरु जे जस्तो भए पनि एक पुरुषसँग वैदिक विधिले विवाह गरेकी भए जोडी बाँधिने रहेछ त्यतिखेर जोडी बाँधिने अर्थ मलाई केही थाहा भएन, त्यो शब्द नै ठट्टा झैँ लाग्थ्यो उरन्ठेउले बेलामा । कसैको कुरा पनि ध्यान दिएर सुनिएन, बुझिएन" भन्ने बोध गर्ने हिमाली आमाबाबुका कुरामा ध्यान नदिँदा मूर्ख र घमण्डी नारी भएको महसुस गर्छे । यसरी उपन्यासले यहाँसम्म हिमालीको चरित्रलाई डोहोऱ्याएर छाडिदिएको छ ।

हिमालीलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना रआसन्नताका आधारमा तल चित्रण गरिएको छ ।

**१) लिङ्ग**

हिमाली यस उपन्यासकी प्रमुख नारी पात्र हो । धर्म परिवर्तन नगरेपनि हिन्दू धर्म,परम्पराभन्दा बाहिर रहेर नेपाली समाजमा अविवाहित महिलाकै रूपमा जीवन बिताउने पात्रका रूपमा हिमालीलाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

**२) कार्य**

कार्यका आधारमा हिमाली प्रमुख पात्रका रूपमा प्रस्तुत भएकी छे । उपन्यासमा परिवारप्रति विद्रोहको भाव राख्ने हिमालीले उपन्यास भरि नयाँ पुस्ताकी नारीको रूपमा आफ्नो भूमिका निर्वाह गरेकी छे ।

**३) प्रवृत्ति**

उपन्यासको सुरुवातमा अनुकूल देखिएकी हिमाली प्रतिकूल चरित्रका रूपमा उपन्यासमा प्रस्तुत भएकी छे । उसले परिवारले भनेको नमानेर आफ्नो जीवन आफैँले तहसनहस पारेकी छ ।

**४) स्वभाव**

स्वभावका हिसाबले हिमाली गतिशील चरित्रका रूपमा देखिएकी छ । सुरुमा मिहनेती विद्यार्थी तथा असल नारीका रूपमा प्रस्तुत भएकी हिमाली पछि आफ्नो जिन्दगीमा विचलित भएकी छ ।

**५) जीवनचेतना**

पुराना पुस्ताका मानिसले गर्ने व्यवहारप्रति असहमति जनाउने नयाँ पुस्ताका महिलाको प्रतिनिधित्व हिमालीले गरेकी छ । त्यसैगरी वर्तमान समयमा वैदेशकि रोजगारीले गर्दा दुःख पाएकी महिलाको पनि प्रतिनिधित्व उसले गरेकी हुँदा ऊ उपन्यासकी वर्गीय चरित्र हो ।

**६) आसन्नता**

हिमालीले भूगोलदेव, जननी, पर्वतमान, मैदानसिं जस्ता प्रमुखपात्रसँग प्रत्यक्ष स.वाद गरेर आफ्नो भूमिका निर्वाह गरेकी छ । त्यसैले हिमाली उपन्यासकी मञ्चीय पात्र हो ।

यसरी मुलुकभित्र उपन्यासका पात्रहरूले वर्तमान समाजमा बाँचेका मिनिसहरूको चरित्र निर्वाह गरेका छन् । हाम्रो समाजका मानिसहरूमा रहेको पुस्तान्तरलाई भूगोलदेवको परिवारले प्रस्तुत गरेको छ । धर्म परिवर्तन गर्ने तथा पुरानै धर्ममा रहने अनि वैदेशिक रोजगारीमा जाने महिला तथा पुरुषहरूलाई पनि उपन्यासले प्रस्तुत गरेको छ । त्यसैगरी प्रवासी नेपालीहरूको जीवनशैलीलाई पनि उपन्यासले प्रस्तुत गरेको छ ।

## पाचौँ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

**मुलुकभित्र उपन्यासमा पात्रविधान** शीर्षकको यस शोधपत्रका अघिल्ला परिच्छेदमा उल्लेख गरिएका मुख्य कुराहरूको उपसंहार र निष्कर्ष यस परिच्छेदमा प्रस्तुत गरिएको छ । शोधपत्रको उपसंहार खण्डमा हरेक परिच्छेदको मुख्य विवेच्य विषयको चर्चा गरिएको छ भने निष्कर्ष खण्डमा शोधको मुख्य प्रप्तिहरूको चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्र पाँच परिच्छेदमा विभाजन गरिएको छ । प्रत्येक परिच्छेदको सारांश यहाँ प्रस्तुत गरिएको छ । **मुलुकभित्र उपन्यासमा पात्रविधान** शीर्षकको शोधपत्रको पहिलो परिच्छेदमा शोधको परिचय प्रस्तुत गरिएको छ । शोध परिचय अन्तर्गत शोधको समस्या र उद्देश्यको निर्धारण, पूर्वकार्यको समीक्षा गरिएको छ । त्यस्तै शोधको सीमा निर्धारण र शोधकार्यका लागि आवश्यक सामग्री सङ्कलन विधि र विश्लेषणको ढाँचाको निर्धारण गरिएको छ ।

दोस्रो परिच्छेदमा उपन्यासकार डि.बी. इलामेको वैयक्तिक जीवन र साहित्यिक यात्राका बारेमा चर्चा गरिएको छ । वि.सं २००९ सालमा यस धर्तीमा प्रवेश गर्नुभएका इलामे पिता खड्गबहादुर वस्नेत रमाता महेश्वरी वस्नेतका माइला छोरा हुन् । यिनको बाल्यकाल आफ्नो घरायसी अवस्था अनुसार मातापिताको पालन पोषणमा ने बितेको थियो । आफ्ना मातापिताकै काखमा बाल्यकाल व्यतित गरेका वस्नेत केटाकेटी अवस्था देखि ने तीक्ष्ण स्वभावका थिए । वस्नेतको बाल्यकालको शैक्षिक वातावरण सुव्यवस्थित रूपमा बितेको पाइँदैन कारण त्यसबेलाको समयमा बिजुली, बाटो, पाठशाला र सञ्चारका विविध माध्यमहरू अत्यन्त कम थिउ साथै मानिसमा पढ्नु र पढाउनुपर्छ भन्ने मानसिकता कम थियो । वस्नेतको परिवारका अन्य सदस्यहरू पनि कोही पाठशाला नजाने भएकाले पढ्ने वातावरण राम्रो थिएन । वस्नेतले १ वर्षको उमेरदेखि मात्र क, ख, पढ्न सुरु गरेका रवि.सं २०२२ सालमा मात्र कक्षा १ मा भर्ना भएका थिए ।

हुने बिरुवाको चिल्लो पात भने झैँ वस्नेतले औपचारिक शिक्षा आरम्भ पश्चात प्रतयेक कक्षामा प्रथम स्थान हासिल गर्दै २०३२ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरे । घरको कमजोर आर्थिक अवस्थाका कारण प्रवेशिका परीक्षा उत्तीर्ण गर्नुभन्दा अगाडि नै नोकरीमा प्रवेश गर्न बाध्य भएका थिए । नोकरीलाई निरन्तरता दिँदै इलामेले वि.सं. २०४९ सालमा स्नातक तहसम्मको अध्ययन पूरा गरेका छन् । स्वअध्ययनका माध्यमबाट पनि धेरै ज्ञानहासिल गरेका इलामे नेपाली भाषाका अतिरिक्त अङ्ग्रेजी रहिन्दी भाषामा पनि दक्ष छन् ।

सादाजीवन र उच्च विचारका पक्षपाती इलामे मिजासिला, सहयोगी, समाजसेवी र साहित्यकारका रूपमा समाजका सबै वर्गका मानिससँग घुलमिल हुन सक्दछन् । इलामे कवि, उपन्यासकार, कथाकार, संस्थापक, अनुवादक रसम्पादक व्यक्तित्वका रूपमा चिनिएका छन् ।

तेस्रो परिच्छेदमा उपन्यासको सेद्धान्तिक मान्यता र परम्पराको चर्चा गरिएको छ । १८२७ मा महाभारत विराटपर्वबाट थालिएको नेपाली उपन्यासको विकासकम हालसम्म निरन्तर रूपले अगाडि बढिरहेको छ । अहिलेसम्म उपन्यासको विकासकमले तीनवटा चरण पूरा गरेको छ । वि.सं. १८२७ देखि १९४५ सम्म प्रथमिककाल, वि.सं. १९४६ देखि १९९० सम्म माध्यमिककाल र वि.सं. १९९१ देखि हालसम्म आधुनिककाल गरीउपन्यास लेखन परम्पराको निर्धारण गरिएको छ । आधुनिक कालअन्तर्गत आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा, आलोचनात्मक यथार्थवादी धारा, मनोविश्लेषणवादी धारा, विसङ्गतिवादी धारा, समाजवादी यथाथृवादी धारा, प्रयोगवादी धारा र नवचेतनामूलक धारा जस्ता विभिन्न धाराहरू रहेका छन् । यी धाराहरूका प्रवृत्तिलाई पनि सङ्क्षिप्त रूपमा यस परिच्छेदमा चर्चा गरिएको छ । यस परिच्छेदमा उपन्यासका तत्वहरूका बारेमा सामान्य चर्चा गरिएको छ । उपन्यासका तत्वहरू कथावस्तु, चरित्र/चरित्रचित्रण, देशकाल वातावरण, भाषाशैली, उद्देश्य/जीवनदर्शन र दृष्टिबिन्दुहरू हुन् ।

यस शोधपत्रको चौथो परिच्छेदमा डि.बी.इलामेको 'मुलुकभित्र' उपन्यासमाप्रयोग भएका पात्रहरूका बारेमा विस्तृत रूपमा अधययन तथा विश्लेषण गरिएको । यसशोधपत्रमा 'मुलुकभित्र'

उपन्यासमा प्रयुक्त पात्रहरूको अध्ययन गर्दा प्रमुखपात्रहरू भूगोलदेव, जननी, पर्वमान, मैदानसिं र हिमालीको बारेमा मात्र अध्ययन गरिएको छ । यहाँ उनीहरूले निर्वाह गरेको भूमिकाका आधारमा वर्गीकरण गरिएको छ ।

'मुलुकभित्र' उपन्यासका भूगोलदेव कार्यका आधारमा प्रमुख पात्रका रूपमा देखिएका छन् । उनी प्रवृत्तिका हिसाबले अनुकूल चरित्रका रूपमा उपन्यासमा प्रस्तुत भएका छन् । जीवन चेतनाका आधारमा हेर्दा उनले व्यक्तिगत  चरित्र उपन्यासमा प्रस्तुत गरेका छन् । उपन्यासका मञ्चीय पात्रका रूपमा प्रस्तुत भएका भूगोलदेव अनुकूल चरित्र भएका पात्र हुन् । उपन्यासकी प्रमुख स्त्री पात्र जननीलाई हिन्दू धर्मकी अनुयायी एक आदर्श नारीका रूपमा चित्रण गरिएको छ । उपन्यासमा मञ्चीय पात्रका रूपमा उपस्थित जननी स्वभावका हिसाबले स्थिर र प्रवृत्तिका आधारमा अनुकूल चरित्र हुन् । उपन्यासमा प्रस्तुत पर्वतमान प्रमुख पुरुष पात्र हो । जीवन चेतनाका आधारमा वर्गीय चरित्रका रूपमा उपस्थित पर्वतमान स्वभावगत दृष्टिमा गतिशील र प्रवृत्तिका आधारमा प्रतिकूल चरित्र हो । पर्वतमान यस उपन्यासमा मञ्चीय पात्रका रूपमा प्रस्तुत भएको छ । भूगोलदेवको कान्छो छोराको रूपमा प्रस्तुत मैदानसिं पनि उपन्यासको प्रमुख पुरुष पात्र हो । प्रवृत्तिका आधारमा अनुकूल चरित्रका रूपमा देखिएको मेदानसिं स्वभावका आधारमा स्थिर चरित्र हो । जीवन चेतनाका आधारमा वर्गीय चरित्रमा प्रस्तुत भएको मैदानसिं उपन्यासमा मञ्चीय पात्रका रूपमा प्रस्तुत भएको छ । भूगोलदेवकी एक मात्र छोरी हिमाली यस उपन्यासकी प्रमुख स्त्री चरित्र हो । प्रवृत्तिका आधारमा प्रतिकूल चरित्रका रूपमा प्रस्तुत भएकी हिमाली स्वभावका आधारमा गतिशील पात्र हो भने जीवन चेतनाका आधारमा व्यक्तिगत र वर्गीय दुबै भूमिका निर्वाह गर्ने उपन्यासकी मञ्चीय चरित्र हो ।

'मुलुकभित्र' उपन्यासका पात्रहरूले पुरानो पुस्ता र नयाँ पुस्ताका बीचको द्वन्द्वलाई प्रस्तुत गरेका छन् । एउटै परिवारभित्र धर्म परिवर्तन गरेर फरक फरक धर्म कायम गर्दा देखिएका समस्यालाई पनि यस उपन्यासका पात्रहरूले प्रस्तुत गरेका छन् । साहरमा पढ्न बस्दा खराब लतमा लाग्ने अनि लहैलहैमा लागेर विदेशी भूमिमा आम्दानीको ठूलो स्रोत भएको देख्ने युवायुवतीहरूले विदेशमा पाएको दुःख र पीडालाई पनि उपन्यासका पात्रहरूले प्रस्तुत गरेका छन् । राजनीतिमा लागेर चुनावका बेला आश्वासन दिने तर देश र जनताका लागि केहीपनि

नगर्ने सासंदहरूको चरित्रलाई पनि यस उपन्यासका पात्रले प्रस्तुत गरेका छन् । यसरी हेर्दा उपन्यास वर्तमान युगीन परिवेशमा आधारित रहेर रचना गरिएको हो भन्ने कुरा स्पष्ट बुझिन्छ ।

# सन्दर्भसूची


- अधिकारी, प्रेमकुमारी, ***साहित्यकार डि.बी.इलामेको मुलुकभित्र उपन्यासको कृतिपरक अध्ययन,*** २०७३ स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम ।
- आचार्य कृष्णप्रसाद र वस्नेत कृष्णबहादुर, ***आधुनिक नेपाली उपन्यास र कथा,*** २०६२, दीक्षान्त पुस्तक भण्डार, काठमाडौँ ।
- खनाल पेशल, ***शैक्षिक अनुसन्धान पद्धति,*** २०६०, प्र.सं. स्टुडेन्ट बुक्स एण्ड स्टेशनर्स, काठमाडौँ ।
- जोशी डा. कुमारबहादुर, ***पाश्चात्य साहित्यका प्रमुख वाद,*** २०३८, पाठ्यक्रम विकास केन्द्र, त्रि.वि., काठमाडौँ ।
- दाहाल र ढुङ्गेल, ***नेपाली कथा र उपन्यास,*** २०६३, एम.के.पब्लिसर्स एण्ड डिस्टिव्युटर्स, काठमाडौँ ।
- बराल कृष्णहरि र एटम नेत्र, ***उपन्यास सिद्धान्त र नेपाली उपन्यास,*** २०५६, साझा प्रकाशन, ललितपुर ।
- भण्डारी गंगादेवी, ***भानुभक्त सिटौलाको आत्मिक प्रेम उपन्यासमा पात्र विधान,*** २०७२, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम ।
- लामिछाने यादवप्रकाश, ***नेपाली भाषा र साहित्य,*** २०५६, विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ ।
- वस्नेत कृष्णबहादुर, ***आधुनिक नेपाली उपन्यास,*** २०६३, दीक्षान्त पुस्तक भण्डार, काठमाडौँ ।
- वस्नेत डिकबहादुर, ***आखिर जिन्दगी*** , २०६६, प्र.सं. इलाम ।
- ————————, ***नदीका दुई किनार,*** २०५२, प्र.सं. इलाम ।
- ————————, ***मुलुकभित्र,*** २०७२, प्र.सं., नीरमाया वस्नेत, इलाम ।
- शर्मा मोहनराज र लुइँटेल खगेन्द्रप्रसाद, ***शोधविधि,*** २०५२, साझा प्रकाशन, ललितपुर ।
- ————————————————, ***पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,*** २०६१, विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ ।
- सुवेदी राजेन्द्र, ***नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,*** २०६४, द्वि.सं, साझा प्रकाशन, ललितपुर ।